प्रज्ञा

त्रैमासिक पत्रिका

वर्ष १३ अङ्क १

४७

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

प्रज्ञा

त्रैमासिक पत्रिका

(साउन, भदौ, असोज)

प्रधान सम्पादक

प्रा० ढुण्डिराज भण्डारी

*

सम्पादक–मण्डल

- भूपी शेरचन
- डा० चूडामणि बन्धु
- डा० तीर्थबहादुर श्रेष्ठ

*

वर्ष – १३ अङ्क – १

पूर्णाङ्क – ४७

२०४१

*

*

प्रकाशक

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

कमलादी, काठमाडौं

वार्षिक मूल्य रू. १५।

एक प्रतिको मूल्य रू. ४।५०

यस अंकमा

विषय	लेखक	पृष्ठ-संख्या
लेख		
१) इन्दीवरको परिचयको पृष्ठभूमिमा 'इन्दिरस'	–शरदचन्द्र शर्मा भट्टराई	१
२) हरिश्चन्द्रविलाप–एक समीक्षा	–ज्ञानमणि नेपाल	१३
३) भोको घर एकाङ्कीमा द्वन्द्व र प्रतीक	–भिक्टर प्रधान	१६
४) स्मृतिको पर्खालभित्र: एक मनोविश्लेषण	–डा० मुरारिप्रसाद रेग्मी	२८
५) महायानको उत्पत्ति	–भुवनलाल प्रधान	३३
६) लेखनाथ जन्म-शताब्दी समारोह समितिको विवरण	–प्रस्तोता– रमा शर्मा	४४
७) दरबार स्कूल, मोतीराम भट्ट र पाको पोखल्डचाङ	–रमा शर्मा	५०
८) 'वामनो ह विष्णुरास'	–प्रो० ढुण्डिराज भण्डारी	५८

गतिविधि–

हाम्रो भनाइ–

(प्रकाशित रचनामा अभिव्यक्त विचारहरू लेखकका आफ्ना निजी हुन्)

राष्ट्रनायक श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव

संरक्षक

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

इन्दीवरको परिचयको पृष्ठभूमिमा 'इन्दिरस'

–शरदचन्द्रशर्मा भट्टराई

श्री मदिन्दीवरेश्वरो जयति

"श्रीमद् महागणाधिपतये नमः ।।
नमस्ते धारणायस्य लोकः कुशलमीहते ।
तं सिद्धिवुद्धि संहितं वन्दे हेरम्वमादरात् ।।१।।
श्री . . . . कौशिक जलैर्धवलैश्चरित्रैर्दुग्धाम्बुधं लसितः कलाभि : ।।
ज्योतिर्निधिर्बिवुघ संसदि कीर्तनीयो, गोरक्ष राजदयितो जनि बालकृष्ण : ।।२।।
पत्न्याममुष्य तनयो दमयन्ति नाम्न्यामिन्दीवरो भवद्गुहार गुणाभिराम : ।
राधेति या मतिमती दयतास्य पत्नी तस्यामजायत सुतः शिवराम शर्मा ।।३।।
. . . (ई) श्वर तां प्रपन्ने ताते प्रयाणकृति मातरि तत्गतीव ।।
पत्न्यां च दैववशतोपि दिवंगताया मिन्दीवर : सकल शर्मकर स्वभाव : ।।४।।
. . . तां प्रियमवाप्य शिवाय दद्यात्संभावयन् शिवमपार मिहेति विद्वान् ।।
स्थानं धरापति समर्पित मेतदुच्चैस्वर्गलि . . . नर्महितं व्यधत्त ।।५।।

माथिका पाँच श्लोक इन्दीवरले आफ्नो नाममा इन्दीवरेश्वर महादेबको प्रीति गरी सं. १८७४ सालमा नैकाप पुरानो भञ्ज्याङमुनि मूलबाटाको[1] उत्तरतर्फ गठडोलमा स्थापना गरेको शिवालयमा राखिएको शिलापत्रमा उत्कीर्ण

---

१. वर्तमान नैकाप नयाँ भञ्ज्याङ भएर थानकोट जोड्ने बाटो पछि नै बनेको हो, पहिलेको चालू मूल बाटो नैकाप पुरानो भञ्ज्याङ भएरै जान्थ्यो ।

गरिएका तेह्र श्लोकमध्येका शुरुका श्लोक हुन् । यी श्लोकले इन्दीवर को हुन् भन्नेबारे उति परिचय नदिए पनि उनी गोरखाराजमा सन्मान पाएका ज्योतिर्विद् बालकृष्णका छोरा रहेछन्, उनकी आमाको नाम दमयन्ती रहेछ, उनकी पत्नी राधाबाट उनका छोरा (शिव) रामशर्माको जन्म भएको रहेछ, अनि कालक्रममा माता-पिता एवं पत्नीको मृत्यु भएपछि उनले कथित शिवालयको स्थापना गरेका रहेछन् भन्ने जस्ता कुरामाथि निश्चय पनि प्रस्तुत श्लोकले प्रकाश पार्दछन् नै । साथै परिशिष्ट 'अ' मा दिइएका आठ श्लोक र तिनको लगत्तपछि दिइएको भाषा गद्यमा पनि इन्दीवरले शिवालयको अतिरिक्त त्यहाँ बनाइएका धर्मशाला, धारा, पर्खाल, बगैंचा आदिका सुरक्षा-संभार एवं नित्य-नैमित्य पूजा-आजा, सदावर्त, दान-दक्षिणा आदिका सुसंचालनका निम्ति के-कस्ता व्यवस्था-बन्देज गरेका रहेछन् भन्ने कुरा पनि थाहा हुन्छ ।

उल्लिखित शिवालयको पश्चिमतर्फ रहेको धर्मशालाको[२] पूर्वतर्फको भित्तामा भएको सानो शिलापत्र (परिशिष्ट 'आ') बाट बालकृष्ण ज्योतिर्विद्का छोरा इन्दीवर पनि वरिष्ठ ज्योतिर्विद् रहेछन् र उनी कौशिक गोत्र (त्रिप्रवर-विश्वामित्र-देवरात-औद्दल)का पूर्विया ब्राह्मण रहेछन् भन्ने थप जानकारी मिल्दछ । यिनी थरले रेग्मी रहेछन् भन्ने कुरा चाहिं परिशिष्ट 'इ' मा रहेको १८६५ सालको अभिलेखबाट खुल्दछ । श्री ५ गीर्वाणबाट १८६३ सालमा वेलकोटको तिगाउँमा जग्गा पाउने इन्दीवर जोशी (रेग्मी) सो समयसम्ममा खरदार भइ सकेका रहेछन् भन्ने कुरा पनि त्यही अभिलेखबाट स्पष्ट हुन्छ ।

'भक्तविजय काव्यम्' (१८२६)मा कवि ललितावल्लभले 'ज्योतिर्ज्ञखद्योतक राजहंस'[३] भनी चिनाइएका बालकृष्ण (जोशी) बडामहाराज श्री ५ पृथ्वी नारायण शाहका प्रख्यात चार ज्योतिषी (कुलानन्द जैसी ढकाल, भानु जैसी अर्याल, रामकृष्ण जैसी अर्ज्याल, एवं बालकृष्ण जैसी) मध्येका एक ज्योतिषी हुन् भन्ने कुरा उनको उल्लेख वंशावलीहरूमा विभिन्न प्रसंगमा भएकोबाट स्पष्ट हुन्छ, तर कतै पनि उनको थर जनाइएको नहुंदा उनी कुन थरका हुन् भन्नेबारे अहिलेसम्म अन्योल नै थियो । ललितावल्लभको लेखाइअनुसार स. १८२६ भन्दा अघि नै ज्योतिषी एवं खरिदार (खटिकाधर)का रूपमा प्रख्यात भइसकेका बालकृष्ण जोशी पृथ्वीनारायण शाहको सेवामा कहिलेदेखि लागेका हुन् भन्ने कुरा थाहा नभए पनि नेपालको एकीकरणको अभियानअन्तर्गत उपत्यकाको विजय अभियानमा उनी श्री ५ पृथ्वीको पछाडि लागिसकेका थिए भन्ने कुरा थाहा

---

२. शिलापत्रमा उल्लिखित धारा, बगैंचा, पर्खाल, घण्ट आदिको अस्तित्व आज हराइसकेको भए पनि कलात्मक झ्याल-ढोकाले युक्त धर्मशाला भने आज पनि पुरानो गौरवगाथाको गवाही दिने रूपमा खडा छँदैछ र आज त्यसमा स्थानीय माध्यमिक विद्यालय चल्दैछ ।

३. ज्योतिर्ज्ञखद्योतक राजहंस श्री बालकृष्ण : खटिकाधर सः ।
भैषज्य शास्त्राम्बुजराजहंसो महेश्वरो वैद्यवरः स्मृतः सः ॥१२॥

हुन्छ[4]। सं. १८१४ को कीर्तिपुर-आक्रमणका निम्ति मात्र होइन पछिल्ला आक्रमणका निम्ति पनि उनले साइत दिनुपरेको थियो । उनले निकालेको साइतमाथि कुलानन्द ढकाल र रामकृष्ण जोशीले अनपत्यार गरेको कुरा[5] माथि विचार गर्दा अन्य ज्योतिषीहरूका दाँजोमा उमेर र ज्ञान दुवैमा उनी अलि कच्चै थिए कि भन्ने अनुमान हुन्छ। त्यतिखेर उनी तीस वर्षको भए पनि उनको जन्म १७८४ सालतिर भइसकेको अन्दाज गर्न सकिन्छ। परिशिष्ट 'ई' मा रहेको सं. १८७५ को अभिलेखले जनाएअनुसार उनले श्री ५ बडामहाराजाधिराजबाट नेपाल अम्वल भएपछि जागीरस्वरूप काठमाडौं वंगलटोल (इन्द्रचोक) स्थित ठठुलायकु सरकारिया घरपसलसमेत पाएका थिए भन्ने देखिन्छ। १८३१ सालतिर उनी पूर्व-विजयको अभियानमा लागेका अभिमानसिंह, पारथ भंडारी आदिको दलका साथमा विजयपुरतिर देखापर्दछन्[6]। १८७५ सालको अभिलेखले दर्शाएअनुसार उनी १८३८ सालमा कुशेश्वर (दुम्जा) मा पुरश्चरण गर्न गएका देखिन्छन् भने १८५८ सालमा उनी काशीवास गर्न गएको थाहा हुन्छ।

बालकृष्ण जोशीका साधना र चमत्कारी व्यक्तित्वलाई लिएर अनेकौं किम्वदन्ती प्रचलित छन्। उनका पिता-पुर्खा को हुन्, कहाँका हुन् भन्ने कुरा अहिले अज्ञात छन्। तर पूर्व-पश्चिम सबैतिरका रेग्मीहरूका विभिन्न शाखाहरूमा अहिले प्रचलित भइरहेका समान किम्वदन्ती-विश्वासतर्फ दृष्टि दिंदा रेग्मीहरूको आदि थलो एउटै र त्यो थलाहर वा थलहरा हुनुपर्ने देखिन्छ। पछिका पुख्यौंली स्थान अलग अलग हुन जानु स्वाभाविकै हो। अहिले नीलकण्ठ जोशी (जयशर्माका छोरा) र बालकृष्ण जोशीका सन्तान नुवाकोट जिल्लाको बेलकोट अन्तर्गत पर्ने नाङ्लेवाङ वा तिगाउँलाई आफ्नो पुख्यौंली एवं कुल देवताको पूजाको ठाउँ मान्दछन्। इन्दीवर जोशीले तिगाउँमा १८६३ मा बिर्ता पाएको कुरा पनि यहाँ स्मरणीय हुन्छ।

बालकृष्ण जोशी एवं दमयन्तीका छोराको रूपमा इन्दीवरको जन्म कहिले भयो, उनको विस्तृत जीवनवृत्त के-कस्तो थियो अनि उनको मृत्यु कहिले भयो भन्ने जस्ता अनेक कुराको अझै खोजी गर्नु बाँकी छ । आफ्ना पिताको तालीमबाट उनी वरिष्ठ ज्योतिर्विद् भएकै थिए। पिताले जस्तै १८६३ सालभन्दा

---

४. इतिहासकार श्री ढुण्डिराज भण्डारीले आफ्नो 'नेपालको आलोचनात्मक इतिहास' (२०२७, तृतीय खण्ड, पृष्ठ १८) मा "कीर्तिपुरमाथि प्रथम आक्रमण हुनुभन्दा पूर्व चौबीसी राज्यका बासिन्दा एक ज्योतिषी पृथ्वीनारायण शाहको समक्ष आएका थिए।" भनेका ज्योतिषी बालकृष्ण ज्योतिषी नै हुनुपर्छ।

५. बाबुराम आचार्य, 'श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी' (भाग ३, पृष्ठ ४४८)

६. पूर्ववत्, पृष्ठ ६२५

अघि खरिदारी मान पाइसकेका इन्दीवरमा अन्य व्यावहारिक ज्ञान पनि भएक हुनाले होला उनले राजदरवारमा खरिदारीको प्रशासनिक ओहदा पाएको देखिन्छ। सं. १८५८ मा आफ्ना पिता काशीवास जाँदा संभवत: उनी पनि सँगै गएका हुँदा हुन्। काशीमा बस्दा उनले शिक्षा-दीक्षा पनि पाएकै हुनुपर्छ। सं. १८६० को अन्त्यतिर श्री ५ रणबहादुर शाह (स्वामी महाराज) काशीबाट नेपाल फर्किंदा इन्दीवर उनको पाउ रखबारी गरी फर्केको कुरा परिशिष्ट 'ई' को अभिलेखबाट थाहा हुन्छ। उनले खरिदारीको मान पनि संभवत: त्यसै ताक पाएको हुनुपर्छ। उनी १८७६ सालमा श्री ५ राजेन्द्रको तहसिल-तहविलमा थिए भन्ने कुरा श्री ५ राजेन्द्रले जनरल भीमसेन थापालाई उनको तैनाथीका कंपुका जागीरदारहरूका खर्चको फार्खती गरी लेखिदिएको लालमोहरबाट थाहा हुन्छ।[7]

सं. १८७४ सम्ममा आफ्ना सेवा र योग्यताले दरवार रिझाएर अनेकन् मान एवं दान पाई ऐश्वर्यशाली भइसकेका इन्दीवर जोशीले आफ्नो नामको अमरता एवं आत्मिक सुखका निम्ति १८७४ सालमा इन्दीवरेश्वर महादेवका नाममा गुठी राख्दा श्री ५ राजेन्द्रबाट पनि जग्गा प्रदान गर्नुका अतिरिक्त सो गूठीको सुसंचालनका निम्ति शिवालयमा राखिएको शिलापत्रकै भाखा-बन्देज दर्शाउने ताम्बापत्र सं. १८७५ मा गरिबक्सेको थियो।[8] उल्लिखित शिलापत्रको तल बीचमा भक्तका रूपमा इन्दीवर र उनकी पत्नी राधादेवीका र दायाँ-वायाँ दुई छेउमा (शिव)राम शर्मा र लेखध्वजका नाम जनाई मूर्ति कुँदिएका छन्। (शिव)राम शर्माको जन्म राधा देवीबाट भएको कुराको उल्लेख सो शिलापत्रको तेस्रो श्लोकमै भएको छ। लेखध्वज पनि इन्दिवरकै ल्याइते पट्टिका छोरा हुन् भन्ने कुराको जानकारी चाहिं निजका वंशधरहरू (धोबीधाराका इन्जिनियर लक्ष्मणप्रसाद जोशी र चावेलका बलराम रेग्मी) वाट पाइएको हो। सं. १८५६ मा नुवाकोटको भैरवी मन्दिरमा १०४ थान वतासे घण्ट चढाउने लेफ्टेन लेखध्वज खत्री क्षेत्री[9] यदि इन्दीवरकै छोरा नै हुन् भने त्यस्ता समर्थ छोराको वावु वन्ने इन्दीवरको जन्म सं. १८१४ भन्दा अगावै भइसकेको हुनु पर्न देखिन्छ।

अघि-अघि नेपाली समाजमा 'इन्दीवर' भन्ने नाम प्रचलित नाम नै रहेछ भन्ने कुरा पुराना सामग्री हेर्दा वुझिन्छ। निजामती किताव खानाको सं.

---

७. 'पुरातत्व पत्र-संग्रह', दोस्रो भाग, अभिलेख संख्या ८४

८. सो ताम्बापत्रको भाका झण्डै पचलीमा लक्ष्मीदेवीले स्थापना गरेको 'लक्ष्मीश्वर' महादेवको मन्दिरमा रहेको अभिलेख ('शाहकालका अभिलेख, प्रथम भाग, संख्या १५८) सँग मिल्द छ। सो ताम्बपत्रको लेखोट झण्डै पाँचहात लामो भएकोले यहाँ दिन संभव भएन। यसलाई राष्ट्रिय अभिलेखालयमा कौसीतोसाखानाबाट प्राप्त सामग्रीअन्तर्गत खाम नं. १०८ मा हेर्न सकिन्छ।

९. 'शाहकालका अभिलेख', पहिलो भाग, अभिलेख संख्या ८५.

१९०७ को ढङ्गामा टानाको जमादारमा इन्दीवर दवाडी देखा पर्दछन् भने शिखरनाथ सुवेदीको 'थरगोत्र प्रवरावली' मा 'जैसी बाहुनको प्रादुर्भाव' शीर्षक प्रकरणमा विन्ध्यवासिनीमा नेपाली धर्मशाला बनाउने सुब्बा इन्दीवरको चर्चा गरिएको पाइन्छ। यी इन्दीवर निकै पछिका हुन्। इतिहासमा प्रसिद्धि पाएका ज्योतिर्विद् बालकृष्ण जोशीका छोरा खरदार इन्दीवर रेग्मी भने भीमसेन थापाका समकालीन व्यक्ति हुन् भन्ने कुरा माथि अभिव्यक्त भएको वेलिविस्तारबाट पनि स्पष्ट हुन्छ। प्राप्त अभिलेखहरूका आधारमा इन्दीवर रेग्मीलाई जे-जति रूपमा चिनाउन सकिन्थ्यो, चिनाइयो। उनको परिचयको अर्को पाटो पनि हुनु संभव छ तर त्यो पाटोमाथि प्रकाश पार्ने सामग्री अहिले हामीसँग छैन। यसैले उनी नेपाली भाषा-साहित्यका साधक पनि थिए भन्न अझै उनीबारे खोजी गर्नु आवश्यक पर्छ।

इन्दीवर रेग्मीको समय, उनको कुल-परम्परा, शिक्षा-दीक्षा एवं उनले भोगेको परिवेश समेतलाई विचार गर्दा उनी नेपाली साहित्यको इतिहाससित पनि गाँसिन गएका थिए कि भन्ने अनुमान गर्न नमिल्ने होइन। 'इन्दीवर' भन्ने शुद्ध र शिष्ट शब्दलाई देख्नासाथ र एक ऐतिहासिक व्यक्तिका रूपमा इन्दीवर रेग्मीको अस्तित्व फेला पर्नासाथ कता-कता उनी नै नेपाली साहित्यको प्राथमिक कालको सिरानमै स्थान पाउँदै आएका 'इन्दीरस' नामधारी कवि त होइनन् भन्ने पर्न जान्छ, 'इन्दिरस' नामधारी कविको अशुद्ध नामको सम्झना हुन्छ, जुन अज्ञात कुलशीलका कविलाई चिनाउन आजसम्म कतै कुनै संकेतक सूत्रको सानो छेस्कोसम्म पनि पाउन सकिएको छैन।

'व्रज त बेस् बन्यो तिम्रि जन्मले...' बाट 'गोपिका स्तुति' को शुरू गर्ने 'इन्दिरस' लाई सर्वप्रथम बाबुराम आचार्य (१९४४–२०३०) ले आफ्नो 'पुराना कवि र कविता' (२००३) को थाप्लोमै स्थान लिएर प्राथमिक कालीन कविहरूमा मूर्धन्य गराउन खोजेको भए पनि इन्दिरस को हुन्, कहाँका हुन् र कहिलेका हुन् भन्ने प्रश्न अझै पनि हाम्रा लागि रहस्यमय प्रश्न बन्न छोडेका छैनन्। त्यतिखेरको खोजको सीमितताले गर्दा 'इन्दिरसको न समय थाहा पाइएको छ न जीवनवृत्तान्त। पण्डित वीरेन्द्रकेशरी अर्ज्यालका भनाइअनुसार 'गोपिकास्तुति' यिनैले बनाएको हो' भन्नुमै बाबुराम आचार्यको कथ्य सीमित हुन गएको थियो। यस दिशामा आज पनि खोजीको सीमा फराकिलो हुन सकेको छैन। जहाँसम्म 'इन्दिरस' नामको चर्चाको प्रश्न छ, वीरेन्द्रकेशरी अर्ज्याल (१९०८–'८८) बाटै पाएको सूचना-स्रोतको आधारमा कृष्णचन्द्र अर्ज्याल र वैजनाथ सेढाइँले पनि 'गोरखा भाषा' (१९७४) मा 'इन्दिरस लगायत अन्य तीन पुराना कवि (विद्यारण्यकेशरी, वीरशाली र रघुनाथ) का पाएसम्मका परिचय र रचना अर्को आवृत्तिमा दिने कुरा जनाएकै हुन्। 'भाषासप्तरत्न' का पछि-पछिका संस्करणमा 'गोपिकास्तुति'-का उन्नाइस श्लोक समाविष्ट गरिएका देख्दा शुरुको संस्करणमा पनि सो रचना छापिएको थियो कि भन्ने अनुमान हुन्छ, 'रामगीता भाषा' (१९४७) मा देखिएको

विज्ञापनको आधारमा 'भाषासप्तरत्न' १९४७ सालभन्दा अघि नै प्रकाशित भइसकेको हुनुपर्ने देखिन्छ। सो संस्करण हाल उपलब्ध नहुँदा त्यसमा 'गोपिका स्तुति' छापिएकै भए पनि त्यसमा रचयिताको नाम जनाइएको थियो वा थिएन, अहिले केही भन्न सकिंदैन।

वैद्यराज अब्जनाभ ओझाले १९४९ सालमा छपाएको 'गोपिकास्तुति र भाषा' मा अहिले इन्दिरसका हुन् भन्ने गरिएका उन्नाइस श्लोकबाहेक थप सोह्र श्लोक पनि पाइएको र ती समग्र श्लोक राष्ट्रिय अभिलेखालयमा रहेको 'गोपीरक्षा' (पु० सं० च. १०६४) कै समरूपका भएका आधारमा इन्दिरसको नामखातामा थप सोह्र श्लोक थप्नु पर्ने हुन्छ भन्ने र अब्जनाभ ओझा रचयिता नभएर प्रकाशक मात्र हुन् भन्ने कुरा यस पंक्तिको लेखकले अन्यत्र[10] दर्शाइसकेको छ। अब्जनाभ ओझाले रचयिताको नाम नदिए जस्तै सं. १९५३ मा विश्वराज-हरिहर शर्माले छापेको 'भाषासप्तरत्न' मा पनि 'गोपीका स्तुति' को रचयिताको नाम जनाइएको नदेखिंदा सम्भवतः त्यतिखेरसम्ममा 'गोपिका स्तुति' को रचयिताको नाम विस्मृत भइसकेको थियो कि भन्ने अडकल गर्नलाई ठाउँ रहने देखिन्छ। अहिलेसम्म पाइएका 'गोपिका स्तुति' वा 'गोपीरक्षा' का पुराना लेखोटहरूमा पनि रचयिताको नाम फेला पार्न नसकिएको कुराले पनि यही तथ्यको पुष्टि गर्न खोज्दछ।

शुद्ध अशुद्ध जुन रूपमा होस्, वीरेन्द्रकेशरी अर्ज्यालले दिएको सूचनाअनुसार नै आज हामी 'गोपिकास्तुति' का रचयिता इन्दिरस हुन् भन्ने मान्दछौं। वीरेन्द्रकेशरी अर्ज्याल जस्ता विद्वान्लाई इन्दीवर र इन्दिरसमा रहने भेद थाहा नहुने कुरै थिएन। रेग्मीपरिवारसित अर्ज्यालपरिवारको वैवाहिक सम्बन्ध थियो र विद्यारण्यकेशरी रेग्मीहरूका मामा पर्दथे भन्ने जानकारी[10] समेत पाइएको आधारमा विद्यारण्यकेशरीका भतिजा पर्ने वीरेन्द्रकेशरीलाई इन्दीवर रेग्मीबारे संभवतः केही ज्ञान पनि हुँदो हो, अथवा समयको अन्तरालले गर्दा जानकारी नहुन पनि सक्छ। यदि जानकारी भएकै भए उनले 'गोपिकास्तुति'-का रचयिता इन्दीवर हुन नभनेर 'इन्दिरस' हुन भनी किन बताए भन्ने कुरा एकातिर जानी नसक्नु पहेली बनेकै छ भने अर्कोतिर्फ समयको ठूलो अन्तरालले गर्दा कविको नाममा भएको विकृतिलाई सच्च्याउनु उनको बसभन्दा बाहिरको कुरा भएकोले होला श्रुतिपरम्परालाई नै मान्यता दिएर लोकमा प्रचलित हुन गएको 'इन्दिरस' भन्ने नामलाई नै उनले मान्यता दिएको पनि हुन सक्छ। बाबुराम आचार्यले आर्श भनाइलाई पत्याउनै पर्‍यो, यसैले उनी 'इन्दिरस' भन्ने नामको शुद्धता अशुद्धताबारे कुरा सोच्नपट्टि लागेनन्। हुन पनि 'इन्दिरस' भन्ने नाम अशुद्ध भएपनि लोक जिब्रोमा त्यो त्यसरी नै रत्तिन गएको पनि हुन सक्छ जसरी

---

१०. 'पहिला भक्तकवि इन्दिरसको 'गोपीरक्षा', 'जिज्ञासा'–१ (२०४०)

१०. नीलकण्ठ जोशीका सातौं पुस्ताका लक्ष्मणप्रसाद जोशीले दिएको जानकारीका अनुसार

कि अपभ्रंश रूपमा धवलको धौलु, करुणाकरको कर्णाखर, शिवरामको स्युराम, देवऋषिको द्यौरिखी, देवपालको देउपाल, जयकृष्णको, जैकृष्ण, यशवन्तको जसीवन्त जस्ता अनेकौं नामलाई प्रचलनले ग्राह्य र प्रिय बनाउन संभव भए झैं कविको शुद्ध नामसितभन्दा निजको रसिलो रचनासंग सर्वसाधारणको बढी चासो रहने कुराले पनि रचयिताको वास्तविक र शुद्ध नाम (इन्दीवर) लाई भ्रष्ट र विस्मृत गराउँदै लगेर 'इन्दिरस' मा परिणत गर्नु पनि संभव देखिन्छ भने कालान्तरमा कविको नाम बिर्से पनि नीजको रचनाले जनमानसमा स्थान पाइरहेकै हुनाले त्यो लुप्त हुनबाट बच्न गएको पनि हुन सक्छ। अहिलेसम्म पाइएका कुनै पनि पुराना लेखोट र मुद्रित 'गोपिकास्तुति' मा रचयिताको नाम गुम रहनुमा यस्तै विस्मृतिको संभावनालाई ठाउँ मिल्न सक्दछ भने 'गोपिकास्तुति' को इन्दिरस छन्दले दिएको रस (इन्दिरा रस) लाई नै मुख्य महत्त्व दिएर जन साधारणले 'इन्दिरारस' लाई छोटयाएर त्यसको दाता वा रचयिताकै नाम पनि इन्दिरस पार्न र ठान्न थाल्यो कि भन्ने संभावना पनि देखा पर्न सक्छ।

'गोपिकास्तुति' को कुनै पुरानो लेखोटमा इन्दीवर वा इन्दिरस भन्ने नाम फेला पार्न नसकेसम्म इन्दिरस वा इन्दीवर भन्ने नामको रहस्य मेटिन गाह्रै छ। 'गोपिकास्तुति' रच्नेले अरू पनि रचना रचेकै हुनु पर्ने हो, त्यस्ता रचना पाए पनि तुलनात्मक अध्ययन गरेर केही निचोड निकाल्न सजिलो पर्ने थियो; त्यो कुरा पनि अहिले संभव भएन। इन्दीवर ले स्थापना गरेको शिवालयमा रहेको शिलापत्रमा पाइएका तेह्र श्लोक संस्कृतका नभएर नेपालीका भएका भएपनि केही तुलना हुन सक्दथ्यो। संस्कृतमा श्लोक रच्न सक्नेले भाषामा श्लोक रच्न नसक्ने कुरै थिएन। इन्दीवर विद्वान् बाबुका छोरा थिए, आफै पनि पठित व्यक्ति थिए, देश-परदेश पनि गरेकै थिए। विद्यारण्यकेशरी जन्मेताक उनी वयस्क भएर खरदार भइसकेका थिए। उनका समकालीन र उही परिवेशका वाणिविलास पाँडे (१८१२-१६०१), वैयाकरणकेशरी, दैवज्ञकेशरी, रामभद्र, उदयानन्द कवि बन्न सकेका थिए भने इन्दीवर रेग्मीले भागवत दशम स्कन्धको एउटा अंशको अनुवाद गर्न नसक्ने कुरै थिएन। सबै कुरा इन्दीवरका पक्षमा नभएका होइनन्, तैपनि शोध धर्मले प्रमाण नै खोज्दछ, जुन अहिले प्राप्य छैन। यसैले अहिलेलाई संभावनाकै कुरालाई लिएर इन्दिरस र इन्दीवर एकै व्यक्तिका अशुद्ध र शुद्ध नाम मात्र हुन्, फरक दुई व्यक्तिका नाम होइनन् कि भन्ने स्थापनासम्म यहाँ प्रस्तुत गर्न सकिन्छ। कथंकदाचित् अशुद्धै नाम भएपनि इन्दीवर भिन्न 'इन्दिरस' भनिने अर्कै कवि व्यक्ति देखापर्न गएछ भने पनि ऐतिहासिक व्यक्तिका रूपमा रहेका इन्दीवर जोशीलाई पहिलो पटक चिनाउन गरिएको विनीत चेष्टा अर्घेलो ठहरिनेछैन, निरर्थक हुनेछैन; आखिर इतिहासकै दृष्टिले पनि बालकृष्ण जोशी एवं उनका छोरा इन्दीवरलाई चिन्नु जान्नु महत्त्वकै विषय हुन सक्छ।

परिशिष्ट

(अ) शिवालयको शिलालेखको उतार

हेरम्ब विष्णु गिरिजा रवि मूर्तिवर्येदिव्यैः श्रितं गिरिश लिङ्गमिहाभिरामम् ॥
शीतांशु शेखर गृहंललितं बृषेण, प्राकारराजिवलितं शिव पुष्पबाटी ॥६॥
वापी स्फुरन्मधुर शीतल वारि धारा, शाला चयोयजन शर्म कृते विशाला ॥
पक्वेष्ट कोपल चितांगण मार्ग भागः विभ्राजते सकल मेत दुदात्त वन्धम् ॥७॥
इन्दीवरेश्वर हलाहकृतेव नाम्ना सम्पूजितः पशुपतिः करुणार्द्र चेताः ॥
पूजांविधाय इतसंसृति सर्वबाधा मस्मिन्कुले शिवतमा दृश मादधातु ॥८॥
पूजोपचार नियमाय विसारि धान्यं क्षेत्रं निधाय सजलं कृतसीम रेखम् ॥
निर्माण मेतदखिलं कृत वास्तपूजा सम्यक्प्रतिष्ठित मधाच्छिति कण्ठतुण्टयै ॥९॥
नन्दानल स्वर सुधाकर १७३९ संमिते ऽब्दे राकाख्यया क्षितितले प्रथिते समन्तात् ॥
शुक्रावलक्ष दलं गीष्पतिवार युक्तं शंभोस्थिथौ विरचिता सकला प्रतिष्ठा ॥१०॥
पुत्रादयो नृपतयः सुहृदस्तथाप्ताः इंन्दीवरेण विहितां सुकृतव्यवस्थाम् ॥
स्नेहामृतंकरुणाया परिसिच्यकाले कीटान्विधूय तुलसीमिव पालयन्तु ॥११॥
वेदाश्वकुंजर धरा १८७४ मिति भाजिवर्षे संवत्येन जनताभिरुदीर्यमाणे ॥
कृष्णाष्टमीधिषण संगति भाग्धनिष्टे ज्येष्ठाभिराम समये विहिता समाप्ति ॥१२॥
क्षेत्रस्य विनियोगोस्य नित्ये नैमित्तिकेर्चने, उत्पन्नधान्यानुसारी भाषया लिख्य दर्शितः ॥१३॥

१६. इति श्री सम्वत् १८७४ ज्येष्ठ कृष्ण अ–
१७. ष्टमीका दिन इन्दीवर जोशी रेग्मीले नंकापमा स्थापित गऱ्याका– १– का नित्य नेमित्य पूजा र देवालय, पौवा, हिटी, सत्तल पाटि
१८. पोपरीका संभार मर्म्मत गर्नाकिन मछेगाउ ॥ अम्वलमध्ये अफल खेत मुरि । २२ चपि भुल षेत मुरि । ३३ भुटिंपासि षेत मुरि ।१०।५ दयेवषि भुलषेत मुरि ।७।११ नैंकाप भंज्याङ मनि डोलछि
१९. गठडोल षेत मुरि । १४ ... ॥ संकल्प गरि गुठि चह्लाञा. यस षेतको बालि घ्यू खानीका आमदनीले
२०. ताम्वापत्रमा लेषीया बमोजीमका... पर्व पर्व र नित्य नैमित्य पूजालाई चाहिन्या सराजाम पूजा गर्न्या ब्राह्मण १ गुठि षे–
२१. तको तरदुद तलास गराइ... बालि घ्यू बानि गैह्र तहसिल गरि चाहिन्या षर्चलाई बिक्री गरि षरिद गर्न्या
२२. पूजा गैह्रको सराजाम
२३. पुऱ्याउन्या गुठियार जना २ झारु बढारु गर्न्या १ पौवामा बसन्या १ ज्मा जना ५ ले ताम्वापत्रमा लेषिया बमोजीमको टहल आफु आफुलाई लायाको एकचित्त गरि रूजु भै गर्नु गुठियारले वर्ष दिनको नित्य नैमीत्य पूजा गैह्र

२४. वर्षप्रति ज्येष्ठ अष्टमीका दिन वर्षबन्धन पूर्णिमा प्रति रुद्री वैशाख कृष्ण अमावस्याका दिन पौवामा सर्वत पुवाउनु श्रा-

२५. वण महिनामा ब्राह्मण ४ लाइ षीर रोटी ... भोजन र दक्षिणा ।। १ को नित्त पूजा रुद्री गर्नु. शिवरात्रीमा- १- का पूजा र रू

२६. द्री दीप माल्य ... ब्राह्मण अतीत अभ्यागतलाई सिधा दिनु. -१- लाई वैशाख ज्येष्ठ महिनामा जलधारा चह्लाउनु

२७. ... गर्नुलाई चाहिन्या सराजाम गेंह्र समयमा षरीद गरि ताम्वापत्रमा लेष्या माफीक कत्ती नघटाई लाउनु ।। साल पुग्या प-

२८. छि गुठीयारले षतका बालीको आमदनी षर्च बुझी बाँकी रह्याको भला मानीस साक्षी राषी वहिमा लेषी जगेरा रापनु.

२९. ... मध्ये देवालय. पाटि. पौवा. सत्तल. हिटि. पोषरी. पर्षाल भत्क्या चुह्यामा बनाउनु. दैवाधिन पऱ्याका समयमा गुठि ...

३०. चलाउनु -१- .... लेष्या बमोजीमका घटाइ लोभ लालचमा पस्या पंच महापा

३१. तक लाग्ला. यथोक्त गरि काज गर्नामा पस्या पंच महायज्ञको पुण्य होला ।। यस कामको गुठियार थव-

३२. हीलको रामनारायण नेवार १ न्ह्योखा टोलको वहादुर सिं नेवार १. इ दुइ जनाको सन्तान द

३३. र सन्तानले गुठि चलाउनु, पुजाहारि ब्राह्मण पौवामा बसला झारू ब-

३४. ढारू गर्न्या ई तीन जनालाई देवताको टहल पुऱ्याउन्या मा-

३५. नीस बढिया ठहराई वी... कामकाज गराउँदाको डीठा थाइमरू टोलको मनिनारायन नेवार य-

३६. स्का संतान दर संतानसँग सल्लाह गरि मा ...... (ढुंगा चोइटिन गएका ठाउँ भएका अस्पष्ट भएका अंश छोडिएका छन् । यसभन्दामुनि भक्तहरूका अक्षर मूर्ति कुंदिएका छन् ।)

(आ) धर्मशालाको भित्तामा रहेको संस्कृत शिलापत्र

श्री मदिन्दीवरेश्वरो जयति

१. ओम स्वस्ति श्री सम्बत् १८७४ ज्येष्ठे मासि कृष्णे पक्षे अष्टम्यां तिथौ धनेष्टा नक्षत्रे प्रीति

२. योगे वृहस्पतिवासरे बालव करणे मेष राशि गते सूर्ये वृश्चिक राशिगते देव गु

३. रौ मकर राशि गते चन्द्रमसि एवंविध समस्त शुभ समये श्री कौशिक गोत्रो-

४. त्पन्नस्य विश्वामित्र देवरात औद्दले ति त्रिप्रवरस्य बालकृष्ण ज्योतिर्विद् व-

५. रस्व तनुजेन, इन्दीवर शर्म ज्वोतिर्विद्वरिष्टेन. ईश्वर प्रीतये श्री मदिन्दीव-

६. ऐश्वरादि– पञ्चायतन– देवता विलसित– देवालय– धर्मशाला– वारि–
धारा
७. पल्वलालपविश्रामालय– पुष्प–वाटिका– शिलापट्ट– घटित–मार्गेष्टिकार
८. चिताजिर– प्राकाराभिराम– विपुल–घण्टा– नाद– नादिता कृतिरियं संपाद्यो
९. त्सृज्य तदुपसृज्य तच्च देवता–नित्य–नैमित्तिकार्चने तत्सकल– कृति– र–
१०. क्षोपयुक्तिः समधान्योत्पत्ति यत्किञ्चिदधिक सप्तविंशत्युत्तर शत–
११. भूरि–लौकिक–प्रमाण–परिमितं क्षेत्रम् ।। एतत्क्षेत्रोत्पन्न–धान्यादि विक्र–
१२. य– लब्ध– द्रव्यस्य देवता– पूजादि– सकल– कर्म सुविनियोगः स्थूल
शिलापत्र विलि–
१३. खित व्यवस्थया ससन्तति मणिनारायण संमत्या ससन्तति रामनारायण ब–
१४. हादुराभ्यां कर्त्तव्यः ।। अत्रेयं प्रार्थना ।।
१५. ...पुत्रादयो नृपतयः सुहृदस्तधान्येः इन्दीवरेण विहितां सुकृतव्यवस्थाम् ।।
१६. स्नेहामृतं करुणया परिसिच्य काले कीटान्विधूय तुलसीमिव पालयन्तु ।।१।।
१७. श्री शाके १७३९ शुभम् भूयात् ।।

इन्दीवर शर्मा राधादेवी

(इ) जग्गादानबारे ताम्बा पत्र

श्री दुर्गा सहाय १.

श्री दुर्गा भवानी

श्री बूबाज्यू,

श्री ५ गीर्वाणको प्रशस्ति,

आगे परिदार इन्दिवर रेग्मि के सम्वत् १८६३ साल ज्येष्ठ वदि ४ रोज ३ का दिन ...... का सुद्ध शान्तिमा संकल्प भयाका षेतमध्ये मुरि पचास ५० घडचारी रोपनि ३॥. श्रो सम्वत् १८६३ साल मिति आश्विन सुदि १२ रोजका दिन हाम्रा जन्मोत्सवमा संकल्प भयाको षेतमध्ये षेत मुरि ४० घडचारि रोपनि २॥. कुश डल्लो संकल्प बिर्ता वितलप मोहर तांवा पत्र गरि बक्स्यौं. यसमध्ये वेलकोटको अम्वल तिगौंमध्ये यकल्या षेत मुरि ६० तस्को सांध पूर्व मिश्र बाहमणको जफति षेत षोलसिको लुंहकिल दषिन रैकर कुला माथिका अवलाका रूपको लुंहकिल पश्चिम साक्र्या षोलसिको लुंहकिल उत्तर वेत्यानि षोलाको दोभान लुंहकिल हर्फे केउऱ्यानि षेत मुरि छविस २६ तस्को सांध पूर्व केउऱ्यानि षेत लुंहकिल दषिन कुला माथिका चिलाउन्याका रूप मनिको लुंहकिल पश्चिम पहरा मनिको लुंहकिल उत्तर दुई षोल्सीका दोभानको लुंहकिल दर्फे घडचारि तिगौंमध्ये रोपनि ६।- षेतमा नपुग्याको मुरि ४ को पाषो डेढो बढाई मुरि ६ समेत तस्को सांध पूर्व रैकर डिलको सांध लुंहकिल दषिन रैकर पांटी लुंहकिल पश्चिम बाटो लुंहकिल उत्तर ज्याविर पनिआको रूप रैकर लुंहकिल

येति चार किल्लाभित्र पत मुरि वयानव्य ९२ घडचारि रोपनि ६।. कुश विर्ता वितलव जानि सन्तान दर्सन्तान पर्यंन्त सुष भोग्य गर. यो विर्ता बक्सदा संकल्प वाक्य पन्र्हा प्रोहित यदुनाथ अर्ज्याल पानि हाल्न्या काजि भिमसेन थापा. साँध लगाउन्या धरधर रण सिं राना. विरभद्र बोहोरा. काशिराम पंडित श्रीनिधि पंथ. भवानि संकर अर्ज्याल. भानुपाध्या षनाल. भास्कर पाध्या. कृष्णानन्द पाध्या रिमाल. डंगोल धनवन्त. महंत सिं सिजु. अम्वलि नन्दु पाध्या थरि दुवल पाध्या. रतन पाँडे. जसिमन्त तेवारि, श्री राम पाँडे, महिपति. छोस्या लामा. हर्क्या मिझार, चार किलाभन्दा अर्ध्याले वित्त वारले नचापनु, विना तक्सिर्सर्कार-बाट न हर्नु. जो यस बन्देजमा रहोईन सो यस श्लोकमा भन्याको पातकि होला

स्वदत्त . . . . जायते क्रिमी ।

ईति सम्वत् १८६५ साल मिति भाद्र वदि ५ रोज शुभम् ।

(राष्ट्रिय अभिलेखालयमा रहेको कौसीतोसा खानाको सामग्री, खाम नं. ६८३.)

(ई) घर पसलको भोग कायम गरेको बारेको ताम्वापत्र

श्री कुशेश्वर ३. काशी ६. श्री देवी ८.

श्री जिज्यु बाज्या पृथ्वीनारायण साह १.

श्री बाज्याज्यू रणबहादुर साह ४.

श्री जिज्यू बज्या राजेन्द्रलक्ष्मी २.

श्री बुवाज्यू ७.

श्री गुरु स्यामलाल मिश्रज्यू ५.

प्रशस्ति श्री ५ राजेन्द्रको

आगे इन्दीवर जोशीके अघि तिम्रा बाबा वालकृष्ण जोसीलाई नेपाल अम्वल भयापछि –१– बाट काठमाडौं वंगल टोल ठठुलायकु सर्कारीया घर पसल समेत जागीर गरी बक्स्याको १२ वर्षसम्म वेहारी बसी चलन भयाकोमा संग्रामसिं माधवसिं नेवारले घरका देल्लानेराका पसल २ हाम्रा सुना बिर्ता हुन् भनी बिन्ति गरी लालमोहर गराई कचकच गर्दा तिम्रा बाबाले –२– का हजुरमा वेवरा बिन्ति पुन्याउंदा अघिदेषी आजतक वेहोन्याको थामी बक्याकं छ. तिमी दुमजा –३– मा दुरश्चरण गर्न जाउ भनि हुकुम हुँदा. दुमजा गैं पुरश्चरण गरी सकि आया पछि संवत् १८३८ साल आषाढि संक्रान्तिका दिन पुरश्चरणको दक्षिणा– ४–बाट संकलप गरी घर कचवच पन्याको संग्रामसिं माधौं सि नेवारका पसल समेत विर्ता गरो बक्स्याको. तस्को साध पूर्व टौढीक उदासको घर र सहर बाटाको साध दक्षिण ढुङ्गाको देवल र बाटाको साँध पश्चीम सहर मैदानको

सांध उत्तर मुग गल्लीको सांध एति चार किल्ला भित्रको घर षा ११ जवा ३ चोक पाताल षा ६ जवा १ हात १॥. तिनै पट्टीका पसल षा. १० जवा ३ हात १५॥. पाताल षा ३ जवा १ हात २॥. संकल्प हुदाका रूजु ५ काजी अभिमान सिं बस्न्यात. न्याय केशरी पंडित. पानी हालन्या देवान बलभद्र साह संकल्प गराउन्या जज्ञश्वर पुरोहीत रघुनाथ पंडित. हरिकृष्ण वैद्य. सधियार छेभडेल हरिवंश उपाध्या. अधिकारी जयकृष्ण थापा. जैभद्र बोहोरा. काशि पाध्या उंनाल. सत्येधर रेग्मी. विजयानन्द पाध्या वासकोटा. नापन्या कर्मिनाईक्या धनसिरि कृष्णारांहरू गै सांध सिवाध गरी विर्ता भयाका १६।१७ वर्षपछि डिठ्ठा साढचा वैद्य सीत संग्राम सि को छोरो देवीदासले हाम्रा सुना विर्ता लालमोहर गरी बक्स्याको वलमिच्या भनि अघि भयाका मोहर देषाइ पसल वहाली गरेछ. ५८ सालमा तिम्रा वावा -६- बास गर्न जानालाई हजूरमा बिदा हुदा -७- बाट अघि बिर्ता बक्सदा. सांध किल्ला भीत्र पऱ्याका घर पसल थामी बक्सेको छ. छेभडेल घरघर जाई बाहाली चलाई देउ भनि हुकुम हुदा थरघर जेठा वुढा लक्ष्मिदास पंथ-दल्या थापा. मैदानी सभापाली अनर्थ डिठ्ठाबाट आयाका जन विन्नुर्रसि १ धनवंन्त १ चिगटि १ अघिका सांध सिवाध बमोजिम देवीदास गैह्र नेवारहरूले वाहाली गऱ्याका पसल समेत सांध घुमी बहाली चलाइ दियाको रहेछ. फेरि नेवारहरूले मिच्याछन्. पछि -४- का पाव रषवार -६- बाट तिमी आउंदा अघि बक्स्या बमोजिम नेवारहरूले जफत् गऱ्याका पसल समेत बक्स्यैंको छ. वाहाली चलाई देउ भनि श्री जनरल भिमसेन थापा काजी दल भजन पाडेलाई हुकुम हुँदा सर्दार भैरवसि बस्न्यातलाई षटाई -८- दत्त कंपनीका हुदा सिपाही पठाई वहाली भयाको रहेछ. अघि सांध सिवाध भया बमोजिम आज तक षाई चर्चि आयाको घर देवीदास गैह्र नेवारहरूले सुना विर्ताको मोहर तारपत्र छ भनि कचवच गऱ्याका पसल समेत सच्याई विर्ता घर पसलको मोहर गरी बक्स्याको ताम्रापत्र गरी बक्स्यौं. आफ्ना पातीर्जमा सीत घर पसल संतान दरसंतानसम्म बिर्ता जानी भोग्य गर। इती सम्वत् १८७५ साल मिती पौष वदि ४ रोज ४ शुभम-

(राष्ट्रिय अभिलेखालयमा रहेको कोसीतोसा खानाको सामग्री. खाम नं. ११३)

हरिश्चन्द्रविलाप – एक समीक्षा

– ज्ञानमणि नेपाल

हरिश्चन्द्रविलाप नामक खण्डकाव्यको कथावस्तु, कविता रीति र भाषा पनि हामीले एकसरो हेरिसक्यौं । अब यसका बारेमा अलिकता उहापोह गर्नु आवश्यक ठानी यो कलम अघि बढाउँदैछु । हरिश्चन्द्रविपाल नामकरण यस काव्यको गरिएको भए तापनि हरिश्चन्द्रलाई परेको डरलाग्दो विपत्ति देखाइएको भए तापनि खुद हरिश्चन्द्रको मुखबाट विलापका कुरा निकालिएका चाहिं छैनन् । यसबाट नायकको धर्म धीरोदात्त हुनुलाई निपट्याएको देखिन्छ । कथा पनि नौलै छ । रामचन्द्रको कथाबाट शुरू हुन्छ । हरिश्चन्द्रको चरित्रमा गएर टुङ्गिन्छ । रामको कथा आधा जति छ, अर्थात् सीता हरिएपछि खोज्दै जाँदा राम-लक्ष्मण अगस्ति ऋषिको आश्रममा पुग्छन् र सीता सम्झेर विलौना गर्छन् । त्यस बेला ऋषि हरिश्चन्द्रको कथा ल्याएर रामको चित्त बुझाउँछन् । राज्य हरिंदा छोरा स्वास्नी बेचेर आफू पनि बेचिएर परगृहदासी हुँदा हरिश्चन्द्रले रामको भन्दा बढी दुःख विपत् झेल्नु परेको कुरा दर्शाएर । राजा हरिश्चन्द्रले राज्य सबै दान गरेर विदेशिन्छन् । उनीसँग दानप्रतिष्ठा गर्ने धन कानाकौडो रहेको थिएन । दानप्रतिष्ठा नदिए श्राप गर्छु भन्दै विश्वामित्र दपेटा लाउँदै आउँछन् । एक सय भार सुन दानप्रतिष्ठामा दिनु पर्नेमा सो उपर गर्न आफ्नै रानी छोरालाई ६० हजार भार सुनमा बेच्न खोज्छन् । त्यस बेला एउटी कुट्टिनी वेश्याहरू साथ आई मेरा घरमा पाँच सय पुंचिका (वेश्या) छन् । तिनमा तिमी प्रधान नायिका बन, ऐश्वर्य भोग गर, धेरै पुरुष रमाऊ, राजपुत्रहरूसँग खेल भनी । मदना रानीले दुष्कर्म गरी द्रव्यार्जन गर्ने वेश्यावृत्तिमा ल्याउने उसको आशय जानी कुट्टिनीलाई भाग यहाँबाट तेरो पैसा चाहिंदैन भनी हकारिन् । कुट्टिनीले पनि गाउँ डुलुई तँ पनि त वेश्यै होस् भन्न लागी । 'म सती रहिछु भने दुष्ट कुट्टिनीको नाक कान तत्काल

भरोस् भनेर मदनाले गालो दिइन् । नभन्दै त्यतिखेरै बाँदर आएर कुट्टिनीका नाक कान लुछेर लग्यो ।

यसरी रानीको सतीत्व धर्ममा अडिग विश्वास र परपुरुषको मनोरञ्जन गराएर पैसा बटुल्ने वेश्या पेशाको तिरस्कार गरेका कुरालाई कविले सतीत्व धर्मको प्रभाव देखाउन पनि नयाँ कल्पना गरेका हुन् । केटी बेच्ने वेश्या पालेर पैसा कमाउने प्रथालाई पनि यसले संकेत गर्दछ । पुराणहरूमा रानीका मालिक अग्निशर्मा बाहुनको चित्त निर्दयताको चरमसीमामा पुगेका देखाइएको छ । पुत्रशोक परेकी रानीलाई पनि घर धन्धा सकाएर बाह्र बजे राती मात्रै बाहुनले विदा दिएका छन्, राती रानीले जङ्गलमा एक्लै डाँको छोडेर रोएको आवाजले ब्युँझिएका गाउँलेहरू जम्मा भएर उत्सुमा रानीलाई बालक टोक्ने वेश्याको रूपमा आँकेर दण्ड दिन राजदरबारको सामु पुऱ्याउँछन् । यो पौराणिक कथा हाम्रो सामाजिक स्थितिमा मेल खाने खालको छैन । न त नेपाली बाहुन आफ्ना कमारा कमारीहरूमा यस्तो निर्दयी अशुभ व्यवहार गर्न अघि सर्दथे, न त नबुझी एक्कासी कसैले एउटी अबलालाई बालक टोक्ने बोक्सीका रूपमा उभ्याउन सक्तछ, न त सर्पले डसेर मरेका आफ्नो छोराको शोकले व्याकुल बनेर डाँको छोडेर रोएकी बिचरी बेचिएकी रानीलाई अर्काको छोराछोरी खाने बोक्सी भन्ने असम्भव अभियोग लाएर सोझा गाउँले मानिसहरूले दण्ड दिन भनी निर्दयताका साथ राजदरबार पुऱ्याए भन्ने कुरा नै पत्याउन सकिन्छ, न त त्यस्तो बेवकूफ गाउँले समाज हाम्रो नेपालमा पाउन सकिन्छ । त्यस कारण हाम्रो नेपाली समाजमा मिल्दो पाराले लेखिएको यस काव्य-कथामा अग्निशर्मा बाजेको चित्त अति कोमल दयालु देखिन्छ, उनी पुत्रशोकले व्याकुल बनेकी विलौना गर्दी रानीको चित्त बुझाउँछन्, गङ्गाकातीर हरिश्चन्द्र घाटमा लाश लान स्वयं मलामी बनेर रानीको मद्दतगार बन्दछन्, दशाहादि काजक्रिया गराउँछन् । पुराणमा भने जस्तो रानीमा डङ्किनी बनेको बोक्सेरोको अभियोग लागेको कुरा यसमा छैन । बरु हाम्रो समाजमा मिल्दो जुल्दो पाराको अभियोग जोडिएको छ– एउटा दुसाध राजमहलबाट रानीको गहना चोरेर भाग्छ, पकडाउ पर्ने डरले भाग्दै आउँदा गङ्गामा खस्को हाल्न लागेकी रानीलाई देख्ने बित्तिकै गहना गुरिया त्यहीं हुऱ्याएर हिड्छ । गुहारेहरूले दसीसाथ रानीलाई फेला पार्छन् र चोरीको अभियोग लाएर दण्ड दिन राजाका हजूरमा पुऱ्याउँछन् । यो कथा समाजमा मिल्दो-जुल्दो पनि छ । एउटी अबलालाई विनासित्ती बोक्सेराको अभियोग लाएर दण्ड दिनु अनुचित ठानिएको छ । दुसाधको बजहबाट रानीलाई चोरीको अभियोग लाग्नु उचित र नेपाली समाजमा चलेको रिवाजमा मिल्दो-जुल्दो पनि छ । कसरी निर्दोष अबला सिधासाधा जनता अनैतिक राज कर्मचारीका फन्दामा फस्तछन्, अविवेकी शासक कसरी निरपराध जनतामा नबुझी दण्ड दिन पनि अघि सर्छन् भन्ने कुराको पनि दिग्दर्शन यसले राम्ररी दिन्छ । पुत्रशोकले आकुल-व्याकुल बनेकी बिचरी एउटा अबोला-अबलामाथि एक अग्निहोत्री ब्राह्मण त्यस्तो कठोर गर्हित अशुभ व्यवहार गर्न तत्पर थिए भन्नु

विलकुल अनुचित कुरा थियो। यसमा हाम्रो समाजमा मिल्दो पाराको लास परेको सुन्नासाथ सबै कामकाज छाडी मलामीमा दौडिहाल्ने परम्परागत नेपाली समाजले अंगालेको कुरा अग्निशर्मा आफ्ना घरमा बसेका नोकर रोहिताश्वको मलामी हुनुले स्पष्ट प्रकट गरेको छ। अन्त्यमा राजा हरिश्चन्द्रले आफू एकलै कुनै ब्रह्मलोक वैकुण्ठलोकको सुख आनन्द भोग्न नचाहेर आफ्ना जन्मभूमिलाई नै स्वर्ग बनाएर सारा प्रजालाई सुख आनन्द दिएको कुरा सर्वथा स्मरणीय र घत लाग्दो पनि छ।

यस सानो खण्डकाव्यले नेपाली समीक्षकले स्थिर गरेका केही मान्यताहरू पनि परास्त हुन्छन्। भारतमा वैष्णवसम्प्रदाय भित्रै पनि रामाश्रयी र कृष्णाश्रयी बेग्ला-बेग्लै धारा चलेका थिए। तिनमा कोही रामाश्रयी भने कोही कृष्णाश्रयी। यसैको अनुसरण गरी नेपाली समीक्षकले यहाँ पनि दुई पन्थ देखाउने कोशिश गरेका छन् र भानुभक्तलाई मर्यादापुरुष रामचन्द्रको लोकोपकारी गाथा नेपालीमा गाउने रामाश्रयी कविका रूपमा दरेका पनि छन्, त्यस्तै रामकृष्णको नाउँ नेपाली कवितामा दर्नेमा पहिला कवि गुमानी पन्त हुन् पनि भनेका छन्। यस काव्यको प्रकाशनबाट यी कुरामा कुनै तुक नभएको भन्ने कुरा देखिन आउँछ। पृथ्वीनारायणकै समयमा लेखिएका केही कविताका पङ्क्तिले पनि रामकृष्णलाई कोट्याएका छन्। अध्यात्मरामायणको झर्रो नेपाली भाषामा भानुभक्तभन्दा पहिलै अनुवाद हुन लागिसकेको थियो। अरू पनि गद्य-पद्य धेरै प्राप्त हुँदै छन्। यस्तैमा यो सानो हरिश्चन्द्र-विलाप पनि एक नमूना हो।

यसको भाषा वनावटी हो कि सकली हो यसमा शङ्का गर्नु पर्ने कुरा मैले उठाएको छु। रचना मिति ठीकसँग थाहा नपाई यसै भन्न भएन। तर पनि एकीकरण पूर्वको लेखाइमा भने केही साम्य देख्ता यसको निर्माण पर्वतराज्यकालमै भएको भन्न सकिन्छ। नेपाली भाषामा प्रयुक्त हुने क्रियापद विभक्तिले पनि यसलाई नेपाली भाषाबाट वाहिर पाटो लाउन त सकिँदै-सकिँदैन।

लाइ, ले, देखि, का, स, आदि नेपाली विभक्ति स्पष्ट छ। भये, भयो, भन्ना, थिञा, आयो, पायो, पाञा देख्या पाउदैन दियम् (दियौं) दिये, आइपुग्यो, छोडेम् (छोड्यौं) ली आउँछ होला, पायो, चल्ये आदि क्रियापद पनि नेपाली प्रयुक्त छन्। शब्द पनि नेपाली भाषाका झर्रा खालका छन्।

अवहट्ठ भाषामा उकारान्तबहुल पदको प्रयोग पाइन्छ। यसको प्रभावले पुरानो नेपाली कुरामा उकारान्त शब्द प्रयुक्त हुन्थे। बालुनका यसका उदाहरण प्रशस्त पाइन्छन्। यसको भाषा पनि त्यही रूपको छ। हकु तनु एकु राजु आदि पद यहाँ पाइन्छन्। द्वितीया विभक्तिमा 'कन' का ठाउँमा कम्‌को प्रयोग पनि पाइन्छ। सिञ्जाका मल्लराजाका ताम्रपत्रमा संस्कृतमा जस्तै उत्तम् द्वितीया विभक्तिमा प्रयुक्त भएको देखिन्छ। यहाँ संस्कृतमा जस्तै अरूको ठाउँमा कम प्रयोग पनि छ। जस्तै—

"आफ्ना सुतकं राजु दियं हमुकं वनीवास पठाइ अर्थात् आफ्ना छोरालाई राज्य दिइन्, हामीलाई वनीवास पठाइन् भन्ने मीठो भाव व्यक्त गरिएको

छ । कम् कन वा लाईका अर्थमा आएको छ । कतै पुराना ताम्रपत्रमा जस्तै अम्को मात्रै प्रयोग पनि नभएको होइन 'हरिचन्द्रं कुरुक्षेत्रं हृदयकं' आदि रूप पनि पाइन्छन् । त्यस्त यसमा आएका नेपालीभाषाका पुराना खालका प्रयोग पनि पठनीय छन् । जस्तो– तितिस्कोटि रखवालो जोधा चौकी वनेल थकित स्वना युत विरानि दानपतिष्ठा विपता चाकरी पतृया कौडी वाती छली चह्री महतारी बावा मुहुडा साचा दौरी ल्यँज्याई जाइ दुसाध गुहारे आदि । तेरा आदि । तेरा मेरा एस्की एही तेही आफ्ना आफै साहु हजुर तयार फुल टिप्ता अभागिनी लोमिनी दाजु भाइ दाहिना मुर्दा मालुम गाउँ सबदर भाइ भडार आदि विशुद्ध आजकालका जस्ता नेपाली पद पनि प्रशस्तै छन् । यसरी यो कविता तात्कालिक बोलीचालीको स्थानीय भाषामा लेखिएको थियो भन्ने कुरा नै यी माथिका पद-प्रयोग हेर्दा हामीलाई भन्न कर लाग्दछ ।

यसै सन्दर्भमा अर्को महत्त्वपूर्ण कुराको सूचना पनि हामीलाई मिलेको छ । हामीले रामचन्द्र जोशीलाई लिपिकरको रूपमा उभ्याउन खोज्यौं, त्यसलाई कितापको अन्तिम पंक्तिले पनि पुष्टि दिएजस्तो लाग्छ । त्यसमा—

'हरिचरण गुण गाउँ लक्ष्मीनारायेन रातदिन भरि' भनेर यसका रचनाकारको रूपमा लक्ष्मीनारायणलाई त उभ्याएको होइन ? राग भजन दोहाहरूमा अन्त्यको चरणमा रचनाकारको नाम कतै सार्थक कतै द्व्यर्थक पारी घुसाउने परम्पराले पनि यही कुराको बढी सम्भाव्यता प्रकट हुन्छ । यसो भएमा यो कृतिका कर्ता लक्ष्मीनारायण बाजे र यसको लिपिकर अर्थात् सार्ने लेखकका रूपमा पछिका रामचन्द्र जोशीलाई चिन्न सकिन्छ, औ यसको रचनाकाल पनि लिपिकालभन्दा धेरै पहिले पर्वतको मल्लराज्यकालमा त्यहाँ चलेको तात्कालिक बोलीचालीकै भाषामा भएको भन्ने माथिको कुरामा पनि पुष्टि मिल्न आउँछ ।

यो कृति पाएपछि यसलाई मैले सरसर्ती पढें । रामचन्द्र हरिश्चन्द्रका कथामा आधारित भए पनि यो कथा एक किसिमको नौलो लाग्यो । नेपाली साहित्यको एउटा नौलो राम्रो नमूना मिल्यो औ यसमा मौलिकता रहेछ भन्ने आभास पनि भयो ।

रामको राज्य हरियो, ऐश्वर्य हरियो, राजपाट मात्रै होइन घरवार छोडेर देशै त्यागेर उनले वनीवास लाग्नुपर्‍यो । वनमा वस्ता पनि उनले कहिलै चैनको सास लिन पाएनन् । सुखशान्ति मिलेन । शत्रु लागे । काखकी स्वास्नी हरेर वैरीले लगिदियो । यस्ता विपत्तिमा परेका पत्नी खोजिहिंडेका रामचन्द्रलाई सम्झाउन ऋषि अगस्ति अघि सरे । पहिले भएका राजा हरिश्चन्द्रको उपाख्यान ल्याएर रामको चित्त बुझाउन लागे । रामले भन्दा राजा हरिश्चन्द्रले औधी दुःख पाएको उदाहरण दिए । रामले त पितृ-आज्ञाको पालन गरेर खुशीराजीले नै भाइ भरतलाई राजपाठ सुम्पेर वनीवास लाग्नुपरेको थियो । हरिश्चन्द्रले त झुक्कलमा परेर राजपाठ ऐश्वर्य दानमा दिनुपर्‍यो, राज्य छोड्नु पर्‍यो, देशबाट निक्लिनुपर्‍यो । दानप्रतिष्ठा बुझाउन नसक्ता आफ्ना रानी छोरालाई बेचेर

कमाराकमारीमा परिणत गर्नुपर्‍यो। त्यतिले पनि दानप्रतिष्ठा नपुग्दा आफूसमेत बेचिएर चाण्डालको करिया बन्नुपर्‍यो। त्यस्तो भुक्तमान त रामचन्द्रले भोग्नुपरेको छैन, स्वास्नी हरिइन् तापनि बेच्नुपरेको छैन, भाइसाथै छन्, मित्र मिलेकै छन्, सहयोग गर्नको खाँचो छैन। इत्यादि कुराबाट हरिश्चन्द्रको जस्तो हवाल रामले बेहोर्नु परेको छैन भन्ने अगस्तिका उपदेशको अभिप्राय थियो। कथामा नेपालीपना झल्किएको संकेतको चर्चा माथि नै गरियो।

यो कथावस्तुको कल्पना सर्वप्रथम यही हो, ? यो कृति मौलिक हो कि वा यसको कथाको आधार अर्को छ भन्ने तर्कले मेरो मन दोलायमान भइरहेकोले हरिश्चन्द्रकथाप्रति ध्यान दिएर यताउता आँखा लाउन लागें। हाम्रो राष्ट्रिय अभिलेखालयमा हरिश्चन्द्रोपाख्यान नामका दुइ किताप रहेका छन् तिनमा एक देवनागरीमा नेपाली भाषाको गद्यमा लेखिएको हरिश्चन्द्रको कथामा आधारित छ। अर्को पुरानो ताडपत्रमा भुजिमोललिपिमा लेखिएको संस्कृत भाषाको अनुष्टुप् छन्दमा छ। नेपाली भाषाको चाहिं पुराणबाट झिकिएको हरिश्चन्द्रकै कथा हो। संस्कृत भाषाको ताडपत्रमा लेखिएको हरिश्चन्द्रोपाख्यान चाहिं हामीले चर्चा गरिएको, यही नेपाली हरिश्चन्द्रविलापको आधारग्रन्थ रहेछ। यो नदेखुन्जेल मैले यो हरिश्चन्द्रविलापलाई नेपाली मौलिक काव्य नेपाली कविकै कल्पनाप्रसूत हो कि भन्ने अनुमान लगाएको थिएं। अहिले संस्कृतको सो पुस्तक हेरेपछि मेरो सो अनुमान अन्यथा हुन आएको छ। संस्कृत हरिश्चन्द्रोपाख्यानका कर्ता कवि नेपाली थिए वा अन्यत्रका यो प्रश्न अलग हो, यसमा पुर्नविचार नगरी यसै हो भन्न गाह्रो छ। तर यसका लिपिकर अर्थात् बि. सं. १४३२ मा सो पुस्तक सार्ने लेखक चाहिं नेपाल पाटन शहर होलबिहारका, महापात्र जयसीह (जय सिंह) मल्ल थिए भन्ने कुरा चाहिं सोही पुस्तकको पुष्पिकावाक्यबाट ज्ञात हुन्छ। पाएसम्म यिनको परिचय अन्यत्र मैले दिइसकेको छ (द्रष्टव्यःमहीरावणबधनाटक विवेचनात्मक अध्ययन ६२-७० तथा १४३ पृ.) सं. १४४२ मा ताडपत्रमा लेखिएको यो पुस्तकको अर्को प्रति केशर पुस्तकालयमा पनि छ। 'हरिश्चन्द्र अवदान उपाक्षाण' भनिएको यो पुस्तक जयस्थितिराज मल्लदेवको अमात्य 'श्रीजयब्रह्मणस्य महाभिलाषपूरणार्थेण लिखितं' भनिएको छ। जयस्थिति मल्लका मन्त्री जयत वर्माको ठूलो इच्छा पूरा पार्न यो पुस्तक सारिएको थियो। त्यस वेला हरिश्चन्द्रविलापको चलनचल्ती निकै रहेको कुरा यसबाट प्रकट हुन्छ।

हरिश्चन्द्रको कथा प्रायः सबै पुराणमा पाइन्छ। पुराणको कथा चाहिं नेपाली समाजमा बिलकुलै नमिल्दो खालको छ। यसमा उल्लिखित कथाको पारा चाहिं नेपाली समाजमा धेरै मिल्ने खालको र औचित्यपूर्ण पनि छ। अग्नि शर्माले रातविहाल रानीको साथ बिनु रानीलाई सम्झाइबुझाई गर्नु रोहिताश्वको मलामी गएर सद्गति गराउनु, सर्पले डसेर मरेको लाशलाई त्यसै सगलै गङ्गाजीमा लगेर बगाइदिनु दशाहादि क्रियाकाज गराउनु, चोरले चोरेको धनमाल गङ्गातीरमा

रानीसंलग्न देखाएर रानीलाई चोरीको बात लाग्नु, चोरलाई ज्यानको सजाय तोकिनु आदि कुरा नेपाली समाजमा मिल्दा जुल्दा पाराका छन् । संस्कृतमा चोरले चोरीको गरगहना गङ्गाजीमा फाल्दा नुहाउन लागेकी रानीका गलामा अनजानमै मोतीको माला अल्झिन गएको र अनिपछि जासूसले रानीका गलामा चोरिएको मोतीको माला देखेर दरबार गईं जाहेर गर्दा सिपाहीले दसीसाथ फेला पारेर रानीलाई पक्रेको कुरा छ । तर यो नेपाली काव्यमा चाहिँ दरबारका गहना चोरेर भाग्दै आएको दुसाधले गङ्गातीरमा रानीका पासमा चोरीका सामान फालेर भागेको कुरा लेखिएको र त्यति बेलै गहनासाथ गुहारेले रानीलाई फेला पारेको कुरा कथिएको छ । संस्कृतमा चोर र भाषामा दुसाध लेखिएको छ । सिपाहीलाई पनि गुहारे भनिएको छ । संस्कृत त्यति शुद्ध प्रौढ पनि छैन । आश्चर्यको कुरा संस्कृत रचनामा पनि रचनाकारबाटै हो वा लिपिका महापात्र जयसिंहबाट हो नेपाली भाषाका शब्द घुसेका पनि छन् । जस्तो— खान-पान राणी शिवालय हाट, हाटमार्ग कुटुनी निर्धिन अबेला रिण आदि । छ शय वर्ष पहिले नेपालदून पाटनमा सारेको संस्कृतमा यसरी नेपाली शब्द पर्नु संजोगको कुरा मात्रै हो भन्न पनि गाह्रो छ ।

संस्कृत हरिश्चन्द्रोपाख्यानका ताडपत्रमा लेखिएका दुवै प्रति र भाषा हरिश्चन्द्रविलाप पनि मिलाएर तिनको तुलनात्मक अध्ययन गरी प्रकाश पारेर पाठकका सामु ल्याउन सकेपछि मात्र विशद रूपले यसका बारेमा जानकारी हासिल हुन जानेछ । संस्कृतका हरिश्चन्द्रोपाख्यान नामका विभिन्न कृति भारतमा प्रकाशित पनि भएका छन् । तिनसँग भिडाएर जाँच्नु पनि बाँकी नै छ । रामचन्द्र जोशीले दिएको लिखित मिति पनि गणितद्वारा धोई पखाली पारेर निर्क्योल गर्नु पनि बाँकी नै छ । (अहिले सरक्क त्यस बेलाको पात्रो पल्टाएर हेर्दा मिति मिले-जस्तो लाग्दैन) सो सबै कुरा यो सानो लेखमा सम्भव नहुँदा अहिले यतिमै विश्राम गर्दछु । पछि दुवै कृति प्रकाश पारेर यस सम्बन्धमा अझै विशद वर्णन प्रस्तुत गर्नु पनि आवश्यक ठान्दछु ।

भोको घर एकाङ्कीमा द्वन्द्व र प्रतीक

—भिक्टर प्रधान

१. यस लेखमा प्रयुक्त पारिभाषिक शब्दहरू

मूल शब्द	पर्यायवाची	व्याख्यात्मक अर्थ
१.१. भोगेच्छा =	तृष्णा =	जीवन यापनका निम्ति अत्यावश्यक कुराको उपभोग आफ्नो सामर्थ्य, गच्छे र उपलब्धि-अनुसार गर्ने इच्छा । उदाहरण:— एक गरीब, भोको व्यक्तिले आफूले प्राप्त गर्न सक्ने फापर वा कोदोको रोटी र गुन्द्रुक खाएर भए पनि सन्तुष्ट रहने इच्छा । अथवा कुनै व्यक्तिको आफ्नी नराम्री, काली, छ्याकटी र डल्ली स्वास्नीमै सन्तुष्ट रहने कामेच्छा ।
१.२. सम्पन्नेच्छा =	बुभूषा =	जीवन यापनका निम्ति आवश्यक कुराको उपभोग आफ्नो सामर्थ्य, गच्छे र उपलब्धिभन्दा बढी सम्पन्न, भव्य र ऐश आरामपूर्वक रहने इच्छा । उदाहरण:— एक गरीब मान्छेले जग्गा, आलीशान भवन, मोटर आदि राख्ने इच्छा अथवा आफूले प्राप्त गर्न नसक्ने भए पनि वैभवपूर्ण जीवन बिताउने इच्छा ।

१.३. — — = भोगेच्छा र समृद्धेच्छामा परस्पर सम्बन्ध पनि छ। समृद्धेच्छाले गर्दा नै मान्छेले भोगेच्छा राखेको हुन्छ; गरीबले कुनै दिन मेवा मिष्टान्न र कवाफ खान पाइएला भनेर अहिले फापर र गुन्द्रुक खान्छ। त्यस्तै समृद्धेच्छा चाहिँ जीवनभरको भोगेच्छालाई भव्य र आरामपूर्वक भोग गर्ने इच्छा हो। यसरी यी दुवै एक अर्कामा सम्बन्धित हुँदै एकै पथमा छन् तापनि यी दुवै बीच अंशतः तात्त्विक भेद पनि छ र त्यसै भेदले गर्दा यी दुईमध्ये कुनैको प्रावल्य र शैथिल्यले मान्छेको मानसिकता र स्वभावमा अन्तर ल्याउँछ।

२. 'भोको घर' को परिचय

'भोको घर' एकाङ्कीबाट नै नामकरण गरिएको 'भोको घर' एकाङ्की संग्रह[1] मा अग्रस्थान पाएको आलोच्य एकाङ्कीको प्रथम प्रकाशन वि. सं. २०१६ मा भएको हो[2]। यसका रचयिता गोविन्दबहादुर मल्ल 'गोठाले' 'हाम्रा समाजका विकारहरू'[3] प्रस्तुत गर्ने र नेपाली नाटकमा मनोविज्ञानको जरोलाई दिगो पारेर मनोविश्लेषणको पनि सूक्ष्म सूत्रपात गर्ने[4] नाटककार हुन् भने उनका मूलभूत नाट्यप्रवृत्तिबाट 'भोको घर' एकाङ्की पनि पृथक् छैन। तथापि उनका एकाङ्की-संग्रहमा अग्रस्थान ओगटेको आलोच्य एकाङ्कीले गोठालेको 'च्यातिएको पर्दा'[5] र 'भूसको आगो'[6] बाट परिचित नाट्य-कारिताभन्दा केही नव्यता उनको एकाङ्कीकारितामा रहेको तथ्यको प्रदर्शन गरिरहेको पाइन्छ। अतः 'भोको घर'ले इङ्गित गरेका विविध पक्षहरूमध्ये यहाँ द्वन्द्व र प्रतीकको मात्र चर्चा गर्ने प्रयास गरिएको छ।

---

१. गोविन्दबहादुर मल्ल 'गोठाले', भोको घर; २०३४; काठमाडौं; साझा प्रकाशन।
२. ————————; 'भोको घर', शारदा (२४/१); २०१६; काठमाडौं।
३. तारानाथ शर्मा; 'आधुनिक नेपाली नाटक', कृष्णचन्द्रसिंहद्वारा सम्पादित साझा समालोचना; २०२५; काठमाडौं; साझा प्रकाशन; पृ. ४६८।
४. मोहनराज शर्मा (समेत); नेपाली साहित्यको संक्षिप्त इतिहास; २०३४; काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान; पृ. १२३।
५. गोविन्दबहादुर मल्ल 'गोठाले'; च्यातिएको पर्दा; २०१३; काठमाडौं; शारदा प्रकाशन गृह।
६. ————————; 'भूसको आगो'; २०२६ (तेस्रो संस्करण); काठमाडौं; साझा प्रकाशन।

'भोको घर' जीवात्माजन्य भोगेच्छा (तृष्णा) र मानवजन्य समृद्धेच्छाको प्रकोपको एकाङ्की हो । एउटा खोसिएको डेपुटी सेक्रेटरीको घरको दारुण भोगेच्छामा विकृत भएका यस एकाङ्कीका बुभुक्षित पात्रहरूको मनोविकारले मानवजन्य शाश्वत बुभुक्षु विकार प्रतिपादन गरेको छ । समृद्धेच्छुक डेपुटी सेक्रेटरी नरबहादुर, उसकी गृहिणी भोगेच्छुक मन्दिरा, उसकी स्वप्नशील पुत्री सरिता एवं ज्ञानी र विसङ्गत पुत्र राजेन्द्र सबै आ-आफ्नै मनोलोकमा विचरण गर्दछन्; एकले अर्कोको मानसिकतासित कुनै सरोकार राख्दैन । नरबहादुरको परिवारभन्दा बाहिरको पात्र टंकमान साहूले भने वास्तविक सामाजिक यथार्थलाई प्रत्यक्षीकरण गर्ने कार्यमा सहायता पुऱ्याएको छ । यी नै पाँच पात्रहरूद्वारा सृष्ट यस एकाङ्कीका प्रत्येक पात्रले कुनै न कुनै पक्षको सङ्केत गर्दै सांसारिक सामाजिक यथार्थताको प्रतीकात्मक र मनोवैज्ञानिक तथ्य प्रस्तुत गरेका छन् ।

३. 'भोको घर' मा निहित द्वन्द्व र प्रतीक

३.१. द्वन्द्व

माथि 'भोको घर' को परिचयमा यस एकाङ्कीलाई जीवात्माजन्य भोगेच्छा मानवजन्य सम्पन्नेच्छाको प्रकोपको एकाङ्की भनिएको छ । वस्तुतः भोगेच्छा र सम्पन्नेच्छाकै आपसी मनोवैज्ञानिक भिडन्त नै यस एकाङ्कीको मूल द्वन्द्व पनि हो । मानिस विवेकशील प्राणी भएकोले उसमा सम्पन्नेच्छा हुन्छ, तर म ताक्छु मूढो, बन्चरो ताक्छ घुँडो भने जस्तै मान्छेको सम्पन्नेच्छामा भोगेच्छा र अर्को व्यक्तिको सम्पन्नेच्छा अनेक व्यवधान सृजना गर्दछन्, तर पनि मान्छेमा सम्पन्नेच्छा निरन्तर रहिरहन्छ; अतः सम्पन्नेच्छाको भोगेच्छा र अर्को व्यक्तिको सम्पन्नेच्छासितको शाश्वत संघर्ष नै यस एकाङ्कीले सङ्केत गरेको छ र यो मान्छेमा प्रच्छन्न नितान्त मनोवैज्ञानिक द्वन्द्व पनि हो ।

आधुनिक नाटकमा द्वन्द्व वा संघर्षको निकै महत्त्वपूर्ण भूमिका हुन्छ । द्वन्द्व प्रायशः दुई विपरीत गुणहरूका बीच पर्दछ जस्तै सत् र असत्‌का बीच; तर सत् र असत्‌को शाश्वत द्वन्द्व साहित्य-जगत्‌का निम्ति कुनै नौलो प्रकार चाहिँ होइन । साहित्यको कुनै पनि प्राचीन प्रकार भनौं पौराणिक वा तिलस्मी आख्यान वा काव्य अथवा मौखिक परम्परामा बाँचेको दन्त्यकथामै पनि सत् र असत् बीचको संघर्ष प्रत्यक्ष र प्रचुर मात्रामा रहेको हुन्छ । आधुनिक नाटकको साफल्यका निम्ति महत्त्वपूर्ण भूमिका खेल्ने द्वन्द्व कस्तो हुन्छ ? विपरीत गुणधारी तत्त्व बीचको द्वन्द्व प्रत्यक्ष र बाह्य हुन्छ; त्यसका अतिरिक्त विवेकशील मान्छेको प्रत्येक कार्य स्वान्तरिक संघर्षको फल हो भने त्यस आन्तरिक जटिल द्वन्द्वलाई नै आधुनिक नाटकले महत्त्वपूर्ण स्थान दिएको हुन्छ र द्वन्द्वका तत्त्वहरू

जति जति समानधर्मी हुन्छन् त्यति त्यति द्वन्द्व जटिल हुन थाल्छ । त्यसैले विपरीत गुणधारी तत्त्वबीचका द्वन्द्व वा संघर्ष आधुनिक नाटकका निम्ति ज्यादै हल्का वा बूढो-पुरानो द्वन्द्व प्रकार हो । अतः अचेल समानधर्मी तत्त्वहरूका बीच नै द्वन्द्व हुने गर्दछ, जस्तै सत् र सत्बीच दया र न्यायको द्वन्द्व अथवा असत् र असत्बीच क्रोध र लोभको द्वन्द्व इत्यादि । सत् र असत्का दृष्टिले समानधर्मी भए पनि दया र न्याय अथवा क्रोध र लोभबीच असमानता पनि अझै टडकारै देखिन्छ र यस्ता द्वन्द्व पनि अब पुरानो हुने प्रक्रियामा छ भने अत्यन्त समानधर्मी वा समानमार्गी तत्त्वहरूका बीचको अत्यन्त सूक्ष्म भेदद्वारा उत्पन्न द्वन्द्व चित्रणका दृष्टिले आलोच्य एकाङ्की ज्यादै महत्त्वपूर्ण र उल्लेखनीय छ । भोगेच्छा मान्छेको जैविक तृष्णा अर्थात् संसारमा बाँच्ने र सांसारिक सुखभोग गर्ने इच्छा हो भने सम्पन्नेच्छा चाहिँ सांसारिक सुख-भोगकै निम्ति सम्पन्न वा भरिपूर्ण हुने चाहना हो । भोगेच्छा र सम्पन्नेच्छा दुवै एउटै मार्गमा छन्; तथापि सांसारिक सुखको उपभोग आफ्नो सामर्थ्यअनुसार जसोतसो गर्ने इच्छा र भव्य एवं ऐशपूर्वक सांसारिक सुखभोग गर्ने अभिलाषा-बीच रहेको सूक्ष्म मात्रात्मक भेदले उत्पन्न द्वन्द्वमा उचित मार्ग पक्डन नसक्नाले वा उचित निर्णय गर्न नसक्नाले मान्छेमा हुने वियोगको त्रासद निर्माण आलोच्य एकाङ्कीमा छ । वस्तुतः मुमुक्षा र भोगेच्छा को द्वन्द्व यहाँ प्रयुक्त भएको भए त्यो स्थूल वा बूढो-पुरानो द्वन्द्व हुने थियो । तर यहाँ मान्छे मात्रमा सधैं हुने भोगेच्छा र सम्पन्नेच्छाको द्वन्द्व छ; भोगेच्छा पहिला शमन हुनुपर्छ अनि मात्र सम्पन्नेच्छाको फल प्राप्तिको आशा हुन सक्छ, तर मान्छे सम्पन्नेच्छाप्रति बढी लालायित हुन्छ र दुर्घटित हुन्छ ।

डेपुटी सेक्रेटरी नरबहादुरमा धन-वैभवको महिमाले प्राचीन आदर्श विकृत भएर ऐश्वर्यप्रधान रहेको आजको विश्व सभ्यताको प्रतिविम्ब पाइन्छ; ऊ यस सभ्यताको विकृत मान्छे हो । ऊ जागीरमा छँदादेखि लखपति— करोडपति हुन चाहन्थ्यो जुन जागीरबाट सम्भव भइरहेको थिएन । विश्वका धनीमानी मानिएका सित समकक्ष हुनु र मोजमज्जा गर्नु उसको सम्पन्नेच्छा हो । तर ऊ थियो नाथे जागीरे; उ जागीर पनि छाड्न सक्दैनथ्यो किनभने जागीरसित उसको भोगेच्छा गाँसिएको थियो । तर जागीरबाट आफ्नो अभिलाषा पूरा गर्ने उसको प्रयत्नकै कारणले उ खोसिएको छ र त्यसपछि उसको धन कमाउने लालसा अत्यधिक तीव्र हुन थाल्दछ, तथा यस तीव्रता सँगै उ विकृत पनि बनेको छ । उसले आफैंले जागीर छाड्न सकेको थिएन–क्षुधा वा पेटको कारणले गर्दा । यसरी धनी हुने इच्छा र पेटको समस्या आपसमै संघर्षरत थिए । तर अचानक जागीर खोसिँदा उ पेटको समस्यातिर बढी सङ्घर्षरत हुनुपर्ने थियो, तर उसले पेटको समस्याको लत्ता छाड्दछ र घरमा आर्थिक नाकाबन्दीकै स्थिति-लाई लखपति करोडपति बन्ने उपयुक्त अवसर देख्दछ र उ क्रमशः विकृत बन्दछ । उ माटोबाट रूपियाँ फल्ने र हावाबाट रूपियाँ झर्ने विकृतिपूर्ण योजना तयार

पार्दछ। यसरी उसको सम्पन्नेच्छा उसको सिङ्गो घर-परिवारको भोगेच्छासित जुधिरहेको छ । ऊ त्यस जुधाइसित वास्ता नराखेर अत्यन्त संघर्षरत भई आफ्नो योजनामा अगाडि बढिरहे पनि अन्ततः मानवतालाई पूर्णतः लत्याएर घर–सम्पत्तिकै सञ्चयमा प्रवृत्त टङ्कमानको सम्पन्नेच्छासित भिड्न पुग्दछ । नरबहादुरको योजना विकृतिपूर्ण भएकैले टङ्कमानको सम्पन्नेच्छासित हार्दछ, अनि नरबहादुर अर्को योजना बनाउने विचार गर्दछ ।

घर-गृहस्थीमा अत्यन्त व्यावहारिक देखिने मन्दिराको पनि आफ्नो घरको भण्डार भरिभराउ गर्ने, चूल्हो सधैं तातो राख्ने, छोराछोरीलाई ठूलाठूला ओहदामा पुऱ्याउने एवं धेरै जग्गा जमीन राख्ने सम्पन्नेच्छा छ; यही वा यस्तै त हुन्छ सामान्य गृहिणीको सम्पन्नेच्छा । तर सम्पन्नेच्छाप्रति उ नरबहादुरजस्तो तल्लीन छैन । उसको सम्पन्नेच्छा त सामान्य भोगेच्छामै बिलाइरहेको छ किनभने उ कुशल गृहिणी हो । तर भोगेच्छासितै संघर्षरत हुँदाहुँदै उसको सम्पन्नेच्छाको फलस्वरूप बनेको जिब्रुल्ले स्वभाव विकृत बन्दै दिवास्वप्नसम्म देख्ने भएको छ ।

सरिताको सम्पन्नेच्छा के हो ? पोहर सालसम्मको यत्री सानी केटी यस पाली मात्र हलक्क बढेकी तरुणीको सम्पन्नेच्छा राजकुमारी बन्नु, ठूलो दरबारको सुनको खम्बा, चाँदीको भुइँ, पन्ना जडेको भित्ता भएको कोठामा मोतीको झूलभित्रको खाटमा राजकुमारसित सुत्नु नै त हो, तर शायद अब मागेर खानुपर्ने उसको घर-परिवारको स्थितिले गर्दा उसले एउटा राम्रो केटो पनि प्राप्त गर्न सक्दिन, एक जोर राम्रो लुगा पनि पाउन्न । यसरी ऊ पनि आफ्नो नव यौवनको भोगेच्छा नै शमन हुन नसक्ने स्थितिमा नरबहादुरजस्तै सम्पन्नेच्छा मा निर्लिप्त भएर विकृत बनेकी पात्र हो । एकाङ्कीको यस द्वन्द्वबाट पात्रहरूको मनोवैज्ञानिक व्याख्या गर्न सकिन्छ (मनोवैज्ञानिक व्याख्या यहाँ गरिएको छैन ।)

राजेन्द्र चाहिं बेग्लै खालको पात्र हो; उसबाट नाटकमा बेग्लै खालको द्वन्द्वको निर्माण भएको छ । उ ज्ञानी र विसङ्गत पनि छ र उसमा प्रकृतिवादी प्रभाव पनि छ । त्यसैले सिद्धान्त र व्यवहारबीच हुने अन्तर्द्वन्द्व नै उसको पनि अन्तर्द्वन्द्व हो । समाजवादको सिद्धान्त र व्यवहारमा रहेको असामञ्जस्यले उसलाई पनि बहुला बनाउँदै लगेको छ । उसबाट नाटकमा बेग्लै द्वन्द्व र स्थितिको सृजना भएको छ, जसबाट सामाजिक यथार्थताको झझल्को बढी मात्रामा एकाङ्कीलाई प्राप्त भएको छ ।

यस एकाङ्कीमा स्थूल द्वन्द्व खोज्ने हो भने नरबहादुर र टङ्कमानबीचको द्वन्द्वलाई सत् र असत्‌को द्वन्द्व भनिन्छ । तर वास्तवमा त्यो पनि दुई सम्पन्नेच्छाकै द्वन्द्व हो भन्ने कुराको चर्चा माथि भइसकेको छ ।

३. २. प्रतीक

साहित्यमा प्रतीकवादको विकासका साथसाथै आदिम मान्छेका प्रतीकात्मकताप्रति अभिरुचि बढ्दै गएको पाइन्छ, पुराण, दन्त्यकथाआदिमै आदिम मान्छेका प्रतीकात्मकता पाइन्छ र यसको महत्ता साहित्यमा १८रौं शताब्दीदेखि बढ्न थालेको देखिन्छ[7] भने नाना नव्य प्रयोगमा प्रयुक्त प्रतीकप्रयोगमा शुरूदेखि विशिष्टता हासील गरेका आलोच्य नाटककार गोविन्दबहादुर मल्लको यस एकाङ्कीले पनि आदिम मान्छेकै प्रतीकात्मकता पहिल्याउँदै आफ्नो प्रतीक आयोजना निर्मित गरेको छ ।

सरिता र राजेन्द्रले नै यस एकाङ्कीमा आदिमतामूलक वा दन्त्यकथामूलक प्रतीकलाई व्यक्त गरिरहेका छन् । सरितालाई उज्यालो मन पर्दैन, उसलाई भोक पनि लाग्न छाडेको छ र ऊ यज्ञरथकी दन्त्यकथाकी राजकुमारी बनेकी छ । उ दाजु राजेन्द्रलाई यज्ञरथको कथा भन्न थाल्छे जसकी नायिकासित उसले आफ्नो तादात्म्य स्थापना गरेकी छ । राजकुमार यज्ञरथको आगमन मृतप्रायः सुप्त राजकुमारी (सरिता)को हंसले देखेको र उसले राजकुमारलाई सुप्तावस्थामै माया गर्न थालेकी छ। सुनको लट्ठीले छोइएर ब्युँझेपछि उ आफ्नो प्रिय राजकुमारलाई राक्षसको पञ्जाबाट बचाउन चाहन्छे । यही पूरा कथा एकाङ्कीको मूल कथानककै समानान्तररूपमा शुरूदेखि अन्तसम्म रहेको छ । सरिता यही कथा भन्नुबाहेक अरू केही गर्दिन । उसलाई प्रारम्भमा आफ्नो अवस्थाको केही ज्ञान थियो, त्यसैले उ आफूलाई 'म दन्त्यकथाकी राजकुमारी' (पृ. २ र ४) भन्दछे; तर उ बिस्तारै दिवास्वप्न देख्दै जान्छे र वस्तुस्थिति बिर्सदै जान्छे र कोठामा के हुँदै छ त्यससित उसको सरोकार रहँदैन । अन्तमा उ जुरुक्क उठेर टङ्कमानलाई 'राक्षस बा, ! तपाइँको ज्यान के मा छ ?' (पृष्ठ १७) भनेर सोध्छे र राक्षसको ज्यान भएको पुतली समातेर मार्न गाह्रो भएकोले राजकुमारलाई त्यो काम गर्ने कोशिश नगर्न आव्हान गर्छे जसका साथ एकाङ्कीको पनि अन्त भएको छ ।

प्रत्यक्षतः सरिताको यस्तो चरित्रमा अस्वाभाविकता देखिन्छ किनभने असामान्य प्रवृत्ति वा विकृति सधैं अस्वाभाविक नै देखिन्छ, तर यही पुराकथा र मानसिक विकृति नै यस एकाङ्कीको व्यङ्ग्य प्रतीक हो । टङ्कमान यदि सामाजिक राक्षसी प्रवृत्तिको प्रतिनिधि पात्र हो भने उसलाई 'राक्षस बा' भनिनु र उसको मृत्यु अवस्थित वस्तुको खोजी गरिनु अनि उसको ज्यान भएको पुतली मार्न नसके राजकुमार स्वयम् मर्ने भएकोले त्यस्तो गाह्रो काम नआँट्ने सल्लाह राजकुमारलाई दिइनु यी सब प्रतीकात्मक कूट वाक्य हुन् । मूल दन्त्यकथामा

७. वासुदेव त्रिपाठी, पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा, २०३०, काठमाडौं, साझा प्रकाशन, पृ. ६११ ।

यज्ञरथको सट्टा राजकुमार दिक्पाल राक्षसको ज्यान भएको भमरा मार्न सफल हुन्छ[८], तर सरिताको राजकुमार (राजेन्द्र) त्यस्तो भीषण कार्यमा हात हाल्दैन; किन ? किनभने पुतली मार्न सकिन्न, कोशिश गरे आफैं मरिन्छ भन्ने यथार्थताको ज्ञान छ। राजेन्द्र नेपाली समाजका निष्क्रिय बुद्धिजीवीहरूको प्रतिनिधि पात्र हो; एकाङ्कीमा उसबाट धेरै यथार्थ पक्षको प्रस्तुति भएको छ। यसै यथार्थताले गर्दा सामाजिक अमानवीय राक्षसी प्रवृत्तिका प्रतिनिधि पात्र टङ्कमान नरबहादुरको परिवारका भोका बौलाहाहरूसित डुक्रँदै फर्कन सक्षम हुन्छ– "कि घर छाड्नोस्, कि व्याज तिर्नोस्" (पृ. १७) भनेर।

यस प्रतीकको अर्थ 'भोको घर' अब नरबहादुरको भोको घर मात्र बन्दैन; त्यो सारा भोकाएका मानवको घर वा विश्व बन्दछ। यसै कुरालाई राजेन्द्रले सङ्केत गरेको छ, तथा राजेन्द्र, सरिता र टङ्कमानको निम्न सम्वादले यस कुरालाई अझ स्पष्ट तुल्याउँछ:–

"राजेन्द्र– भोकै छौं। सारा घर भोकै छ।

टंकमान– भोकै कसरी ?

राजेन्द्र– तपाईंलाई खुशी लाग्यो ?

टंकमान– त्यसैले त म यहाँ आएको। यति भन्न कि घर छाड्नोस् कि व्याज दिनोस्।

सरिता– (जुरुक्क उठेर टंकमाननिर पुग्दै) राक्षस बा, राक्षस बा ! तपाईंको ज्यान के मा छ ?" (पृष्ठ १७)

एकाङ्कीभरि विभिन्न ठाउँमा छरिएका प्रतीकात्मक अभिव्यक्तिहरू उपर्युक्त ठाउँमा आएर एक विन्दुमा मिलन आउँछ। बेइमानी र अत्याचार फलिफाप हुने यस ठाउँमा मान्छेको मासु खान राक्षस पर्खिरहेको छ (पृ. ९)। सारा विश्व (राजेन्द्रका शब्दमा 'सारा घर') मा भोगेच्छा कै शमन हुन सकेको छैन; शायद राक्षस (टङ्कमान) ले शमन हुन दिंदैन र राक्षसको ज्यान भएको पुतली मार्न पनि सकिंदैन। तर पनि मान्छे सम्पन्नेच्छा (वुभूषा)को स्वप्निल रङ्गमा रङ्मङिएर भोगेच्छाकै भोकमा भोकभोकै बाँचिरहेको छ। यही विश्वजनीन सत्यको दन्त्यकथामूलक अभिव्यक्ति यस एकाङ्कीले दिन चाहेको छ र यसैमा मानवजन्य विसङ्गति बोध पनि हुन्छ।

'भोको घर' एकाङ्कीको प्रतीकका सम्बन्धमा विजय मल्लको भनाइ पनि यस प्रसङ्गमा उल्लेखनीय देखिन्छ। उनी लेख्छन्:–

" 'भोको घर'मा खाली खाद्य पदार्थको मात्र कमी होइन, भोको घरमा ती व्यक्तिहरू त्यसैले भोका छन् कि एकले दोस्रोलाई बुझ्न सकेका छैनन् र बुझ्न पाएका छैनन्, न उनीहरूलाई बाह्य जगत्ले बुझेका छन् न बुझ्छन्।

---

८. बोधबिक्रम अधिकारी, नेपाली दन्त्य कथा, २०१६, काठमाडौं, नेपाली भाषा प्रकाशिनी समिति; पृ, १–१९।

आन्तरिक मनको इच्छा आकांक्षा यति आफ्नै आफ्नै प्रकारका छन् कि प्रत्येक एक दोस्रोसंग पृथक् पृथक् देखिन्छन् ।

"शब्द र भाषाले मात्र संप्रेषण सम्भव छैन भन्ने कुराको उदाहरण-स्वरूप यो नाटक अत्यन्त रोचक र अद्भुत छ– शायद यस प्रकारको नौलो नाटक जुनसुकै साहित्यमा पनि नौलो नै हुनेछ ।"[9]

"यसमा मिथको याने दन्त्यकथाको राम्रो प्रयोग भएको छ । दन्त्यकथा र यथार्थ जगत्को, कल्पना र सत्याभासको, विलक्षणता र स्वाभाविकताको आन्तरिक द्वन्द्वले यो पनि भरिएको छ मिथको प्रयोगद्वारा नयाँ धरातलमा नाटकलाई उचालेर प्रतीक र वस्तुको नवीन संयोजन र संमिश्रणद्वारा नयाँ रूपले जगत् र जीवनलाई पुनर्व्याख्या गर्ने तरीका यसमा प्रचुर मात्रामा पाइन्छ..."[10]

४. निष्कर्ष

गोविन्दबहादुर मल्लको 'भोको घर' एकाङ्कीको द्वन्द्व र प्रतीकको उपर्युक्त अध्ययनकै सिलसिलामा के कुरा ज्ञात हुन्छ भने यस एकाङ्कीलाई प्रतीकवाद, प्रकृतवाद, अतियथार्थवाद र विसङ्गतिवाद जस्ता वादहरूका दृष्टिले तथा सामाजिक यथार्थता र व्यङ्ग्यका दृष्टिले पनि अध्ययन गर्न सकिन्छ । यस लेखमा अध्ययन गरिएको आलोच्य एकाङ्कीका द्वन्द्व र प्रतीकका आधारमा र यसलाई अध्ययन गर्न सकिने अन्य तत्त्वका आधारमा के निष्कर्ष निकाल्न सकिन्छ भने गोविन्द गोठालेको 'भूसको आगो' ले नाटककार गोपालप्रसाद रिमाललाई ध्वाप्लाक्क अँगालो मारेको[11] भए पनि 'च्यातिएको पर्दा' मा नै किञ्चित् नव्य प्रयोग गरिसकेका आलोच्य नाटककारले एकाङ्कीमा भने सर्वथा नवीन प्रयोगहरू गरेका छन्; उनको आलोच्य एकाङ्कीको द्वन्द्व प्रयोग नै नेपाली नाट्य जगत्का निम्ति पर्याप्त नयाँ प्रयोग हो जुन द्वन्द्वका आधारमा एकाङ्कीमा घातप्रतिघात सृजनाका निम्ति एकाङ्कीकारले पात्रहरूको मनोदशाको चित्रण प्रकृतवाद, प्रतीकवाद, विसङ्गतिवाद र अतियथार्थवादका आधारमा नौलो ढङ्गले गरेका छन् तथा प्रतीक प्रयोग आधुनिक नेपाली नाटकमा बालकृष्ण सम ('ध्रुव'[12] र 'प्रल्हाद'[13]) र गोपालप्रसाद रिमाल ('मसान'[14]) परम्पराका प्रतीकभन्दा पर्याप्त

---

९. विजयबहादुर मल्ल, नाटक एक चर्चा; २०३६; काठमाडौं; नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान; पृ. ३३ ।

१०. पूर्ववत्; पृ. ३२ ।

११. तारानाथ शर्मा; पूर्ववत् ।

१२. बालकृष्ण सम; ध्रुव; मिति ? (सातौं संस्करण); काठमाडौं; साझा प्रकाशन ।

१३. – – ; प्रह्लाद; २०३० (पाँचौं संस्करण); काठमाडौं; साझा प्रकाशन ।

१४. गोपालप्रसाद रिमाल; मसान; २०३२ (आठौं संस्करण), काठमाडौं, साझा प्रकाशन ।

नयाँ खालको छ र यस्ता नव्य प्रयोग र मनोविश्लेषणका दृष्टिले उनका एकाङ्की रचना विजय मल्लको नव प्रयोगधर्मितासित मेल खान्छ । गोठाले पूर्णाङ्की नाटकका क्षेत्रमा रिमालसित बढी तुलनीय छन् भने एकाङ्कीका क्षेत्रमा विजय मल्लसित बढी तुलनीय छन् ।

पादटिप्पणीमा नपरेका अन्य सहायक सामग्रीहरू:-

केशवप्रसाद उपाध्याय; रिमाल व्यक्ति र कृति; २०३२; काठमाडौं; साझा प्रकाशन ।

खगेन्द्र भट्टराई; गोविन्द गोठालेको नाट्यकारिताको विश्लेषण र मूल्याङ्कन; (त्रि.वि. नेपाली स्नातकोत्तर शोध-प्रबन्ध); २०३८; काठमाडौं ।

गोविन्दबहादुर मल्ल 'गोठाले'; कथैकथा; २०२७ (दोस्रो. संस्करण); काठमाडौं; साझा प्रकाशन ।

तानासर्मा; सम र समका कृति, २०२९; काठमाडौं; साझा प्रकाशन ।

रमेशकुमार भट्टराई; गोविन्द गोठालेका कथामा पाइने सामाजिकताको विश्लेषण र मूल्याङ्कन (त्रि. वि. नेपाली स्नातकोत्तर शोध-प्रबन्ध); २०३६; काठमाडौं ।

वासुदेव त्रिपाठी; विचरण; २०२८; काठमाडौं; भानु प्रकाशन ।

स्मृतिको पर्खालभित्र : एक मनोविश्लेषण

– डा० मुरारिप्रसाद रेग्मी

विजय मल्लद्वारा लिखित समस्यापूर्ण मनोवैज्ञानिक पूर्णाङ्की नाटक 'स्मृतिको पर्खालभित्र' को प्रारम्भ र अन्त्य दुवैमा नटुङ्गिने व्यथा छ। साहब भनाउँदा नायक महेश्वरजङ्ग थापा विषाद, संज्ञान विपर्यय, अपराध-भावना, स्मृति-प्रताडन, परिस्थितिको असह्य चाप, अनिद्रा पीडा, संवेगात्मक शून्यता र आत्म-हत्याको चाहनाबाट ग्रस्त भएको देखिन्छ। सात सालको सामाजिक क्रान्तिको पर्यावरणभित्र नाटकको भूमिकाको संरचना भएको छ। मित्र-पत्नीलाई (प्रेमिका) पाउनको लागि मित्र-हत्याको फलस्वरूप महेश्वर अपराधभावले पीडित, दीर्घ-कालीन मद्यज विभ्रमबाट प्रताडित मनोरुग्ण चरित्र देखिन्छ। यौन-असन्तुष्टि र हत्या-भावबाट ग्रस्त उच्च पदस्थ नायकको चरित्रको दिग्दर्शन गराउनु नै यस नाटकको मूल उद्देश्य हो। हुन ता सात सालको वातावरण नै कुत्सित थियो। जता-ततै समाजमा यौन अपराध, भ्रष्टाचार, शोषण, कलह र चाकरी प्रथा फैलिएको थियो।

यस नाटकमा महेश्वर मुख्य पात्र देखिन्छ एवं किशोरी गौण पात्रको रूपमा नै देखापर्छे। सर्वप्रथम किशोरीको चरित्रलाई विश्लेषित गरिन्छ एवं त्यसपछि महेश्वरको चरित्रमाथि प्रकाश पारिन्छ। कुत्सित समाजको उपज हो किशोरी, ऊ चरित्रभ्रष्टा आमाकी अति दुश्चरित्रा छोरी थिई। उसलाई आफ्नो वास्तविक बाबुको पनि पत्तो थिएन। ('आजसम्मन् मलाई यो थाहा छैन। म मेरो बुबाको तर्फबाट जन्मेकी सन्तान हूँ या होइन। भाइ प्रदीप कसको सन्तान हो ?,' पृ. १९)।

आधुनिकताको कुत्सित वातावरणमा पालिएकी किशोरीको चरित्रबाट प्रेम र विवाहका समस्याहरूको साथै विकृति र प्रणयोन्माद दर्शाइएको छ। यस

नाटकमा विवाहका समस्याहरूलाई सेते र भुन्टीको उपकथाबाट पनि प्रस्तुत गरिएको छ। किशोरीको चरित्रमा अतृप्त पितृ-प्रेम ग्रन्थी (Electra Complex) को झलक पाइन्छ। महेश्वर जस्तो पितातुल्य व्यक्तिसँग प्रेम र विवाहको चाहनाबाट उसको विकृत व्यक्तित्वको बोध हुन्छ। दुश्चरित्रा किशोरीलाई शेक्सपीयरकी पात्रा 'ओफेलिया'सँग दाँज्न सकिन्छ। उसले आफ्नी दुश्चरित्रा आमालाई घृणा गर्छे र उसलाई किचकन्ने मान्दछे 'म त्यसै घृणा गर्दिन मुमालाई, गहिरो कारण छ। त्यसमा बुझिबक्स्यो मेरी मुमा त्यस्तो विघ्न पतित घृणित होइबक्सन्थ्यो मलाई त्यस्तो लाग्या थिएन," पृ. १६)। बुबाको मृत्यु र आमाको दुश्चरित्रताले गर्दा ऊभित्र यौन-विद्रोहको भावना जागृत हुन्छ र ऊ असुरक्षित हुन्छे। यसै असुरक्षाको भावनालाई सन्तुष्ट पार्न महेश्वरसित बिहे गर्न पनि तत्पर हुन्छे। किशोरीको आन्तरिक सङ्घर्ष, अतृप्त, अनमेल प्रेम र विवाहका समस्याहरूले नाटकलाई समस्यापूर्ण बनाएको छ।

किशोरीको चरित्रमा स्व-सन्दर्भको अभाव(loss of self-reference), मातृ-पितृप्रेमवंचना र प्रेमको असामान्यता देखिन्छ। उसको कथन ('मलाई बलियो हातले समाइबक्स्योस्। म हजूरलाई प्रेम गर्छु, मलाई बिहे गरिबक्सियोस्', पृ. १६) बाट असामान्य, विकृत प्रेम र जीवन शैलीको प्रत्यक्षीकरण हुन जान्छ। स्वच्छन्द किशोरीको तुलना जर्मनीको प्रख्यात यथार्थवादी नाटककार हरमन सडरमैनको मैगडासँग गर्न सकिन्छ। यिनी दुवैका मूल्यहरू आदर्शहीन एवं स्वच्छन्दवादी खालका छन्। बाल्यकालीन अपर्याप्तता र अभावहरूको माझ पिल्सिएकी किशोरीको विघटित (dissociated) चरित्रको परिचय उसैका यी कथनहरू 'हिजो राती त्यसरी मलाई किचकन्नीले तर्साउन आई, चिच्याएं कराएँ..........' (पृ. १०) एवं 'मलाई हिजो रातो किचकन्नीले लखेटेर थिच्न आई, तर्साई, म कराएँ चिच्याएं, तैंले यसो हेर्न आइनस्......' (पृ. १०) बाट पाइन्छ। ऊ किचकन्नीको विभ्रमबाट प्रताडित छे। ऊ बारम्बार आमाको (किचकन्नी) संस्मरण गरेर तर्सिरहेकी हुन्छे, उसको पंछिन चाहने यस प्रकारका भयलाई दुर्भीति (Phobia) मान्न सकिन्छ। उसमा आत्म-विश्वासको कमी थियो। ऊ निष्क्रिय थिई, त्यस कारण उसको व्यक्तित्व पराश्रित थियो किनकि महेश्वर नभे ऊ बाँच्न सक्दैन थी 'मैले सोचिसकें हजूरसिवाय मलाई बचाउन सक्ने कोही छैन, मेरो मन हलुको भएको छ। म अब बहुलाउन्नँ म किचकन्नीसँग तर्सन्नँ अब,' (पृ. २०)। उसमा महेश्वरबाट पूरा हुने सुरक्षाका खाँचोहरूको विकृति रूपान्तरण भएर यौनेच्छाको प्रबल खाँचो देखिन गएको हो। उसको आनन्द-मन (Id) अति प्रबल देखिन्छ, यथार्थ-स्व (Real-self), विवेक-स्व (Conscience) र आदर्श-स्व (Ideal-self) अविकसित नै प्रतीत हुन्छ। उसमा अनैतिक मूल्यको प्राबल्य पाइन्छ 'म किशोरी' को सम्झिबक्सेको मलाई हजूरले अङ्कल,' पृ. ३)। एकातिर अङ्कल भन्ने अर्कोतिर विवाह गर्न चाहने यी दुवै मूल्यहरू परस्पर विरोधी हुन्। किशोरीको विघटित व्यक्तित्वले गर्दा उसको नैतिक पतन भयो। उसलाई नाटकको

अन्त्यमा निवकै मानसिक आघात पुगेको जस्तो लाग्छ। महेश्वरको घर छाड्दा ऊ आस्थावादी मनस्तापले पीडित भएको देखिन्छे। उसको मानसिक अन्तरालमा गहिरो सङ्घर्ष मच्चिन्छ।

नायक महेश्वर यस नाटकको मुख्य र सबल पात्र हो। नाटकको प्रारम्भमा महेश्वरले आफ्नो अपराध स्वीकार गर्छ। उसको चरित्रबाट नाटककारले अर्थ र पदको दम्भमा घटित सात साललाई प्रत्यावर्तित र पुनर्जागृत गराउन चाहेको जस्तो लाग्छ। राणा शासनको छत्र-छाँयामा सामाजिक भ्रष्टता र पतनलाई आश्रय दिने प्रवृत्तिलाई स्पष्टयाउने प्रयासको पर्दाफास गरिएको छ। महेश्वरले सात सालमा किशोरीको पिताको हत्या गराएको थियो। यस प्रकार मित्रहन्ता महेश्वरकै विवेक-स्वमा स्फुरित अपराध भावनाको अभिव्यक्तिबाट नाटक अगाडि बढ्छ। अपराधबाट पन्छिनको लागि मित्र-हन्ता महेश्वरले आत्महत्या गर्ने विचार पनि गर्छ। मित्र-पुत्रीसँग 'वैवाहिक सम्बन्ध कसरी राख्ने' विचारले उसको स्मृतिको पर्खाल नाघेर क्षीण कल्पनाका तरङ्गहरू स्फुरित भैं रहन्छन्। महेश्वरमा विषादका निम्न लक्षणहरू पनि देखिन्छन्। जस्तै– निर्णयको कमी, आत्म-भर्त्सना, व्यग्रता र असन्तुष्टि। महेश्वर जस्तै कल्पना, हेमलेटले आफ्नो आमाको दुश्चरित्रताको प्रतिफल पिताको अपमान हुन गएको हुंदा पितृ-स्मृतिका तरङ्गहरूको अनुभूति गरेको पाइन्छ।[1]

महेश्वरमा अति मद्यपानको फलस्वरूप 'आत्मनाश' को चाहना उसका कथनहरू 'यो हातले तिमीलाई धेरै चोटि मिल्काइसकियो, टुक्रा-टुक्रा पारी हुन्याई अठचाएर मार्ने सुरमा छु, तर खै, खै, कसरी म आफैंलाई मार्न सक्छु!', (पृ. २) एवं 'मैले यसरी नै पिई-पिई आफ्नो प्राण त्याग्नुपर्छ', (पृ. ९) बाट झल्किन्छ। उसको वाणीमा असंयम र अनियन्त्रण देखिन्छ एवं उ मद्यज विनम्रबाट पनि पीडित छ 'तिमी सधैं यस्तै बखतमा आउने गथ्यौं शर्मिला। त्यस बखत पनि यस्तै वेलामा आयौ हुरीको बेगमा आयौ, हुरीको बेगमा गयौ? मलाई हुन्याएर गयौ, मलाई हुन्याएर गयौ?,' (पृ. ३)। उसमा मद्यज विक्षिप्तिको आधिक्य उसकै कथनहरू "मैले तिम्रो नाम बेग्लै राख्याँथिएँ– रानी।"......... "मैले गल्ती गरेको भए तिमी मलाई गालामा थप्पड मार्न सक्छ्यौ– मलाई मार्न सक्छ्यौ– तर छाडेर जान पाउन्नौ," (पृ. ३) बाट स्पष्टिन्छ। आफ्नो अपराधको उत्खनन उसले स्व-आलोचमा एवं स्वभर्त्सनाबाट गर्छ।[2] उ व्याकुल, विह्वल, वेदनाग्रस्त एवं प्रताडित देखिन्छ। आफूलाई रक्सीमा डुबाएर अतीतको जघन्य अपराध–स्मृति

---

1. Ernest Jones--- Hamlet Psychoanalyzed. In Laurence Lerner (Ed), Shakespeare's Tragedies, 1982, 14.
2. A. T. Beck -- Depression: Clinical Experimental and Theoretical Aspects. New York: Harper and Row, 1967, 24.

पखाल्न खोज्छ ("अपराध ! अपराध ! तिम्रो के अपराध ? मेरो के अपराध ? कसको के अपराध ? म अपराधी, तिमी अपराधी !" पृ. २) । उसले आफ्नो अपराधको स्व-अनुभूति स्वेच्छया गरेको पनि पाइन्छ ("कानूनले म अपराधी हैन तर पनि म अपराधी हुँ । तर म झूठो चाहिं बोल्दिनं तिमीहरूसँग," पृ. ४८)। उसले प्रदीपलाई बदला लिन प्रेरित गर्छ "तिम्रो बुबाको बदला लेउ । मलाई मार टुक्रा टुक्रा पार धुज्याइदेऊ, मलाई यस कष्टबाट मुक्ति देऊ, मलाई मार काट, मलाई यातनाबाट मुक्ति गराऊ," (पृ. ५०) । उसले प्रदीपलाई आफूविरुद्ध विद्रोह गर्न तमस्याउँछ ।

महेश्वरको 'विवेक-स्व' (Consience) अतीतको अपराध-भावनाले ग्रस्त भएको हुँदा कमजोर र रुग्ण भएको छ । अतीतमा उसले गरेको अक्षम्य अपराधबाट सुरक्षित हुन एवं आफ्नो अचेतनको रक्षार्थ मित्र-पुत्री र पुत्रको लालन पालन गर्छ तर सुकृत्यले कुकृत्य कदापि पखालिंदैन केवल अस्थायी रोक थाम भए जस्तो प्रतीत हुन्छ । उसको विषाद 'सिकिएको असहाय अवस्थाबाट' प्रेरित भएको थियो (सेलिगमैन, १९७४) ।[३] मित्रको हत्या गरेको हुँदा उसलाई "किशोरीको बुबाको अनुहारले सधैं लखेटिरहन्छ", (पृ. ५०) । कतैं गएर पनि उसले शान्ति पाउन्न र स्थायी-भ्रमले (Delusion) पीडित देखिन्छ एवं अचेतनका दमित अपराध भावनाहरूबाट प्रताडित छ ।

विजय मल्लका नाटकहरूमा ऐतिहासिक- सामाजिक र मनोवैज्ञानिक यथार्थपूर्ण पक्षहरूको सबल चित्रण पाइन्छ । यिनले इब्सन जस्तै नाटकमा समस्यालाई सर्वसमक्ष प्रस्तुत गरेका छन् तर त्यसको उत्तर वा समाधान देखाएका छैनन् । यस प्रकार समस्याको चित्रांकन नै यिनको नाट्यकलाको विशेषता हो र त्यस समस्याको समाधानप्रति यिनी तटस्थ छन् । समस्याको समाधान पाठक वा दर्शकको हुन जान्छ । यिनको अनुसार पात्रको कुकृत्यको कारण ऊ स्वयं हुँदैन अपितु उसका सम्पूर्ण त्रुटिहरू परिस्थितिजन्य छन् । नाटकको सम्वाद वा सम्भाषण सरल, गतिशील, अतर्द्वन्द्वको उन्मेष, हृदयग्राही र स्वाभाविक छन् । इब्सनका नाटकीय मान्यताहरूको पालन गर्नाका साथै कलात्मक-सांस्कृतिक तत्त्व, देश कालको परिवेश र नव्य युग-चेतना यिनको नाटकमा पाइन्छ । यिनको नाट्य शैलीमा मनोवैज्ञानिकता, परंपरागत र आधुनिक मूल्यमा द्वन्द्व, तीव्र अन्तर्दृष्टि र सूक्ष्म निरीक्षणको क्षमता पाइन्छ। यिनका नाटकहरू मनोवैज्ञानिक रहस्यले ओतप्रोत छन् । प्रस्तुत नाटकमा महेश्वरको अतीत आक्रोशको अन्तर्मुख-द्वारा सृजित स्व-पीडन, आत्म ग्लानि र पश्चात्तापको मनोवैज्ञानिक चित्रण

---

3. M. E. P. Seligman-- Depression and learned helplessness, In R. J. Friedman & M. M. Katz (Eds.) The Psychology of Depression: Contemporary Theory and research. Washington, D. C.: Winston- Wiley, 1974.

सफलतापूवक प्रस्तुत गरेको पाइन्छ (पृ. ५०)। नायकको व्याकुलता, चिन्ता र विषादको साथै स्थायी भ्रमको प्रमाण तस्वीर लुकाउने (किशोरीको बुबाको) घटनाबाट पनि पाइन्छ। लेखन प्रक्रिया, रंगमंचीयता र अभिनेयताको दृष्टि-कोणबाट पनि यो नाटक अति नै उत्कृष्ट देखिन्छ।

संदर्भ ग्रन्थहरू:-

Beck, A. T. Depression: Clinical Experimental and Theoretical Aspects New York: Harper and Row, 1967,24.

Davison, G. C; and Neale, J. M. Abnormal Psychology. New York: John Wiley & Sons, 1982.

Jones, Ernest. Hamlet Psychoanalyzed. In Laurence Lerner (Ed), Shakespeare's Tragedies, 1982, 14.

Seligman, M. E. P. Depression and Learned helplessness. In R. J. Friedman & M. M. Katz (Eds), The Psychology of Depression: Contemporary Theory and research. Washington, D. C.: Winston-Wiley, 1974.

●

महायानको उत्पत्ति

–भुवनलाल प्रधान

महायान अशोक कालै (ई. पू. २६९–२८) मा स्थविरवाद (पाली, थेरवाद) बाट भिन्न भइसकेका १७ वटा सम्प्रदाय जस्तै कुनै छुट्टै एउटा सम्प्रदाय होइन। यसमा अनेक सम्प्रदायका दार्शनिक सिद्धान्तहरू समयसमयमा समाविष्ट गरिएका छन्। यसअन्तर्गतका दार्शनिक सिद्धान्तहरू फरकफरकै पनि पाइएका-छन्। उपरोक्त १८ वटै बौद्ध सम्प्रदायको बीचमा रहेका पारस्परिक भेदलाई नलिई-कन भौतिक जगत् र मानसिक सत्ताप्रति तिनीहरूको विचारधारालाई लिएर बौद्धेतर (जैन, ब्राह्मण) दार्शनिकहरूले सबै किसिमका बौद्ध सिद्धान्तहरूलाई विभक्त गरेका चार सम्प्रदाय— वैभाषिक, सौत्रान्तिक, योगाचार र माध्यमिक-मध्ये महायानसँग सम्बद्ध पछिल्ला दुई[1] (योगाचार र माध्यमिक) का धारणा-हरू पनि एक अर्कोदेखि विपरीत छन्। उदाहरणार्थ, माध्यमिक (अर्थात् शून्यवादी) हरू संसार (भौतिक जगत्) र निर्वाण (मानसिक तत्त्व) दुबैलाइ असत्य मान्दछन् (केवल शून्यतालाई मात्र सत्य मान्दछन्)। तर योगाचार (अर्थात् विज्ञानवादी) हरू संसार (भौतिक जगत्) लाई मात्र असत्य मान्दछन्, निर्वाण (मानसिक तत्त्व) लाई सत्य मान्दछन्[2]।

त्यसैले होला बलदेव उपाध्यायले प्रस्तुत विषयमा यसोसम्म भनेकाछन्, "महासाङ्घिक (द्वितीय बौद्धसंगीतिबाट असंतुष्ट भएर छुट्टिएका) हरूले जुन सिद्धान्तलाई लिएर आफ्नो सम्प्रदायलाई स्थविरवादीहरूदेखि अलग गरे त्यही

१, बलदेव उपाध्याय– बौद्धदर्शन, सं. २००३, पृ. १६२

२. ऐ, ऐ., पृ. १६२-३

सिद्धान्तहरूको अन्तिम विकास महायान सम्प्रदाय भयो ।"[1]

हुन पनि महायान मत भनेको स्थविरवादबाट समय-समयमा फाटेर बनेका अशोककालीन केही प्राचीन सम्प्रदायबाट कालान्तरमा निस्केका अन्धक, वेतुल्ल (संस्कृत, वैपुल्य) आदि मतहरूबाट पनि विकास हुँदै आएको एउटा बौद्ध परिपाटी हो ।

महायानी विचारधाराको क्रमिक विकासको पृष्ठभूमि निम्नलिखित तरीकाले बनेको देखिन्छ ।

बौद्ध धर्म भगवान् बुद्धकै जीवन काल (ई. पू. ५६३-४८३) मा उत्तर-पश्चिमतिर गान्धारसम्म र दक्षिणतिर पैठनसम्म[2] फैलिइसकेको थियो । यो पैठनको संगै अन्धक भन्ने अर्को ठाउँ थियो । यही पैठन– अन्धक इलाका नै ई. पू. २३० देखि ई. २२५ सम्म प्रभावशाली रहेको शालिवाहन (शातवाहन पनि भनिएको) राज्यको राजधानी रहेको थियो । राजधानी अन्धकको नाउँबाटै यहाँका राजाहरू आन्ध्र राजा भनिए । पछिका आन्ध्र राजाहरूले तेस्रो राजा (ई. पू. १७१ ताकाका) नाउँ 'सातकरणी' भन्ने शब्द आ-आफ्ना नाउँसंगै धारण पनि गरेका थिए । त्यसैले यी आन्ध्र राजाहरू शालिवाहन, शा(सा) तबाहनको साथसाथै सातकरणी पनि कहिएका छन्[3] । जे होस्, यी आन्ध्र राजा-हरूकै भूभागअन्तर्गतको अन्धकमा अशोककालीन १७ सम्प्रदायकै चैत्यवाद र साम्मितीय सम्प्रदायहरूबाट पछि नयाँ मत निस्क्यो जुन यस ठाउँको नाउँबाटै 'अन्धक' मत भनियो ।

ईसवीको प्रथम शताब्दीको पूर्वार्धतिर आन्ध्र राजाले आफ्नो भूभागको उत्तरी खण्ड अलिकता गुमाउनु पर्‍यो र राजधानी अन्धकबाट धान्यकटकमा सारियो । यहाँ एउटा कुरा के स्मरणीय हुन्छ भने प्राचीन बौद्ध स्मारक, कला-कृतिहरूको लागि नामूद अजन्ता, एलौरा, नासिक, कार्ला, अमरावती, नागार्जुन कोण्डा, धरनी (णी) कोट आदि स्थलहरू यी आन्ध्र राजाहरूकै भूभाग मानिएकाछन् । वर्तमान धरनीकोट प्राचीन धान्यकटककै अपभ्रंश भनिएको छ । वज्रयान अर्थात् तान्त्रिक बौद्ध धर्मसंग सम्बन्धित रहेको श्री पर्वत पनि यही इलाकामा पर्दछ ।

नासिक र कार्लामा प्राप्त भएका शिलालेखहरूबाट यो पनि सिद्ध हुन्छ त्यहाँ अशोककालीन १८ बौद्ध सम्प्रदाय (यिनीहरूको नामावली पछि तल आउंछ) मध्येकै महासाङ्घिक र धर्मोत्तरी दुइ सम्प्रदाय प्रचलित थिए ।[4]

त्यस वेला धान्यकटक र श्रीपर्वत भनिएका ठाउंहरूमा पूर्वशैलीय,

---

१. ऐ. ऐ., पृ. ११७

२. राहुल सांकृत्यायन– पुरातत्त्वनिबन्धावली, ई. १९५७

३. L. Mukharjee– History of India, Hindu Period

४. रा. सांकृत्यायन - पुरातत्त्वनिबन्धावली, ई. १९५७

राजगिरिक, सिद्धार्थक भन्ने मतहरू निस्केका थिए। प्रसिद्ध महायानी ग्रन्थ प्रज्ञापारमिताको टीका 'माध्यमिककारिका' लेख्ने एवं शून्यवादको विशेष प्रचार गर्ने आचार्य नागार्जुन पनि ईसवीको दोस्रो शताब्दीमा यही धान्य कटक र श्रीपर्वतमा बस्ने गरेका थिए ![1]

यस सम्बन्धमा विचार गरिनु पर्ने अर्को एउटा कुरा के छ भने उपरोक्त अन्धक मतसंग एकदम तादात्म्य रहेको वेतुल्ल (संस्कृत, वैपुल्य) वादको खण्डन कथावत्थु (संस्कृत, कथावस्तु)को अन्त्यमा परेको छ। यो कथावत्थु मोग्गलिपुत्त तिस्सले अशोकको राज्यकालमा भएको तेस्रो बौद्ध संगीति (ई. पू. २४८) पछि लेखेका थिए। यसमा त्यस ताका स्थविरवादबाहेक अरू १७ वटा मात्र सम्प्रदाय भएको उल्लेख छ। कथावत्थुको पछिल्लो अंश राहुल सांकृत्यायनअनुसार ईसवीपूर्व प्रथम शताब्दीसम्ममा पूरा गरिएको थियो। तसर्थ त्यसको अन्त्यमा परेको वेतुल्लवादको खण्डन ई० पू० प्रथम शताब्दीको हुनुपर्दछ। ई० पू० प्रथम शताब्दीमा खण्डन समेत गर्नु पर्ने स्थितिमा पुगिसकेको वेतुल्लवाद कम से कम ई० पू० प्रथम शताब्दीको वा त्यसभन्दा अगाडिको हुनैपर्दछ र यो आन्ध्र राज्यमा व्याप्त थियो होला। यही अन्धक, पूर्वशैलीय, अपरशैलीय आदि र वेतुल्लवाद (यिनीहरूको केही चर्चा तल पनि गरिएको छ) नै महायानका पूर्व रूप थिए।

कथावत्थुको अट्ठकथा (संस्कृत, अर्थकथा जुन झन पछि लेखिएको थियो) मा वेतुल्लवादीहरूलाई महाशून्यतावादी भनिएकोबाट प्रज्ञापारमिता सूत्रमा उल्लिखित शून्यवादको स्रोत पनि यही वेतुल्लवाद नै भएको देखिन आउँछ।

----

१. शून्यवादका विशेष प्रचारक नागार्जुनको निवासस्थान दक्षिण भारतको श्रीपर्वतमा र त्यसको नगीच श्रीधान्यकटकमा थियो भनेर तिब्बती ग्रन्थमा लेखिराखेको उल्लेख राहुल सांकृत्यायनले गरेका छन् [कर्ग्याङ-दंल-ग्युङ-बुम, (ल्हासा) च, पृ. ६ क- पुरातत्वनिबन्धावली, पृ. १०८, पादटिप्पणी]।

फेरि 'मञ्जुश्रीमूलकल्प-' मा यसो लेखिएको छः-

गच्छेद् विदिशां तन्त्रज्ञः सिद्धिकामाप्लवांद् भवाम्।
पश्चिमोत्तरयो मध्यं स देशः परिकीर्तितः॥

[मञ्जुश्रीमूलकल्प, त्रिवेन्द्रम् संस्करण, ई. १९२०, पटल, १८]

यहाँ उल्लिखित विदिशा भनेको ठाउँ वर्तमान ग्वालियर राज्यको भिलसा हो। लेखकले विदिशालाई 'पश्चिमोत्तरयो मध्यं' भनेर लेखेको कुरा आन्ध्र प्रदेशको जिल्ला गुन्टुरस्थित वर्तमान धरनीकोट (प्राचीन धान्यकटक मानिएको), गहरल्लबडु वा नागार्जुन कोंडा र अमरावती (प्राचीन श्रीपर्वत मानिएको)को अवस्थितिसित एकदम मेल खान्छ। यही भेकमा बसेर मात्र कुनै पनि लेखकले वर्तमान भिलसा (तत्कालीन विदिशा)लाई उत्तर पश्चिमको बीचमा परेको ठाउँ भन्न मिल्दछ।

यस विषयमा तल यथास्थानमा अरू चर्चा गरिएको छ।

महायानको उत्पत्तिबारे तिब्बती ग्रन्थ 'ब्रुग–प–पद्म–द्कर्–पो'–को 'छोस्–ब्युङ', पृष्ठ १४ कमा यसो लेखिएको छ, "बुद्धले बोधिज्ञान प्राप्त गरेको पहिलो वर्षमा ऋषिपत्तनमा श्रावक धर्मचक्र प्रवर्तन गरे; तेह्रौं वर्षमा राजगृहको गृद्धकूट पर्वतमा महायान धर्मचक्र प्रवर्तन गरे।"[1]

यस्तै जापानमा मानिने तेन्दई मतअनुसार भगवान् बुद्धले अवतंसक सूत्र (महायानका गूढ रहस्यहरू प्रतिपादन गरिएको) सम्बोधि प्राप्तिपछि तीन हप्तासम्म, आगम सूत्र सारनाथमा १२ वर्षसम्म, वैपुल्य सूत्र ८ वर्षसम्म, प्रज्ञा-पारमिता २२ वर्षसम्म र सद्धर्मपुण्डरीक ८ वर्षसम्म उपदेश गरेका थिए।[2]

तर त्रिपिटकमा कतै यस्तो कुनै उल्लेख पाइन्न। न त त्यसमा 'महायान' वा 'हीनयान' शब्दकै उल्लेख कतै भएको छ। त्रिपिटकको कुरै छाडौं, तेस्रो बौद्ध संगीति (ई० पू० २४८ ताका) पछि निकालिएको मोग्गलिपुत्त तिस्स (मौद्गलि-पुत्र तिष्य)को कथावत्थु (जुन पछि प्रथम शताब्दी ईसवीसम्ममा थपथाप गरेर पूरा गरियो) सम्ममा पनि यी शब्दहरूको प्रयोग भेटिन्न।

तसर्थ तिब्बती ग्रन्थ र जापानी ग्रन्थका उपरोक्त कुराहरू तथ्यपूर्ण र मान्य हुन सक्तैनन्। यस्तो कुरा धार्मिक भावनाबाट प्रेरित भएर मात्र लेखिएको हुनुपर्दछ।

त्रियान अर्थात् श्रावक यान, प्रत्येक बुद्ध यान, सम्यक् संबुद्ध यान भनिदा 'यान' शब्दको प्रयोग भइसकेको छ। फेरि, तेस्रो बौद्ध संगीति समय (ई० पू० २४८ ताका) भन्दा अगाडि नै वात्सीपुत्रीय (वृजिपुत्रक) बाट निस्केका शाखाहरूमध्ये एउटा सम्प्रदायको नाउँ 'भद्रयाणिक'–मा 'भद्र यान' शब्द प्रयुक्त भएको छ। यो शब्दबाट 'महायान' शब्द धेरै नजीच भइसकेको छ।

यसै सन्दर्भमा विचारणीय कुरा एउटा के पनि छ भने 'सद्धर्मपुण्डरीक' र 'प्रज्ञापारमिता' जस्ता महायानी ग्रन्थहरूमा संगालिएका दार्शनिक विचारहरूको स्रोत महायानी भिक्षु मञ्जुश्री मानिएका छन्। 'सद्धर्मपुण्डरीकको मूल रूप प्रथम शताब्दीमा सङ्कलित गरिएको थियो......नागार्जुन (द्वितीय शताब्दी) ले यसलाई आफ्नो ग्रन्थमा उद्धृत गरेका छन्।'[3] एक थरी प्रज्ञापारमिता चीन पुगेर ई. १७९ मा चीनी भाषामा यसको अनुवाद भइसकेको र द्वितीय शताब्दीमा नागार्जुनले यसको व्याख्या 'माध्यमिककारिका' लेखेका मात्र थिएनन् कि उनले आफ्नो शून्यवादको तत्त्व यसै (प्रज्ञापारमिता) बाट ग्रहण गरेका थिए।[4]

यस विषयमा रीस डाभिड्स्ले यसो लेखेका छन्, 'यो असम्भव छैन कि

---

१. राहुल सांकृत्यायन– पुरातत्वनिबन्धावली, पृ. ११३
2. Suzuki— Essays in Zen Buddhism, p. 222-231
३. बलदेव उपाध्याय– बौद्ध दर्शन, पृ. १२६
४. ऐ. ऐ पृ. १३०, १९५, ३१२

वोधिसत्व मञ्जुश्रीको नाउँ ती भारतीय भिक्षुको नाउँबाट लिइएको हुन सक्तछ जसले परम्पराअनुसार नेपालमा वौद्ध धर्मको र यसको साथै सभ्यताको नेपालमा प्रवेश गराए। 'मञ्जु'-को माने 'मोह पार्ने, राम्रो' र 'सौभाग्य, र समृद्धि, गौरव' को अर्थ-वोधक तथा 'श्री' देउता र मानिसका नाउँमा लाग्ने साझा शब्द भएकोले कम से कम यस नाउँको अघिल्लो भाग देउताको भन्दा बढ्ता मानिसकै देखिन्छ धर्म-प्रचारक मञ्जुश्री बुद्ध परिनिर्वाणको करीब चार सय पचास वर्षपछि जीवित रहेका देखिन्छन् तथा उनी त्यस विचारधाराका संस्थापक मानिएका छन् जुन अन्तमा गएर महायान बन्यो।[1]

तिब्बतका प्रसिद्ध वौद्ध इतिहासकार तारानाथ (जन्म १५७३ ई.) को लेखलाई उद्धृत गर्दै सिलभाँ लेभिले पनि आफ्नो नेपालको इतिहासमा यसो लेखेका छन्, 'मञ्जुश्री (उडीसाका राजा) महापद्मको राज्यकालभन्दा केही समयपछि उडीसाका राजा चन्द्रगुप्तको राज्यकालमा देखापरेका थिए...... यो घटना (बुद्धको) निर्वाणको ४५० वर्षपछितिरको (४८३-४५० = ३३ ई.पू.) थियो।'

उपरोक्त भनाइहरूबाट के देखिन्छ भने बुद्ध निर्वाणको ४५० वर्ष जति पछि अर्थात् ई.पू. ३३ सालताका भारतमा मञ्जुश्री नाउँका एक जना महायानी भिक्षु थिए। यिनी ईसवीपूर्व प्रथम शताब्दी र ईसवीको प्रथम शताब्दीमा जीवित रहेका देखिन्छन्। यिनी ती विचारधाराका प्रतिपादक थिए जुन पछि 'प्रज्ञापारमिता' र 'सद्धर्मपुण्डरीक' ग्रन्थहरूमा प्रतिपादित गरिए।

सौत्रान्तिकहरूअनुसार मञ्जुश्री एक भिक्षुको रूपमा देखा परेर महायानको एउटा मतको विशेष प्रतिपादन गरे तथा 'अष्टसाहस्रिक-प्रज्ञापारमिता' ग्रन्थ छाडेर गए।

यी उद्धरणहरूबाट के थाहा हुन्छ भने ई.पू. प्रथम शताब्दी वा ईसवी प्रथम शताब्दीमा मञ्जुश्री[2] नाउँका एक जना महायानी विचारधाराका भिक्षु जीवित थिए तथा यिनकै दार्शनिक विचारहरू सङ्गालेर सद्धर्मपुण्डरीक र प्रज्ञापारमिता ग्रन्थहरू लेखिए। त्यस ताका महायानी मत झन्झन् व्यापक, लोकप्रिय र प्रभावशाली बन्दै आइरहेको सिद्ध हुन्छ। सम्राट् कनिष्कको समय (ई. ७८-१२०) मा शाही अर्थात् सरकारी मान्यता र समर्थन पनि प्राप्त गर्न महायान मतावलम्बीहरू सफल भए।

सांसारिक दुःखहरूबाट मुक्ति अर्थात् निर्वाण प्राप्त गर्ने तीन थरी व्यक्ति– अर्हत्, प्रत्येक बुद्ध र सम्यक् संबुद्धको उल्लेख जुन त्रिपिटकमा गरिएकोछ

---

1. T. W. Rhys Davids-- Buddhism, 1912, London, L. 202

२. मञ्जुश्रीः– ईसवी पूर्व वा ईसवीको प्रथम शताब्दीमा नेपाल (अर्थात् वर्तमान काठमाडौं) उपत्यकामा महायानी बौद्ध धर्म प्रचार गर्ने व्यक्ति चीनबाट आएका बोधिसत्व होइनन् कि यही भारतका भिक्षु मञ्जुश्री थिए भन्ने सप्रमाण र सविस्तार व्याख्या मैले NEPAL SCOPE नाउँको अंग्रेजी पत्रिकाको Vo. 1 IV, No. 8 मा गरेको छु।

तिनको श्रावक (अर्थात् हुने लक्ष्य लिएको) यान, प्रत्येक बुध (अर्थात् आफ्नै परिश्रमले बोधिज्ञान प्राप्त गर्ने तर अरूहरूलाई त्यसको उपदेश दिएर बुझाउन नसकी) यान र बोधिसत्व (अर्थात् आफूले प्राप्त गरेको सम्यक् संबोधि ज्ञानद्वारा संसारका दुःखी प्राणीहरूको पनि उद्धार गर्नामा संलग्न रहने एवं त्यस कार्यको लागि आफ्नो निर्वाणसम्म पनि स्थगित राख्ने) यानमध्ये पछिल्लो अर्थात् बोधिसत्व यानको विचार ईसवीको प्रथम शताब्दी ताका निक्कै प्रभावशाली भएको बुझिन्छ। यसबारे लामा अनागारिक गोविन्द लेख्छन्, 'यस्तो देखिन्छ कि प्रारम्भ (त्रिपिटक) मा (विशिष्ट) व्यक्तिको रूपमा मानिएका अर्हत्, प्रत्येक बुद्ध र सम्यक् संबुद्धलाई सम्राट् कनिष्कको समय (ई. ७८-१२०)[१] ताका आदर्श पुरुषको रूपमा मान्न थालियो। यस अनुसार सम्यक् संबुद्धबाट सिकेर आफू एक्लै मात्र निर्वाण हुन सक्ने अर्हत र आफ्नै प्रयत्नले बोधिज्ञान प्राप्त गरे पनि अरू प्राणीहरूलाई त्यसको शिक्षा दिन नसक्ने प्रत्येक बुद्धभन्दा आफ्नो निर्वाणको समेत परवाह नगरी संसारका असंख्य प्राणीहरूको उद्धारमा तल्लीन रहने बोधिसत्व निःसन्देह उच्च ठानियो। तसर्थ असंख्य प्राणीहरूलाई संसाररूपी अँध्यारो समुद्रपारि निर्वाणको किनारसम्म लगिदिन सक्ने (बुद्ध) यानले महायान अर्थात् उपल्लो, बढिया यानको संज्ञा पायो। अरूहरूको केही हदसम्म भलाई गर्ने भए पनि वैयक्तिक मुक्ति नै सर्वोपरि मान्ने अरू ज्ञान (श्रावक यान र प्रत्येक बुद्ध यान) हीनयान (अर्थात् तल्लो, घटिया यान) भनियो। सम्राट् कनिष्कको महासंगीति (अर्थात् चौथो बौद्ध संगीति) मा उपस्थित भएका अधिकांशले महायानी आदर्शलाई नै अङ्गीकार गरे।'[2]

यही प्रसङ्गमा विनयतोषले पनि यसो लेखेका छन्, कनिष्कको संगीतिमा 'महायान' नाउँको एउटा सानो तर प्रभावशाली सम्प्रदाय थियो। त्यस सभामा तिनीहरूको संख्या नगण्य थियो। तर दुई पुस्तापछि प्रज्ञा पारमिताका व्याख्याकार नागार्जुन (ई. १६६-९६ ताका) र उनका प्रभावशाली शिष्य आर्यदेव (ई. २००-२२४ ताका) अन्तर्गत तिनीहरू (महायानीहरू) ले ठूलो प्रगति गरे। तिनीहरू दुवै कट्टर शून्यवादी थिए र महायान बौद्ध धर्मका प्रारम्भिक वघडान समर्थक थिए।'[3]

यहाँनिर ध्यान दिइनु पर्ने कुरा एउटा के हुन्छ भने शून्यवादको उदय न ता नागार्जुनबाट भयो न विज्ञानवाद मैत्रेयनाथ (चौथो शताब्दी ईसवी लगभग) बाट। यी मत ती आचार्यहरूको समयभन्दा निक्कै प्राचीन छ। शून्यवादको प्रतिपादन प्रज्ञापारमिता सूत्रमा र विज्ञानवादको मूल लङ्कावतार सूत्रमा पाइन्छन्।[४]

---

१. तक्षशिला र लेडु अभिलेखहरूमा दिइएका मितिहरूअनुसार
2. Lama Anagarika Govinda-- The Significance of Om and Foundations of Mantric Lore (h. III).
3. Benoytosh Bhattacharya-- Evolution of Buddhist Iconography
४. बलदेव उपाध्याय— बौद्ध दर्शन, पृ. १९५

यही प्रसङ्गमा राहुल सांकृत्यायनले यसो लेखेका छन्, 'केही आचार्यहरूले अरू दुइटा यानलाई वास्ता नगरी बुद्धयान एउटालाई मात्र धरे जोड दिए... यसरी पछि केवल बुद्धयान वा महायानको प्रशंसा गर्न गरे। यो कुरा सम्झनु आवश्यक छ कि अठाह्रै निकायले तीनै यान मान्दछन् । यिनीहरूको भनाइ के छ भने कुनै एउटा यान छान्नु निर्वाणका इच्छुक व्यक्तिहरूको आ-आफ्नो स्वाभाविक झुकाउ (प्रवृत्ति) मा निर्भर हुन्छ ।'[1]

यसरी ईसवीको दोस्रो र तेस्रो शताब्दीमा महायान भारतमा झन्-झन् प्रभावशाली भइसकेको थियो । रीस डाभिड्स (Rhys Davids) अनुसार ई. पू. प्रथम शताब्दी र ई. प्रथम शताब्दीका भिक्षु मञ्जुश्रीले नै महायानी विचारधारा प्रचार गरिसकेका थिए जुन सद्धर्मपुण्डरीकमा पछि लेखियो ।[2] त्यस्तै सौत्रान्तिकहरूअनुसार 'अष्टसाहस्त्रिक प्रज्ञापारमिता' शीर्षक महायानी ग्रन्थ भिक्षु रूप धारण गरेका मञ्जुश्रीले छाडेर गएका थिए ।[3] बुद्ध यान भनौं वा महायान भनौं श्रावक यानभन्दा एकदम खुकुलो, परिस्थितिअनुसार हेरफेर गरिएको र व्यवहारमा मात्र सजिलो भएकोले यसका अनुयायीहरू बर्रै संख्यामा बढ्न थाले । यसको विपरीत श्रावक यान अर्थात् शुद्ध स्थविरवाद र यसबाट निस्केका अरू कतिपय सम्प्रदायहरूका अनुयायीहरूको संख्या घट्दै गयो र कति सम्प्रदाय त विलाए पनि । सामान्यतया के मानिएको छ भने महायान ईसवीको दोस्रो शताब्दीदेखि आठौं शताब्दीसम्मको अवधिभित्र व्यापक बन्यो । यही अवधिभित्र भिन्न-भिन्न युगमा भिन्न-भिन्न व्याख्यानकर्ताहरूले असंख्य सिद्धान्त र व्याख्यानहरू लेखे ।

यहाँनिर भारतको तत्कालीन राजनैतिक स्थितिको पनि खयाल राख्नु पर्दछ । स्थविरवादी सम्प्रदायका समर्थक सम्राट् अशोकका सन्तान मौर्य सम्राट्हरूको पतनपछि ई. पू. १८५ देखि ई. पू. ७३ सम्म सत्तामा रहेका शुङ्गवंशी राजाहरू र ई. पू. ७३ देखि ई. पू. २८ सम्म सत्ता सम्हाल्ने काण्ववंशी राजाहरू बौद्धधर्मका कट्टर दुश्मन थिए । शुङ्ग राजाहरूकै राज्यकालमा पाटलिपुत्र (पटना) देखि सियालकोट (काश्मीर) सम्मका स्तूप, विहारहरू सर्वत्र ध्वस्त पारिए । यही बेला कतिपय स्थविरवादीहरूले लङ्कामा भागेर आफ्नो धर्मको रक्षा गरे । यस्तो हालतमा स्थविरवाद शिथिल हुँदै जानु र बौद्ध नै भनाएर बाँच्न चाहनेहरूले आफ्नो दर्शन, व्यवहारलाई परिस्थिति अनुकूल परिवर्तनशील बनाउँदै जानु स्वाभाविक नै थियो । यसैले होला सम्राट् कनिष्कको पालामा भएको चौथो बौद्ध संगीतिमा स्थविरवादीहरूको उपस्थिति नभएको र सर्वास्तिवादीहरूको बोलबाला भएको थियो । यहीताका बौद्ध साहित्यमा पनि पालीको ठाउँ संस्कृतले लिइसकेको थियो । सद्धर्मपुण्डरीक, प्रज्ञापारमिता,

---

१. राहुल सांकृत्यायन--- भारत में बौद्ध धर्मका उत्थान औ पतन
2. Rhys Davids-- Buddhism, 1912, London
3. Sylvain Levi-- Le Nepal, Vol. 1

लङ्कावतार सूत्र आदि महायानी ग्रन्थहरूको रचना भएको समय पनि यही ताका थियो। ई. पू. ४० सालदेखि ई० २०६ सम्म कुषाण वंशको राज चलेपछि उत्तर भारत र केही अंशमा दक्षिणमा समेत दुई तीन शताब्दीसम्म नागहरूको र वाकाटकहरूको राज्य कायम भयो। यिनीहरू पनि बौद्ध धर्मका विरोधी नै थिए।

बौद्ध धर्मको मूल थलो उत्तर भारतको प्रशासनिक स्थिति नै स्थविर-वादी बौद्ध धर्मको प्रतिकूल रहेको बखतमा कट्टरपन्थी बौद्धहरूले या त अन्यत्र भाग्नु या त आफ्ना धार्मिक विचारधारा र व्यवहार प्रशासकहरूको अनुकूल बनाउनु आवश्यक थियो।

जे होस्, कुषाण सम्राट् कनिष्कको राज्यकाल (ई. ७८–१२०) मा भएको चौथो बौद्ध संगीतिमा भाग लिन आएका सम्प्रदायहरूमा महायान सम्प्रदाय देखापरिसकेको थियो चीन सम्राट् उ ति (ई० ५०२-५४६) को अनुरोधमा ई० ५४६ मा भारतबाट चीनमा जाने बौद्ध श्रावकहरूमध्ये एक जना परमार्थले चीनी भाषामा अनुवाद गरेका ग्रन्थहरूमध्ये अहिले पनि पाइने अश्वघोष (प्रथम शताब्दीका एवं सम्राट् कनिष्कका समकालीन) का 'महायान श्रद्धोत्पादशास्त्र' र असंग (ई० चौथो शताब्दी) का 'महायानसम्परिग्रहशास्त्र' थिए' भनिएकोबाट पनि यसको पुष्टि हुन्छ।[2]

यो भयो 'महायान शब्दको सिर्जनाबारे चर्चा। अब महायानी विचार-धाराको विकासको ऐतिहासिक क्रमतिर पनि एक विहङ्गम दृष्टि लगाऔं।

१:– बलदेव उपाध्याय– बौद्ध दर्शन, पृ. ४७१

२:– "हीनयान र महायान भन्ने शब्दहरू ई० प्रथम शताब्दीमा राजा कनिष्कको संगीतिको अवधिमा विभिन्न सम्प्रदायका प्रतिनिधिहरूले निर्वाणका विभिन्न आदर्श र मार्गबारे छलफल गर्दा पहिलो पल्ट सिर्जना गरिएका हुन्। त्यसमा सबै बौद्ध सम्प्रदायहरूका आपसी मतभेदहरूको बीचमा समन्वय राख्न सक्ने क्षमता महायानी आदर्शहरूमा मात्र रहेको ठहरियो। तसर्थ संगीतिमा उपस्थित अधिकांश प्रतिनिधिहरूले महायानको पक्षमा मत दिए तथा हीनयानलाई समर्थन गर्ने अल्प संख्यक टोलीहरू त्यसको लगत्तै पछि भनेजसो बिलाए भन्ने कुरामा कुनै आश्चर्य छैन।

तर त्यस संगीतिमा (भारतीय मुख्य भूभागबाट बिलाइसकेका हुनाले) उपस्थित नरहेका थेरवादीहरूलाई, साँच्चै कुरा गर्ने हो भने, हीनयानी भन्न सकिन्न। किनभने उनीहरूले बोधिसत्व यानलाई अस्वीकार गरेका छैनन्।

नारद थेर भन्छन्, "बौद्ध धर्म भनेको आआफ्नै वैयक्तिक निर्वाण प्राप्त गर्न खोज्ने तथा आआफ्नै वैयक्तिक निर्वाणको लागि र अरूहरूको निर्वाणको लागि पनि काम गर्ने दुबै थरीलाई समान रूपले आह्वान गर्ने उपदेश हो।"

Foundation of Tibetan Mysticism, 1977, 1st Indian edition by Lama Anagarika Govinda, p. 41.

महायानी विचारधाराको विकासको विषयमा भारत, लङ्का, तिब्बत, चीन आदि देशका बौद्ध ग्रन्थहरूको विस्तृत अध्ययनबाट सारांश निकाल्दै राहुल सांकृत्यायनले निम्न आशयको कुरा लेखेका छन् ।

सम्राट् अशोकको राज्य कालमा तृतीय बौद्ध संगीति भएको बेला मोग्गलिपुत्त तिस्सले आफ्नो 'कथावत्थु' (कथावस्तु)मा स्थविरवाद बाहेक त्यस ताका प्रचलित रहेका अरू १७ वटा[1] सम्प्रदाय अन्तर्गतका जम्मा २१४ वटा सिद्धान्तहरूको खण्डन गरेका थिए । तीमध्ये ८२ वटा त अन्धक सम्प्रदायवालाहरूका थिए ।

ती १७ सम्प्रदायमध्येके महासांघिकको एक शाखा चैत्यवाद र वृजिपुत्रकको एक शाखा साम्मितीय सम्प्रदायबाट ई.पू. प्रथम शताब्दीसम्ममा तत्कालीन आन्ध्र राज्यको धान्यकटक, श्रीपर्वत र यसको सेरोफेरोमा केही नयाँ मतहरू विकसित भइसकेका थिए । अन्धक भन्ने ठाउँबाट शुरू भएको हुनाले नै यस राज्यलाइ आन्ध्र राज्य (ई. पू. २२०– ई. २२५ लगभग) कहिएको हो । तसर्थ 'अन्धक मत' भन्नाले त्यहीं अन्धक र पछि राजधानी गरिएको धान्यकटक, श्रीपर्वत (वर्तमान आन्ध्र प्रदेशको गुन्टुर जिल्लाको धरनीकोट, नागार्जुनी कोंडा, अमरावती आदि स्थान) र आसपास पूर्वी पहाडमा विकसित भएको 'पूर्व शैलीय,' पश्चिम पहाडमा विकसित भएको 'अपर शैलीय,' त्यहीं कतै अरू दुइ ठाउँमा विकसित भएको 'राजगिरिक' र 'सिद्धार्थक' चार मत समावेश हुन्छन् ।

यी अन्धकहरू बुद्धको व्यवहारलाई लोकोत्तर मान्दथे (कथावत्थु, २।८) तथा खास मतलव (एकाभिप्रायेण)ले मैथुनको सेवन गर्न सकिन्छ (कथावत्थु,

---

१:- बौद्ध सम्प्रदाय परम्परा→



२३।१) भन्दथे। यिनीहरूको यस्तो सिद्धान्त वैपुल्य (पाली, वेतुल्ल) वादीहरूले बुद्धको ऐतिहासिकतालाई नै इन्कार गरेर 'बुद्ध मनुष्य लोकमा बसेनन्' (ऐ, १८।१), 'बुद्धले धर्मको उपदेश दिएनन्', 'खास अभिप्रायले मैथुनको सेवा गर्न सकिन्छ' भन्नुसित ठ्याक्कै मिलदछ।

यी तीनै कुरा बौद्ध धर्ममा भयङ्कर हलचल मचाउने खालका थिए— विशेष गरेर ऐतिहासिक बुद्धको अस्तित्वकै इन्कार तथा खास स्थितिमा मैथुनको लागि अनुमति। पहिलोमा महायानको अन्तिम विकाससम्मको स्पष्ट पूर्व रूप पाइन्छ र दोस्रोमा वज्रयान अर्थात् तान्त्रिक बौद्ध धर्मको स्फुट बीज।

कथावत्थुमा वेतुल्लवादको खण्डन अन्त्यतिर मात्र अर्थात् खण्ड १७,१८ र २३ मा पर्नु तथा अन्धक र वेतुल्ल सिद्धान्तमा समानता हुनु एकदम विचारणीय छ। अर्को कुरा कथावत्थुमा वेतुल्लवादको मात्र खण्डन हुनु र शून्यवादको उल्लेख नहुनु एवं यसको अट्ठकथामा मात्र वेतुल्लवादीहरूलाई महाशून्यतावादी भनिनुबाट एकातिर शून्यवादको उत्पत्ति वेतुल्लवादबाटै भएको भन्ने र अर्कोतिर वेतुल्लवाद र शून्यवाद एउटै हुन् भन्ने सिद्ध हुन्छन्।

अन्धक भन्ने ठाउँमा निस्केको मत अन्धक कहियो। अन्धकको र वेतुल्ल मतको समानता भएबाट यो पनि अन्धक जस्तै कुनै ठाउं विशेषमा निस्केको मत हुन सक्छ। अथवा उपरोक्त अन्धक मतहरूको एकीकरण अर्थात् संयुक्त भएर विपुल भएपछि 'वैपुल्य' (= वे‍ुल्ल कहिएको पनि हुन सक्छ। यस विषयमा यसै हो भन्न सकिएको छैन।

यस्तै अन्धक र वैपुल्य सिद्धान्तहरूमा पाइएको ऐकात्म्यबारे अनेक प्रमाणहरूको चर्चा गरिसकेपछि राहुल सांकृत्यायन आपनो कृति 'पुरातत्व-निबन्धावली'मा अन्तमा लेख्छन्, '... इस लिए महायान अन्धकों (पूर्वशैलीय आदि उपरोक्त चार सम्प्रदाय) और वैपुल्य (पाली, वेतुल्ल) वादके सम्मिलित रूपका नाम है।''

[पुरातत्वनिबन्धावली, पृ० १०७]

पछि महायानले लिएका कतिपय वेतुल्लवादी विचारधाराको खण्डन 'कथा वत्तु'—को अन्त्यमा गरिएको, त्यसमा वेतुल्लवाद अन्तर्गतको शून्यवादको खण्डन नपरेको, महावंशमा वेतुल्लवाद ई. पू. प्रथम शताब्दीमा नै लङ्कामा पुगिसकेको भनिएको (पुरा०—पृ. १०७) बाट यो ई. पू. प्रथम शताब्दीकै प्रारम्भिक दशकहरूमा दक्षिण भारततिर निकै प्रभावशाली भइसकेको सिद्ध हुन्छ। राहुल सांकृत्यायनले यतिसम्म भनेका छन्, ''हो सकता है पिछले समयमें जब चारों अन्धक सम्प्रदाय एवम् उन्हीकी एक शाखा वेतुल्लवाद एक हो गये, तब सब को ही वेतुल्ल कहा जाने लगा हो।'

संक्षेपमा 'महायान सूत्र'- अन्तर्गत[1] चीनमा प्रज्ञापारमिता, रत्नकूट,

---

1. Benjio Nanjio— A Catalogue of the Buddhist Tripitaka

वैपुल्य, अवतंसक र निर्वाण सूत्रहरू एवं तिब्बतको तन्जूरमा प्रज्ञापारमिता, रत्नकूट, वैपुल्य, सूत्र (प्रकीर्ण) र निर्वाण सूत्रहरू लिइन्छन्। 'मञ्जु श्रीमूलकल्प'[2] मा हरएक पटलको अन्त्यमा परेका 'बोधिसत्वपिटकादवतंसकात् महायान वैपुल्य-सूत्रात्' भन्ने शब्दहरूबाट महायान र वैपुल्य सूत्र एउटै भएको बुझिन्छ। लङ्काको 'निकायसंग्रह'–मा अन्धकवादीहरू 'रत्नकूट'–का रचयिता र वेतुल्लवादीहरू 'वैपुल्य (वेतुल्ल) पिटक'– का रचयिता भनिएकोबाट[3] पनि रत्नकूट र वैपुल्य पिटक महायानी हुन् भन्ने सिद्ध हुन्छ।

अन्तमा राहुल सांकृत्यायन लेख्छन्, "प्रज्ञापारमिता, रत्नकूट, वैपुल्य आदि सूत्र महायान के हैं, इस में तो किसी को सन्देह हो ही नहीं सकता; और इसी से वैपुल्यवाद (वेतुल्लवाद) वही है, जिसे हम आजकल महायान कहते हैं। या यों कहिए कि, वेतुल्ल या वैपुल्य वह नाम है जिस से आरम्भिक काल में महायान प्रसिद्ध हुआ। आरम्भमें, महायान कहलाने में, उन्हे सफलता नहुइ थी।"

●

---

२. ईसवीको प्रथम, दोस्रो वा तेस्रो शताब्दीमा लेखिएको [बलदेव उपाध्याय- बौद्ध दर्शन, वि. सं. २००३, पृ. ४२७, ४३०]

३. 'अन्धकयो रत्नकूटाविबू शास्त्रान्तर रचना कलह', निकाय संग्रह, सिलोन सरकार, १९२२ & पुरातत्वनिबन्धावली, पृ. १०७

लेखनाथ जन्म-शताब्दी समारोह समितिको विवरण

प्रस्तोता – रमा शर्मा
सदस्य सचिव

आधुनिक नेपाली काव्य-युगका निर्माता कविशिरोमणि श्री लेखनाथ पौड्याल साहित्य-जगत्का एक महारथी हुन्। नेपाली काव्य-जगत्मा भाषागत र भावगत परिष्कार ल्याई यसलाई उच्च तहमा पुऱ्याउने कार्यमा लेखनाथ पौड्यालको भूमिका अत्यन्त महत्वपूर्ण छ। यिनका काव्यका यिनै गुण-गरिमाले गर्दा लेखनाथ 'कविशिरोमणि'को उपाधिबाट सम्मानित हुन पुगे। जीवितावस्थामा यिनको रथयात्रासहितको भव्य अभिनन्दन भयो। दिवंगत बनिसकेपछि सार्वजनिक रूपमा शोकसभाको आयोजना भयो, राष्ट्रले शोक मनायो। लेखनाथ-जयन्ती मनाई हर साल साहित्यकारबाट श्रद्धाञ्जलि अर्पण गरिँदै छ। मृत्योपरान्त पनि त्रिभुवन पुरस्कारबाट यिनी सम्मानित बने। यिनको चित्राङ्कित हुलाक टिकट प्रकाशित भयो, चित्र छापिई वितरित भयो।

नेपालका एक मात्र कविशिरोमणि लेखनाथ राष्ट्रभाषा र साहित्यका प्रतीक हुन्। लेखनाथ व्यक्ति होइनन्, राष्ट्रभाषा हुन्, साहित्य हुन्। उनको सम्मान गर्नु राष्ट्रभाषा साहित्यको सम्मान गर्नु हो, राष्ट्रभाषाका सेवामा समर्पित समस्त साहित्यकारको कदर गर्नु हो, मर्यादा बढाउनु हो।

अहिले कविशिरोमणि लेखनाथको जन्म-शताब्दी समारोह अधिराज्य-भरि मनाइँदैछ। २०११ सालमा कविशिरोमणिको विश्वमै अद्वितीय रथयात्रा-सहितको अभिनन्दन, २०२२ सालमा लेखनाथको निधनपछि सार्वजनिक शोक-

सभाको आयोजना, २०२३ सालदेखि हरसाल कविशिरोमणिको जयन्ती समारोहको आयोजना गर्न नेपाली शिक्षा परिषद्ले कविशिरोमणिको जन्म-शताब्दी भव्य तवरले मनाउनका लागि २०३९ साल पूस ३ गते र चैत १९ गते विभिन्न क्षेत्रका विशिष्ट व्यक्तिहरूलाई निम्त्याई दुई विशेष बैठकको आयोजना गर्‍यो जसमा क्रमशः लेखनाथ जन्म-शताब्दी मनाइनु राष्ट्रिय महत्त्वको विषय भएकाले सो समारोह वर्षव्यापी कार्यक्रमका साथ भव्य तवरले २०४० सालमा (१०० औं जयन्तीका समयदेखि) मनाउन आरम्भ गर्ने र यसका निमित्त नेपाली शिक्षा परिषद्को तत्त्वावधानमा 'लेखनाथ जन्म शताब्दी समारोह समिति' गठन गर्ने निर्णय भयो। यसअनुसार २०३९ साल चैत १९ गते परिषद्का अध्यक्ष कविवर श्री सिद्धिचरण श्रेष्ठज्यूका अध्यक्षतामा 'लेखनाथ जन्म-शताब्दी समारोह समिति' गठन भयो। यसअन्तर्गत पाँच उपसमितिहरू बने। ती हुन्–

१. लेखनाथ स्मृति भवन निर्माण उपसमिति
२. अर्थ सङ्कलन उपसमिति
३. कार्यक्रम तर्जुमा उपसमिति
४. प्रचार-प्रसार उपसमिति
५. लेखनाथस्मृतिग्रन्थ-प्रकाशन उपसमिति

यिनका संयोजकहरू क्रमशः श्री सरदार भीमबहादुर पाण्डे, श्री बद्री-विक्रम थापा, श्री डा. वासुदेव त्रिपाठी, श्री क्षेत्रप्रताप अधिकारी र श्री रमा शर्मा हुनुहुन्छ।

लेखनाथ जन्म-शताब्दी समारोह मूल समितिमा विविध क्षेत्रका १०३ सदस्यहरू रहनुभएको छ।

लेखनाथ जन्म-शताब्दीको उद्घाटन तथा नगर परिक्रमा कार्यक्रम सुसंपन्न गर्नाका लागि उक्त मूल समिति अन्तर्गत २०४० साल मार्ग २४ गते श्री सिद्धिचरण श्रेष्ठज्यूको अध्यक्षता र श्री राजेश्वर देवकोटाज्यूको उपाध्यक्षतामा ३५ सदस्यीय 'लेखनाथ जन्मशताब्दी उद्घाटन समारोह तयारी समिति' गठन भयो।

यस समितिका सल्लाहकारहरूमा सम्माननीय राजसभा स्थायी समितिका सभापति श्री भूपालमानसिंह कार्कीज्यू लगायत विभिन्न मन्त्रीज्यू, रा. पं. स. ज्यू र विद्वान्हरू जम्मा १२ जना हुनुहुन्छ।

लेखनाथ जन्म-शताब्दी समारोह राष्ट्रिय रूपमा मनाउन गठित उक्त मूल समितिले सो समारोह अधिराज्यभर मनाउन सबै शैक्षिक, साहित्यिक, सामाजिक संस्थासँग अनुरोध गर्‍यो, अधिराज्यभरका सबै विद्यालय, महाविद्यालय पञ्चायतहरूलाई यस विषयमा अनुरोध पत्र पठायो। श्री ५ को सरकार शिक्षा तथा संस्कृति मन्त्रालय, पञ्चायत मन्त्रालय, गृह मन्त्रालय, त्रिभुवन विश्वविद्या-लयसँग पनि आ-आफ्ना क्षेत्रमा लेखनाथ जन्म-शताब्दी मनाउन लगाउने विषयमा

अनुरोध गरियो। अहिले यो समारोह देशका विभिन्न विद्यालय, महाविद्यालय, पञ्चायत संघ-संस्था आदिले उत्साहपूर्वक मनाइरहेछन्।

यो वर्षव्यापी कार्यक्रमलाई राष्ट्रिय रूप दिनका साथै यथासम्भव अन्तर्राष्ट्रिय रूप पनि प्रदान गर्ने समितिको निर्णयानुसार नेपालबाहिर नेपाली मूलका व्यक्तिहरूको बसोबास भएको स्थान तथा शाही नेपाली राजदूतावास रहेका विभिन्न मुलुकमा लेखनाथ जन्म-शताब्दी समारोह युनेस्कोबाट अन्तर्राष्ट्रिय जगत्मा मनाउने व्यवस्था गर्न यस समितिले शिक्षा तथा संस्कृति मन्त्रालयसँग अनुरोध गरेको छ। विदेशीहरूका अगाडि हाम्रा कविशिरोमणिलाई चिनाउन कविशिरोमणि लेखनाथबारे अंग्रेजी भाषाको पुस्तिका तयार पारी उक्तमन्त्रालय मार्फत युनेस्कोमा पुन्याइ सकिएको छ। दार्जिलिङ्ग जस्ता क्षेत्रका प्रमुख व्यक्ति तथा संस्थाहरूलाई पनि समितिले लेखनाथ जन्म-शताब्दी समारोह मनाउन अनुरोध गरेको छ।

यस वर्षभित्र (जन्म-शताब्दी वर्ष) लेखनाथ विशेषाङ्क प्रकाशित गर्न विभिन्न पत्र-पत्रिकालाई अनुरोध पनि गरिएको छ।

लेखनाथ जन्म-शताब्दी समारोह समितिको वर्षव्यापी कार्यक्रम:

१. कविशिरोमणिको चित्र प्रकाशन
२. कविशिरोमणिको संक्षिप्त जीवनी (अंग्रेजीमा) प्रकाशन
३. " " (नेपालीमा) "
४. लेखनाथका प्रतिनिधि कविताहरूको संग्रह (नेपालीमा) "
५. " " (अंग्रेजीमा) "
६. अप्रकाशित रचना प्रकाशन
७. लेखनाथ स्मृति ग्रन्थ प्रकाशन
८. कविशिरोमणिको रचनाको विभिन्न भाषामा अनुवाद तथा प्रकाशन
९. कविशिरोमणिको चित्राङ्कित हुलाक टिकट प्रकाशन
– (श्री ५ को सरकारसँग अनुरोध गरिएको)
१०. कविशिरोमणिको चित्राङ्कित लकेट निर्माण
११. लेखनाथ स्मृति भवन निर्माण
१२. लेखनाथ प्रतिमा स्थापना
१३. शिखर, राजमार्ग, क्याम्पस तथा अन्य स्थानको नामकरण
१४. कविशिरोमणिलिखित नाटक-प्रदर्शन– सांस्कृतिक कार्यक्रम
१५. कविशिरोमणिका रचनाका क्यासेट निर्माण

१६. कविशिरोमणिको निधनस्थल देवघाटमा स्मारक निर्माण

१७. कविशिरोमणिको जन्मस्थलमा विशेष कार्यक्रम

१८. हरेक विकास क्षेत्र तथा केही जिल्लाहरूमा जन्म-शताब्दीको कार्यक्रमको आयोजना

१९. प्रवचन गोष्ठीको आयोजना

२०. वृहत् कविसम्मेलनको आयोजना

२१. प्रभातफेरी वा नगर परिक्रमाको कार्यक्रम

२२. लेखनाथ जन्म-शताब्दी समारोहको उद्घाटन

२३. पुस्तकालयमा लेखनाथसम्बन्धी पुस्तकहरूको प्रदर्शन

२४. राष्ट्रिय स्तरको अन्तरक्याम्पस निबन्ध प्रतियोगिताको कार्यक्रम ।

उक्त कार्यक्रमहरू के कति संपन्न भए तिनको उल्लेख गर्नु प्रासङ्गिक देखिन्छ ।

उद्घाटन तथा नगरपरिक्रमा:– माथिका विभिन्न कार्यक्रमहरूमध्ये जन्म-शताब्दी समारोहको वर्षव्यापी कार्यक्रमको समुद्घाटन २०४० पौष ३० गते (कविशिरोमणिको जन्म तिथि पौष शुक्ल एकादशी) टुँडिखेल खुलामञ्चमा सम्माननीय प्रधानमन्त्री श्री लोकेन्द्रबहादुर चन्दज्यूबाट एक भव्य समारोहका बीच सम्पन्न भयो । उक्त अवसरमा राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकार-बाट कविशिरोमणिको साधनाको स्मरण गरिबक्सिदै प्रेरणादायी शुभकामना सन्देश बक्सियो । उद्घाटनअगाडि साही दिन एक नगर-परिक्रमाको पनि आयो-जना गरियो । कवि शिरोमणिको निवासस्थान ठमेलबाट प्रारम्भ गरिएको र बाजा गाजा तथा नाचहरूसहितको उक्त नगर-परिक्रमामा सम्माननीय प्रधान मन्त्रीज्यू, सम्माननीय प्रधान न्यायाधीशज्यू, सम्माननीय राष्ट्रिय पंचायतका अध्यक्षज्यूका साथै भूतपूर्व प्रधानमन्त्रीज्यू, माननीयज्यू, साहित्यकार, कलाकार, प्राध्यापक, शिक्षक, तथा गण्यमान्य जनहरूको ठूलो संख्यामा उपस्थिति थियो ।

कविशिरोमणि लेखनाथको चित्र प्रकाशन:– लेखनाथजीको चित्र प्रकाशन गर्न श्री ५ को सरकार सूचना विभागलाई यस समितिले अनुरोध गरे-अनुसार दशहजार प्रति चित्र सूचना विभागको सौजन्यबाट तयार भएको छ र यो अधिराज्यका धेरै स्थानमा पुऱ्याइसकिएको छ ।

प्रतिनिधि कविता संग्रह प्रकाशन:– लेखनाथका प्रतिनिधि कविता संग्रह डा. वासुदेव त्रिपाठीद्वारा सम्पादित भएको छ र सूचना विभागको सहयोगबाट प्रकाशित हुने तयारीमा छ ।

संक्षिप्त जीवनी:– यस समितिले कविशिरोमणि लेखनाथको संक्षिप्त जीवनी नेपाली र अंग्रेजी भाषामा तयार पारेको छ ।

स्मृति ग्रन्थः– लेखनाथ स्मृति ग्रन्थ प्रकाशनको तयारीमा छ ।

अनुवाद तथा प्रकाशनः– 'पिंजराको सुगा' लक्ष्मी प्रसाद देवकोटाको अंग्रेजी अनुवाद सहित नेपाली शिक्षा परिषद्‌बाट प्रकाशित हुंदै छ ।

हुलाक टिकटः– कविशिरोमणि लेखनाथको चित्राङ्कित हुलाक टिकट प्रकाशित गर्न श्री ५ को सरकारसँग अनुरोध गरिएको छ ।

लकेट निर्माणः– श्री जनक विष्टको सौजन्यबाट कविशिरोमणिको चित्राङ्कित लकेट निर्माण गरिएको छ ।

स्मृति भवन निर्माणः– 'लेखनाथ स्मृति भवन निर्माण' काठमाडौं नगर-विकास समितिका तर्फबाट हुनेभएको छ । यसको शिलान्यास जन्म-शताब्दी वर्ष-भित्रै गरिनेछ ।

प्रतिमा स्थापनाः– नेपाली शिक्षा परिषद्‌ले केही वर्षअगाडि नै तयार पारिसकेको उक्त प्रतिमा लेखनाथ स्मृति भवनमा स्थापना गरिनेछ ।

नामकरणः– सार्वजनिक स्थलहरुको खास गरी हिमाल, राजमार्ग र तालको नामकरण कविशिरोमणि लेखनाथका नामबाट हुन यस समितिले पर्यटन मन्त्रालय र यातायात मन्त्रालयसँग अनुरोध गरेको छ । साथै कविशिरोमणिको जन्मस्थल गण्डकी अंचलको कुनै उपयुक्त क्याम्पसको नामकरण लेखनाथका नामबाट हुन त्रिभुवन विश्वविद्यालयसँग अनुरोध गरिएको छ ।

सांस्कृतिक कार्यक्रमः– लेखनाथजीको 'लक्ष्मीपूजा' नाटकको प्रदर्शन सांस्कृतिक संस्थानको सहयोगबाट हुने भएको छ ।

क्यासेट निर्माणः– रत्न रेकर्डिङ् संस्थानको सहयोगबाट कवि शिरोमणि लेखनाथसंम्बन्धी क्यासेट निर्माण भइसकेको छ ।

निधन स्थलमा स्मारक निर्माणः– लेखनाथजीको निधन देउघाट (चितवन) मा भएकाले सो स्थानमा स्मारक निर्माण गर्ने यस समितिको कार्य-क्रममा सहयोग पु¥याउन भरतपुर नगर पंचायतका प्रधानपंच श्री भुक्तिलाल चुकेको अध्यक्षतामा 'लेखनाथ जन्म-शताब्दी स्मारक निर्माण समिति' भरतपुरमा गठन भई लेखनाथजीको निधन तिथि गत शिवरात्रिका दिन (२०४० फागुन १७ गते) विशेष समारोहका बीच देउघाटको एक सुन्दर स्थानमा भरतपुर जिल्लाका उपसभापति श्री चूडामणि चौधरीज्यूबाट लेखनाथ स्मारकको शिलान्यास भइ-सकेको छ ।

पुस्तक प्रदर्शनीः– त्रि. वि. केन्द्रीय पुस्तकालय कीर्तिपुरको सहयोगबाट कविशिरोमणि लेखनाथसंवन्धी पुस्तक, चित्र सामान आदिको प्रदर्शनीको आयोजना यही भाद्र महीनामा सम्पन्न भइसकेको छ ।

निवन्ध प्रतियोगिताः– अधिराज्यव्यापी अन्तर क्याम्पस निबन्ध प्रतियोगितामा (विषय– कविशिरोमणि लेखनाथ र नेपाली साहित्य) विभिन्न क्याम्पसका विद्यार्थीहरूले निवन्धहरू पठाई भाग लिएका छन् ।

यसरी लेखनाथ जन्म-शताब्दी समारोह समितिले आफ्ना कार्यक्रमहरू संपन्न गर्दै आएको छ। यस क्रममा यसले लेखनाथविषयक पर्चा पोष्टर तयार पारी अधिराज्यका विभिन्न क्षेत्रमा पुऱ्याएको छ। समितिका कार्यहरू संपन्न गर्ने क्रममा श्री ५ को सरकारका विभिन्न निकायहरू, राजकीय प्रज्ञा-प्रतिष्ठान, त्रिभुवन विश्वविद्यालय, साझा प्रकाशन, रत्न रेकर्डिङ्ग संस्थान, सांस्कृतिक संस्थान, संघ संस्था, विद्यालय, महाविद्यालय, पत्र-पत्रिका, समाजसेवी आदिबाट आर्थिक तथा अन्य विविध प्रकारका सहयोगहरू प्राप्त भएका छन्। यसका लागि समिति; सहयोग दिने सबैप्रति कृतज्ञ छ। बाँकी कार्यक्रमका लागि पनि सबैबाट सहयोग मिल्ने नै छ। राष्ट्रिय प्रतिभाको सम्मान जति भव्य तवरबाट हुन्छ त्यति राष्ट्रको नै प्रतिष्ठा बढ्दछ। यो जन्म-शताब्दी वर्ष आउँदो पौष १९ गते (पौष शुक्ल एकादशी) समापन समारोहका साथ विसर्जन हुने हुँदा बाँकी रहेका केही महीना अरू उत्साहसाथ समारोह मनाउन लेखनाथ जन्म-शताब्दी समारोह समिति सबैसित हार्दिक अनुरोध गर्दछ।

●

दरबार स्कूल, मोतीराम भट्ट र पाको पोखलड्याङ

–रमा शर्मा

'दरवार स्कूल' नाम नेपालमा अंग्रेजी शिक्षाको प्रारम्भसंग सम्बन्धित छ। प्रधानमन्त्री जङ्गबहादुर वेलायतको भ्रमण गरी फर्केपछि आपना सन्तानलाई अंग्रेजी पढाउन भनी उनले आफू बसेके स्थान थापाथलीमा १९१० सालमा पढ्ने-पढाउने व्यवस्था मिलाएका थिए। मासिक रू. ९०। (वार्षिक रू. १०८०।) खाने गरी बङ्गाली मास्टर हराधुम घोष अंग्रेजी पढाउन नियुक्त भएको, सोही साल पौष८ गतेदेखि उनको तलब मासिक रु. १००। भएको र फागुन सु. १देखि मासिक रू. १२५। भएको थाहा हुन आएको छ।[1] मासिक रू. ९०। उनले कति महीना खाए सो स्पष्ट नभए पनि उनले खाएको तलबमा एकै वर्षभित्र पौषमा एक वृद्धि र फागुनमा अर्को वृद्धि भएको देखिएबाट उनको शिक्षण-पद्धतिबाट तत्कालीन प्रधानमन्त्री कति प्रभावित भएका रहेछन् थाहा पाउन सकिन्छ। प्रारम्भमा 'स्कूल' का रूपमा खुलेको नभए तापनि प्रधानमन्त्रीको निवासस्थानमा विदेशीहरू राखी पढाउने व्यवस्था गरिएको यही परिपाटी क्रमशः विकसित हुँदै गई 'दरवार स्कूल' तथा हाल 'भानु माध्यमिक विद्यालय' बन्न पुगेको हो। उक्त 'स्कूल' मा शुरूमा अंग्रेजीबाहेक अन्य दुइ भाषा पनि पढाइने गरेको पाइन्छ। फारसी र चिनियाँ भाषा पढाउनका लागि क्रमशः अमीरदिन र टेउफुसी

---

१. राष्ट्रिय अभिलेखालयमा रहेको निजामती किताबखानाको सं. १९११ नि. थ. नं. ७ को ढड्डा अनुसार।

शिक्षकका रूपमा रहेका देख्दा[2] उक्त 'स्कूल' विभिन्न भाषा सिकाउने 'स्कूल' का रूपमा स्थापना भएको अनुभव हुन्छ. तर अंग्रेजीको तुलनामा अन्य भाषा पढाउने शिक्षकको तलब ज्यादै कम भएको हुँदा उक्त 'स्कूल'मा प्रधानता अंग्रेजी भाषा लाई नै दिइएको स्पष्ट हुन्छ। जे होस्, अहिलेको 'भानु माध्यमिक विद्यालय' वा प्रारम्भको 'दरबार स्कूल' नेपालको पहिलो 'विश्व भाषा विद्यालय' हुन पुगेको तथ्य यहाँ बिर्सिन सकिँदैन।

मि. लेन्डनद्वारा लिखित 'नेपाल' का अनुसार सं. १९५८ (ई. १९०१) सम्ममा दरबार स्कूलबाट अंग्रेजी पास गर्न (म्याट्रिक पास गर्ने ?) १७ जना[3] भए पनि र १९७५ सालसम्ममा १४२ जना[4] ले उक्त स्कूलमा अंग्रेजी पढेको भए (संभवतः म्याट्रिक उत्तीर्ण) पनि यही स्कूल नै नेपालको एउटा यस्तो शिक्षण संस्था हो जसले सबभन्दा बढी विद्यार्थीलाई शिक्षा प्रदान गरेको छ र यस अर्थमा सबभन्दा पुरानो शिक्षण संस्था पनि बन्न पुगेको छ। जङ्गबहादुरले आफ्ना सन्तानलाई आधुनिक शिक्षा दिन खोलेको यस 'स्कूल' मा १९३३ सालदेखि (रणोद्दीपसिंहको प्रधानमन्त्रीत्व कालमा) भारदारका छोराहरूलाई पनि पढ्ने अवसर मिलेको[5] र देवशमशेरको पालामा (१९५७-५८) सर्वसाधारणका निमित्त पनि त्यहाँ प्रवेश खुलेको[6] हुँदा धेरैले त्यही 'स्कूल' लाई नै शिक्षा आर्जनको माध्यम बनाएको पाइन्छ। राणाहरूमा प्रथम म्याट्रिक चन्द्र शमशेर तथा राणा प्रधानमन्त्री देवशमशेर र चन्द्र शमशेर दरबार स्कूलकै उपज हुन्। विभिन्न महत्त्वपूर्ण ओहदामा कार्यरत तथा कार्यनिवृत्तमध्ये पनि अधिकांशले सोही विद्यालयबाट शिक्षा आर्जन गरेको पाइन्छ।

दरबार स्कूलबाट लाभान्वित हुनेहरूमा नेपाली साहित्यको माध्यमिक कालका निर्माता युवक कवि मोतीराम भट्ट पनि पर्दछन्। ३० वर्षे छोटो जीवनमा नेपाली वाङ्मयको श्री वृद्धिका लागि अथक परिश्रम गरी प्रभावकारी भूमिक निर्वाह गर्ने मोतीराम भट्टलाई राष्ट्रले 'विभूति' मानेको छ। उनी आदिकवि भानुभक्त पछिका नेपाली वाङ्मय जगत्का 'राष्ट्रिय विभूति हुन्। उनले गरेको साधनालाई चिरस्थायी रूप दिन उनलाई यस प्रकारको सम्मान मिल्नु निश्चय नै भाषा साहित्य क्षेत्रका निमित्त अत्यन्त गौरवको विषय हो। यी मोतीराम भट्ट

---

२. निजामती किताबखानाको सं. १९११ र १९१२ का नि. प का ढड्डा अनुसार।

३,४– सरदार भीमबहादुर पाँडे: 'त्यस बखतको नेपाल–भाग १ (सं. २०३६) पृ. १३७।

५. ऐ. ऐ. पृ. १३३।

६. काशीनाथ तमोट : 'मोतीरामले पढेका अंग्रेजी पुस्तक र तिनका संकेत' मधुपर्क (२०३६)१५।४ पृ. १३।

['केही शैक्षिक संस्मरण (२०३७) का रचयिता तारामान सिंह स्वारको 'नेपालमा शिक्षाको ऐतिहासिक विकास' अनुसार भने सं. १९४२ देखि धनी साहू महाजन र सर्व साधारणका सन्तानलाई पनि त्यहाँ पढ्न दिने व्यवस्था भएको बुझिन्छ।]

दरबार स्कूलका विद्यार्थी हुन् । यसले गर्दा दरबार स्कूलको ऐतिहासिक महत्त्व भन् बढ्न गएको छ ।

मोतीराम भट्टले दरबार स्कूलमा दुइ वर्ष पढेको देखिन्छ । १९४७ सालमा दोस्रो कक्षामा (सेकेण्ड क्लास) भर्ना भएका यिनले १९४८ सालमा इन्ट्रेन्स परीक्षा उत्तीर्ण गरे[7] । उक्त स्कूलमा उनका सहपाठी देवशमशेर, चन्द्रशमशेर, मरीचमान सिंह थिए ।[8] ४८ सालमा वेलायतबाट आएका लार्ड रावर्टबाट पहिलो कक्षा (त्यतिखेर फस्ट क्लास)मा सर्वप्रथम भएका मोतीरामले १५ पुस्तक पुरस्कार पाएका थिए ।[9] यसरी दरबार स्कूलकै प्रसङ्गमा विदेशीबाट प्रशंसित बनी पुरस्कार प्राप्त गर्ने पहिला छात्र मोतीराम भट्ट भएको थाहा हुन्छ, किनभने यिनीभन्दा अगाडि कसैले यस प्रकारको पुरस्कार प्राप्त गरेको थाहा भएको छैन ।

मोतीरामले पाएको पुरस्कारबाट (यो विशेष वा स्कूलले व्यवस्था गरेको अर्को) 'दरबार स्कूल'का प्रसङ्गमा महत्त्वपूर्ण जानकारी थपिन आएको छ । मधुपर्क (भदौ २०३९) १५।४ मा प्रकाशित अनुसन्धाता काशीनाथ तमोटको एक लेख 'मोतीरामले पढेका अंग्रेजी पुस्तक र तिनका संकेत' मा मोतीरामले पढेका तीन अंग्रेजी पुस्तकमध्ये एक 'ठूला विषयहरूमा छोटा अध्ययन' (नेपाली अनुवाद) नामक पुस्तकको अघिल्लो गाताभित्र वार्षिक परीक्षाको प्रथम पुरस्कार-स्वरूप उनलाई पुस्तक पारितोषिक दिइएको प्रमाणपत्र टाँसिएको उल्लेख छ र प्रमाणपत्रको उतार पनि त्यसमा दिइएको छ। वार्षिक परीक्षा ई. १८९१ डिसेम्बरमा भएको, पुरस्कार वितरण ई. १८९२ मार्च १७ मा भएको, संस्थाका प्रमुखको दर्जा 'प्रिन्सिपल' भएको तथा पुरस्कार 'दरबार कलेज, नेपाल' बाट वितरित भएको वेहोरा उक्त प्रमाण पत्रमा छ। यही 'प्रिन्सिपल' र 'दरबार, कलेज' यहां जिज्ञासाका विषय हुन पुगेका छन् । प्रमाणपत्रमा हस्ताक्षर गर्ने प्रिन्सि-पल को थिए त्यो चाहिं यसमा लेखिएको छैन । यसको कारण नाम नबुझिएकाले हो भन्ने कुरा तमोटजीले यी हरफ लेख्नेलाई बताउनुभएको छ । उहाँले उक्त लेखमा 'दरबार कलेज' नामकरण गरिनाका विभिन्न तीन संभावना (१. त्रिचन्द्र कलेज स्थापना हुनुअघि दरबार स्कूललाई दरबार कलेज भनिने गरेको २, १९४८ सालको आसपासदेखि सो स्कूलमा कलेजको काम पनि हुन थालेको ३, लार्ड रबर्टलाई देखाउन १९४८ सालको वर्षमा स्कूलको शैक्षिक क्रियाकलाप कलेजका रूपमा भएको) देखाउनुभएको छ ।

यी पंक्ति कोर्नेलाई पनि मोतीरामका केही पुस्तक हेर्ने सौभाग्य मिलेको छ जसमध्येको एउटा हो 'अंग्रेजी भाषाको व्याकरण (A GRAMMAR OF

---

७. नरदेव पाण्डेय– कविवर मोतीराम भट्टको सचित्र जीवनचरित (१९९५) पृ. ७९,८४
८. बालकृष्ण सम– मोतीराम नाटक (२०३३), पृ. ३१
९. नरदेव पाण्डेय : पूर्ववत् पृ. ८१ ।

THE ENGLISH LANGUAGE)[10] यो पुस्तक (नं. ३६६) भानु माध्यमिक विद्यालय (पुरानो–दरबार स्कूल) का प्रधान अध्यापक श्री सुवर्ण शाक्यको सौजन्यबाट त्यहाँको पुस्तकको अध्ययन गर्ने क्रममा मैले हेर्न पाएकी हुँ। उक्त पुस्तकमा 'दरबार स्कूल' का प्रसङ्गमा एक महत्त्वपूर्ण लेखोट पाइन्छ र पुस्तक मोतीरामको भएको जानकारी पनि पाइन्छ। जे. डी. मोरेल लिखित तथा लङ्मयान ग्रीन एण्ड कम्पनीबाट लन्डनमा ई. १८६७ मा प्रकाशित यस पुस्तकमा कडा गाता हालिएको छ। पृष्ठ संख्या १२४ को उक्त पुस्तक कलात्मक छ र गातामा अगाडि पछाडि दुवैतिर MORELL'S GRAMMAR AND ANALYSIS नाम कुँदिएको छ। पुस्तकको मुख पृष्ठपछिको भित्री खाली पृष्ठको सिरानीमा प्याजी मसीले अंग्रेजीमा 'यो मोतीराम भट्टको पुस्तक हो' (This book belongs to Moti Ram Bhatta) लेखिएको छ र कतै कालो मसीमा 'मोतीराम भट्ट कृत' कतै रातो मसीले 'मोतीराम भट्ट' लेखिएको छ। रातो मसीमा लेखिएको सो नामको अक्षर उनको जस्तो देखिँदैन। पुस्तकका बीच बीचमा अंग्रेजी शब्दको अर्थ धेरैजसो उर्दूमा र कहीं कहीं अंग्रेजीमा लेखिएको छ। अन्तिम पृष्ठको भित्री दायाँ तर्फ मोतीरामले केही (१९) अंग्रेजी शब्दको अर्थ हिन्दी भाषामा (प्याजी मसीमा) लेखेका छन्।

अन्तिम पृष्ठको बायाँतर्फ भने मोतीराम भट्टले अंग्रेजी भाषामा (मसी कालो) एउटा चिठी लेखेका छन्। उनले यो चिठी खेस्रा तयार पारेको अनुभव हुन्छ, नत्र पुस्तकमा चिठी लेखिने थिएन। चिठीमा मिति छैन, तर त्यतिखेर उनी दोस्रो कक्षा (सेकेन्ड क्लास) मा पढ्थे भन्ने कुरा बेहोराबाट स्पष्ट हुन्छ। १९४७ सालमा उनी उक्त कक्षामा भर्ना भएका थिए भन्ने कुरा माथि उल्लेख गरिसकिएको छ। यसबाट यो चिठी १९४७ सालमा लेखिएको बुझिन्छ। उक्त चिठी मोतीरामले दरबार स्कूल, नेपालका हेडमास्टर बटुकृष्ण मैत्र बङ्गालीलाई आफू त्यस दिन विद्यालय आउन नसक्ने हुँदा उक्त एक दिनका लागि छुट्टीको माग गरी लेखेका हुन्। उनले पुस्तकमा चिठीको खेस्रा लेखी पछि सारेर निवेदन दिएको हुनुपर्छ।

प्रवेशिका (त्यतिखेर इन्ट्रान्स) परीक्षा दिनु एक वर्षअघि मोतीरामको अंग्रेजी भाषा ज्ञान कुन रूपमा थियो सो देखाउनाका लागि चिठी जस्ताको तस्तै उतार्नु यहाँ उपयुक्त ठानिएको छ जुन निम्नानुसारको छः–

To

The head master of Nepal Durbar School

B. BATU Krishna

Maitra Bengali

१०– भित्री मुख पृष्ठमा लेखिएको।

Sir

I must humbly and respectfully beg to inform you that to-day have an urgent business so I can't attend the school; therefore I hope that you will Kindly excuse my absense for to-day only.

Your most obdiently
Moti Ram Bhatta
Pokhaldyang
Kathmandu, Nepal
2nd class

यस चिठीमा प्रयुक्त 'दरबार स्कूल' हाल्दा यहाँ अत्यन्त उल्लेखनीय हुन आएको छ। १९४७ सालमा यो 'स्कूल' रहेको यसबाट सिद्ध हुन्छ साथै त्यति खेर 'दरबार हाई स्कूल' होइन कि 'दरबार स्कूल' का रूपमा मात्र सो विद्यालयको अस्तित्व भएको पनि यसबाट बुझ्न सकिन्छ।

यसरी तमोटजीले प्रस्तुत गर्नुभएको प्रमाणपत्रको 'दरबार कलेज' र यस चिठीको 'दरबार स्कूल' आधिकारिक भएर पनि विवादास्पद हुन पुगेका छन्। एक वर्षअघि (सं. १९४७) स्कूल भनिने ठाउँ अर्को वर्ष (सं १९४८) कलेजका रूपमा परिवर्तित हुन पुगेछ कि! तर यसो भन्न पनि मोतीरामका जीवनीमा घटेका घटनाले मिल्दन। नेपालमा 'कलेज' भएको भए मोतीरामले एफ. ए. पढ्न १९४९ सालमा कलकत्ता जानुपर्ने थिएन। नेपाली वाङ्मयको उन्नति गर्न यहाँ पुस्तकालय खोल्ने, छापाखाना चलाउने, कविता नाटक आदि लेख्ने, नाटक मंचन गराउने आदि कार्यमा लागेका मोतीरामलाई स्वदेशमा उच्च अध्ययन गर्न पाउनु नै बढी सुविधायुक्त हुने थियो। उनी स्वदेशमा बसेर नै र स्वदेशको 'कलेज' मा पढेर नै आफ्नो अध्ययनलाई अघि बढाउन सक्ने थिए। त्रिचन्द्र कलेज स्थापना हुनुअघि पनि यहाँ कलेजको अस्तित्व थियो भन्ने कुरा आजसम्म कसैबाट उल्लेख भएको थाहा भएको छैन न कतै अभिलिखित भएको छ। बरु कुन चाहिँ नयाँ सम्भावनाको संकेत गर्न सकिन्छ भने बलमानसिंह प्रधान जस्ता केही नवयुवक त्यतिखेर प्रवेशिका (इन्ट्रान्स) परीक्षा उत्तीर्ण भइसकेका थिए। उनीहरूलाई उच्च शिक्षा दिन बाहिर पठाउनुभन्दा स्वदेशमा नै उच्च अध्ययनको बाटो खुला गरिदिनेतर्फ तत्कालीन शासक वर्गले सोचेको हुनुपर्छ। यसको स्वीकृतिका निमित्त कलकत्ता विश्वविद्यालयसंग पत्राचार पनि भएको हुनु पर्छ। यो पृष्ठभूमि भएका वखत बेलायतका लार्ड रावर्ट नेपाल आउने भएका हुँदा नेपालमा अंग्रेजी पढाई हुने एक मात्र 'स्कूल' दरबार स्कूलमा पुऱ्याउने पूर्व योजना तत्कालीन शासक-वर्गको भएको हुनुपर्छ। महाविद्यालय स्तरीय पढाइ आरम्भ नभए पनि कलेज बनाउने प्रयासको आधारमा 'दरबार स्कूल'लाई 'दरबार कलेज' भनी अंग्रेजलाई प्रभाव पार्ने अभिप्राय शासकहरूले सोचेको हुनु धरै सम्भव छ। हुन त नेपालमा शिक्षाको प्रचार गर्नुभन्दा विदेशीहरूका अगाडि नेपालमा कलेज पनि स्थापना

भएको छ भन्ने देखाउने नीति राणा शासकको नभएको होइन ।[11] त्यसैं हुँदा सं. १९७५ मा त्रिचन्द्र कलेजको उद्‌घाटन गरी घर फर्के पछि 'मैले आफ्नै खुट्टामा बञ्चरोले हानें भन्दै चन्द्रशमशेरले दिक्क मानेका थिए रे। शिक्षाप्राप्त चन्द्र-शमशेर त यस्तो संकुचित विचार धाराका थिए भने वीर शमशेर त झन् शंकालु प्रवृत्तिका समेत थिए। तर देशका लागि नभए पनि आफ्ना र भाइ-भारादारका परिवारलाई उच्च शिक्षा दिन उनले कलेज खोल्ने विचार गरेको चाहिँ हुन सक्तछ। तर तत्काल स्वीकृति-नमिलेको कारणबाट यो प्रयास यतिमै सीमित रहन गएको हो कि भन्ने अनुमान गर्न सकिन्छ।

मोतीरामले चिठीमा 'हेडमास्टर' बटुकृष्ण मैत्रलाई सम्बोधन गरेका छन्। दरबार स्कूलमा केही वर्षदेखि बटुकृष्ण मैत्र मात्र हेडमास्टर रहेको स्थानमा १९४६ सालदेखि केदारनाथ पनि हेडमास्टर भएर बटुकृष्णभन्दा बढी तलब खाने (बटुकृष्णको वार्षिक रू. ३७०४। र केदारनाथको वार्षिक रू. ३८२४।) भएर भर्ना भएपछि दरबार स्कूलमा दुई हेडमास्टर रहेका पाइन्छन्।[12] उनीहरू-लाई निजामती किताब खानामा नि. थ. का ढड्डाहरूमा १९४८।४९।५० का वर्षहरूमा कहीं पनि प्रिन्सिपल भनिएको पाइँदैन। त्यसैले मोतीरामले पाएको प्रथम पुरस्कारको प्रमाणपत्रमा 'प्रिन्सिपल' लेखिएको भएपनि स्कूललाई कलेज भनिएकै छाँटबाट त्यहाँको प्रमुखलाई हेडमास्टर नभनेर प्रिन्सिपल भनेको ठान्नु स्वाभाविक हुन आउँछ। यसरी मोतीरामका प्रसङ्गमा 'दरबार स्कूल' र 'दरबार कलेज लेखिएको भेट्टिएकाले यस विषयमा शोधखोजको आवश्यकता अरू बढ्‌न गएको भनुभव हुन्छ। स्कूल र कलेज विषयको तथ्य प्राप्त भएपछि हेडमास्टर र प्रिन्सिपल बारेको जिज्ञासा स्वतः समाधान हुनेछ।

मोतीरामले लेखेका माथिका चिठीबाट उनको वासस्थानको बारेमा पनि प्रकाश पर्न आएको छ। मोतीरामले आफ्नो ठेगाना यसमा पोखलडचाङ लेखेका छन्। यिनको जन्म भोसिको टोलमा भएको कुरा यिनका जीवनीकार नरदेव पाण्डेले उल्लेख गरेका छन्। ६ वर्षको उमेरमा यिनी काशी गएपछि १४।१५ वर्षको उमेरमा विवाहका लागि नेपाल आउँदा यिनी कहाँ बसे त्यसको उल्लेख नरदेवले गरेका छैनन्। त्यसो हुँदा जहाँ उनी जन्मेको पुर्खौली घर थियो त्यहीं (भोसिको टोलमा) उनी बसे होलान् भन्न सकिन्छ। यस बेला लगभग एक वर्ष जति यहाँ बसी उनी फेरि काशी नै गए र पछि लोकराज गुरुज्यूले झिकाए-पछि यिनी १९४४ सालमा आफ्नो आमा, बहिनी र पत्नीका साथ नेपाल आई गुरुज्यूकै तहबील घरमा बसे।[13] ढोकाटोलको घर विजयराजका नाति लोकराज-ले १९४४ सालमा पाएपछि सो घरको दक्षिण-पूर्व कुनाको एक तहबील घरमा

---

११. भीमबहादुर पांडे; 'त्यस बखतको नेपाल' पृ. ३३१।

१२. सं. १९४५ देखि १९५० सम्मका नि. थ. का ढड्डाहरूका आधारमा।

१३. नरदेव पाण्डेयः— पूर्ववत् पृ० ४६।

गुरुज्यूका नातेदारहरू बस्ने गरेको [14] र मोतीराम पनि त्यही तहवीलमा बसेको देख्दा त्यतिखेर उनी भोसिको टोलको आफ्नो घरमा नबसेको तर्क देखापर्छ। मोतीरामका बाजे मणिराम भोसिको टोलका उपाध्याय ब्राह्मण थिए भन्ने नरदेव पाण्डेयको भनाइबाट (पृ० १०) यस बेलादेखि नै त्यहाँ भट्टहरूको बसोबास भएको तथ्य स्पष्ट हुन्छ। भोसिको टोलको घर मणिरामले जोरेका हुन् वा यिनका पनि पिता-पुर्खाले जोरेका हुन् त्यो थाहा हुन सकेको छैन तापनि मोतीराम जन्मेको घरको भित्री भागको चोक 'भट्ट चोक' भनिने गरेबाट, चोकको वरिपरिका घरमा भट्टहरू बस्ने गरेका रहेछन् भन्ने बुझ्न मदत मिल्दछ। भोसिको टोलको भट्ट चोक भनेपछि सबैले बुझ्ने स्थान भएको पनि अनुभव हुन्छ। नेपाली शिक्षा परिषद्को आयोजनामा २०१० सालमा मोती-जयन्ती सर्वप्रथम मनाउँदा प्रभातफेरी पछिको श्रद्धाञ्जलिको कार्यक्रम (बिहानीपखको) यही भट्टचोकमा राखिएको देखिन्छ।[15] अहिले त्यहाँ भट्टहरूको कुनै घर नभए पनि र सबैलाई सो चोकको नाम नआए पनि चोक वरपरका कुनै कुनै व्यक्ति 'भट्टचोक' का रूपमा सो चोकको स्मरण गर्दछन्।

यहाँ भन्न खोजिएको कुरा के हो भने मोतीरामका पुर्खाहरूको वास-स्थान सो भोसिको टोलको घरमा उनी नबसी किन आफ्ना परिवार (आमा, बहिनी र पत्नी) समेत गुरुज्यूको तहवीलमा बस्न गए यो एउटा प्रश्नको विषय बनेको छ। कि त त्यो घर दयाराम भट्ट (मोतीरामका पिता) को भाग लागेन, कि त दयारामले आफ्नो भागको सो घर बेचे, कि चाहिँ उनले आफ्नो दाजु तोयराम र भाइ हर्षरामलाई सो घर उनीहरूकै हुने गरी जिम्मा लाइदिए। यी जुनसुकै वा अन्य कुनै कारणवश मोतीराम आफ्ना घरमा बस्न पाएनन् र गुरुज्यू-को तहवील घरमा बस्ने पुगे। ४६ सालतिर यिनका वासस्थान बारे अरू दुइ नाम पनि यिनका समकालीन कविहरूले बताएका छन्। नरदेवका अनुसार यिनी फसीकेवमा बस्थे[16] र गोपीनाथ लोहनीका अनुसार यिनको डेरा पाको पोखल्डयाङ-मा थियो।[17]

माथिका कविताका दुइ अंश नरदेव र गोपीनाथले वेग्लावेग्लै तयार पारेका

---

१४. प्रकाश ए. राज– 'मोतीरामबारे केही नयाँ कुरा' मधुपर्क (२०३९) १५।४ पृ० १८।

१५. मोती स्मृति ग्रन्थ (२०३६), पृ० ३४४ क।

१६. नेपाल् फसीकेव विषे बस्याका।
श्री मोतिराम् नाम पनि भयाका।।
मोतीराम भट्टको जीवन चरित्र, पृ० ७२

१७. यिन्को त डेरा छ सहर् बिचैमा।
पाको पुखल्ड्याङ भनि नाम टोल्मा।।
ऐ० पृ० ७६

'मोतीराम वर्णनम्' मा छन् । १९४६ साल माघ शुक्ल ४ र ३ मा एक दिनको फरक पारी तयार पारिएका उक्त दुइ कवितामा मोतीरामको बसाइबारे फसीकेव र पाकोपोखल्डयाङ दुइ ठाउँको उल्लेख भएको छ । फसीकेव हाल रञ्जनासिनेमा हलको आसपास र पाकोपोखल्डयाङ नयाँसडक पीपलको बोटको आसपास रहेको स्थान हो र यी दुइ स्थानको दूरत्व त्यति नभए तापनि स्थान चाहिं बेग्लाबेग्लै हुंदा मोतीराम त्यतिखेर कहाँ बस्थे भन्ने जिज्ञासाको समाधान उक्त चिट्ठीमा उल्लेख भएको मोतीरामको ठेगाना पाको पोखल्डयाङले गरिदिएको छ । यसरी ४४ सालमा काशीबाट फर्केपछि मोतीराम भट्ट तत्काल गुरुज्यूको तहवील घर ढोकाटोलमा बसे पनि त्यसपछि यिनी आफन्तकहाँ बस्न नचाही अलग्ग बसेको अनुभव हुन्छ ।

●

'वामनो ह विष्णुरास'

– प्रो० ढुण्डिराज भण्डारी

पौराणिक कथाहरू अतिरञ्जित हुन्छन् भन्ने विचार सुन्नमा आउँछ। तर गहिरिएर विचार गर्ने हो भने पौराणिक कथाहरू ऐतिहासिक इतिवृत्त, मनोवैज्ञानिक तथ्य र वैदिक अध्यात्म दर्शनद्वारा परिपोषित भएका अनुभूत हुन्छन्। प्रस्तुत लेख यिनै त्रिकोणात्मक चिद्विलासको त्रिवेणी-संगमका रूपमा अभिव्यक्त एक लघु प्रयास हो।

पौराणिक आख्यान

पौराणिक आख्यानहरूमा 'दशावतार' र चौवीसावतार' को वर्णन गरिएको छ। 'वामनावतार' दशावतार[1] अन्तर्गत पाँचौं र चौवीसावतार[2] अन्तर्गत पन्ध्रौं अवतारका रूपमा वर्णित भएका छन्। 'श्रीमद्‌भागवत' को अष्टमस्कन्धमा वामनावतारको कथा सामान्यरूपमा वर्णित छ।[3]

स्वायम्भुव मनुदेखि रैवत मनुसम्म देवता र असुरहरूका बीचमा

---

१. (१) मत्स्य (२) कच्छप (३) वराह (४) नृसिंह (५) वामन (६) परशुराम (७) राम (८) कृष्ण (९) बुद्ध र (१०) कल्कि।

२. (१) ब्रह्मा (२) वराह (३) नारद (४) नारायण (५) कपिल (६) दत्तात्रय (७) यज्ञ (८) ऋषभ (९) पृथु (१०) मत्स्य (११) कच्छप (१२) धन्वन्तरि (१३) मोहिनी (१४) नृसिंह (१५) वामन (१६) परशुराम (१७) वेदव्यास (१८) राम (१९) बलराम (२०) कृष्ण (२१) बुद्ध (२२) कल्कि (२३) हंस र (२४) हयग्रीव।

३. 'वामनपुराण'मा वामनावतारको कथा विस्तृत रूपमा वर्णन गरिएको छ।

सामान्य लडाइ-झगडा बाहेक भयानक दारुण संग्राम भएको वर्णन पाइन्न । तर छैटौं मनु चाक्षुपका समयदेखि देवता र असुरहरू एक दोस्राका प्राण-घाती शत्रुका रूपमा देखा पर्दछन् ।[1] यसको मुख्य कारण समुद्र-मन्थनबाट प्राप्त रत्नहरूको बाँड-फाड देखा पदछ। देवताहरूले समुद्र-मन्थनबाट प्राप्त उच्चैश्रवा घोडा, ऐरावत हाथी, कौस्तुभमणि, अप्सरा, कामधेनु, वैजयन्ती, लक्ष्मी आदिलाई आफ्नो अधिकारमा पार्दा दैत्य-दानवहरू भित्र-भित्रै रिसले मुर्मुरिएका थिए। ऐलेसम्म उनीहरूले वारुणी मात्र आफ्नो भागमा पाएका थिए। समुद्र-मन्थनबाट अमृत निस्केपछि बिष्णुले मोहिनी रूप धारण गरी दैत्य-दानवहरूलाई अमृत-पानबाट वंचित राख्दा र राहुले मोहिनीको चाल थाहा पाई देवताहरूलाई झुक्याएर देव-पंक्तिमा बसी अमृत-पान गर्न लाग्दा सूर्य र चन्द्रको इशारामा मोहिनी रूपधारी विष्णुले राहुको शिर काटी आफ्नो वास्तविक रूप प्रकट गर्दा अत्यन्त दारुण रूपमा देवासुर-संग्राम प्रारम्भ भयो। यस देवासुर-संग्राममा देव-पक्ष विजयी भयो । हिरण्यकशिपु र हिरण्याक्ष पुनः एक पल्ट दैत्य-दानवहरूको प्रभुता स्थापित गर्न समर्थ भएका थिए तर विष्णुको कूटनीतिका समक्ष उनीहरूको केही जोर चलेन; दुवै दाजु-भाइ मारिए । हिरण्यकशिपुका छोरा प्रह्लादको विष्णु-भक्तिले गर्दा दोस्रो देवासुर-संग्राम स्थगित भयो र दुवै पक्षका बीच सन्धि कायम भयो । दैत्य-दानवहरू विपन्न स्थितिमा पुग्नबाट बचे ।

राजा बलिले आफ्ना गुरु शुक्राचार्यबाट आशीर्वाद र 'विश्वजित महाभिषेक' सम्पन्न गरी अत्यन्त सुसंगठित सैन्यशक्तिको आधारमा देवताहरूमाथि प्रबल आक्रमण गरे। यो तेस्रो परमदारुण देवासुर संग्राम थियो। असुरहरूको अत्यन्त सुसंगठित प्रबल सैन्य-शक्तिको समक्ष देवताहरू टिक्न सकेनन् र पूर्ण रूपमा पराजित भए। यस संग्राममा शुक्राचार्यले संजीवनीको प्रयोग गरेका थिए। असुर-पक्षका योद्धाहरू त संजीवनी विद्याको प्रभावले पुनः जीवन प्राप्त गर्दथे तर देवतापक्षका योद्धाहरू मरेका मरे नै हुन्थे। फलतः यो देवासुर-संग्राम दैत्यराज बलिपक्षको अनुकूल हुन गयो र इन्द्रादि देवताहरू आ-आफ्नो ज्यान जोगाई

---

१. (क) मनुहरूको क्रम यस प्रकार छ— (१) स्वायम्भुव (२) स्वारोचिष (३) औत्तमि (४) तामसि (५) रैवत (६) चाक्षुष (विष्णुपुराणमा 'चाक्षुष' लेखिएको छ) (७) वैवस्वत (वर्तमान) (८) सावर्णि (९) दक्षसावर्ण (१०) ब्रह्मसावर्ण (११) धर्मसावर्ण (१२) रौद्रसावर्ण (१३) रौच्यसावर्णि र (१४) भौत्यसावर्णि ।

(ख) "मनुः स्वायम्भुवोनाम मनुः स्वारोचिषस्तथा ।
औत्तमिस्तामसिश्चैव रैवतश्चाक्षुषस्तथा ।।१।।
एते तु मनवो ऽतीताः सप्तमस्तु रवेः सुता
वैवस्वतोऽयं यस्यैतत्सप्तमं वर्तते युगम् ।।२।।
सावर्णिदक्षसावर्णो ब्रह्मसावर्ण इत्यपि ।
धर्मसावर्ण रुद्रस्तु सावर्णो रौच्यभौत्यवत् ।।३।। (विष्णु पुराण)

स्वर्गादि आ–आफ्नो लोकबाट भाग्न विवश भए। आपना सन्तानहरूको विचलित र विपन्न स्थिति देखेर देवमाता अदिति आफ्ना पति महर्षि कश्यपसँग देवताहरूको उद्धार गर्न प्रार्थना गर्छिन्। महर्षि कश्यप उनलाई 'द्वादशाहपयोव्रत' द्वारा आदिदेव केशवको उपासना गर्न सल्लाह दिन्छन्। 'द्वादशाह पयोव्रत' द्वारा अत्यन्त प्रसन्न भएका अन्तर्यामी भगवान् देवमाता अदितिको मनोकामना अनुसार असुरहरूलाई पराजित गर्न सक्ने पुत्र–प्राप्तिको वरदान दिन्छन्। आदि देव केशव आफूले दिएको वरदानअनुसार अदितिका गर्भबाट वामनावतारको रूपमा स्वयम् प्रकट हुन्छन् र देवकार्य सुसम्पन्न गर्ने प्रतिज्ञा गर्दछन्।

जल भरिएको कमण्डलुर छत्र–दण्डले सुशोभित अत्यन्त साना बाउन्ने रूप धारण गरेका ब्राह्मण भेषधारी विष्णु राजा बलिका समक्ष याचकका रूपमा उपस्थित हुन्छन्। राजा बलि आफ्ना सामुन्ने अत्यन्त राम्रा बाउन्ने वटुलाई एक याचकका रूपमा उपस्थित भएको देखेर प्रथमत: विस्फारित नेत्रले हेर्दछन् र याचकको रूपमा आउनाको कारण सोध्दछन् र साथै याचना गरेको वस्तु दिने प्रतिज्ञा पनि गर्दछन्। वामन राजा बलिको प्रशंसा गर्दै भन्दछन्– "तपाईंका पूर्वजहरू कोही पनि कृपण नभएको र याचकको मनोकामना पूर्ण गर्ने वृत्ति लिएको इतिवृत्त सबैलाई थाहा छ; तपाईंका पूर्वजहरू दानवीर हुनाका साथै पराक्रममा पनि अद्वितीय वीर थिए; गदायुद्धमा हिरण्याक्षसँग मुकाबिला गर्ने कोही भएन र उनले युद्धमा दिग्विजय गरे; त्यस्तै महान् पराक्रमी हिरण्यकशिपु पनि अद्वितीय वीर थिए; तपाईंका पितामह प्रकाण्ड विद्वान् हुनाका साथै द्विजवत्सल पनि छन्; यिनै सब पूर्व वृत्तान्त स्मरण गरेर नै तपाईंका समक्ष केवल तीन पाउ भूमि दान माग्न यहाँ उपस्थित भएको हुँ; यज्ञयागादि ब्रह्म–कर्मको लागि मलाई तीन पाउ भूमि भए यथेष्ट पुग्दछ; हुन त तपाईं सप्त द्वीपका अधिपति हुनुहुन्छ र मागेको खण्डमा सप्त द्वीप नै पनि दिन सक्नुहुन्छ; तर तृष्णाको वशमा परेर धेरै लोभ गरी संग्रह गर्नु ब्राह्मणको लागि उचित होइन।" अनुभववृद्ध विद्वान्का जस्ता कुरा र साथै आफ्ना पूर्वजहरूको प्रशंसा वटु वामनबाट सुनेर अत्यन्त दंग परेका राजा बलिले तीन पाउ भूमि दान गरेर दिने निश्चय गरेको देख्दा गुरु शुक्राचार्य स्पष्ट रूपमा निषेध गर्दै भन्छन् कि यिनलाई तीन पाउ जमीन दिनु सर्वस्व दान गर्नु जस्तै हो; यी विष्णु हुन् यिनले दुइ पाउद्वारा नै सम्पूर्ण ब्रह्माण्ड नाप्नेछन्; तेस्रो पाउ कहाँबाट दिन्छौ–

"त्रिविक्रमैरिमाँल्लोकान् विश्वकाय क्रमिष्यति ।
सर्वस्वं विष्णवे दत्त्वा मूढ वर्तिष्यसे कथम् ॥३३॥
क्रमतो गां पदैकेन द्वितीयेन दिवं विभोः ।
खं च कायेन महता तार्तीयस्य कुतो गतिः ॥३४॥"[1]

यसरी शुक्राचार्यले निषेध गर्दा गर्दै पनि राजा बलिले आफ्ना गुरुलाई राजा

---

१. श्रीमद्भागवत ८।११

शिविको दानशीलताको निर्विकल्प उदाहरण स्मरण गराई वटु वामनको तुष्टिका लागि तीन पाउ भूमि दान गरेर दिने निश्चय गर्दछन् र तीन पाउ भूमि दान दिन्छन् ।

वटु वामनले तीन पाउ भूमि दान पाउनासाथ आफ्नो स्वरूपको विस्तार गर्छन् र दुइ पाउद्वारा तीन लोक-[1] चौध भुवन[2] ढाक्छन् । आफ्ना राजालाई यस प्रकार झुक्याएकोमा राजा बलिका पार्षदहरू वामनमाथि शस्त्र-अस्त्र प्रहार गर्दै जाइलाग्छन् । विष्णुका पार्षदहरू पनि दैत्य-दानवहरूमाथि शस्त्र-अस्त्र प्रहार गरी उनीहरूलाई परास्त पार्छन् र बलिलाई वरुण-पाशमा आबद्ध पार्छन् । वामन वरुण-पाशमा आबद्ध बलिलाई सम्बोधन गर्दै भन्छन् कि तिमीले मलाई तीन पाउ भूमि दान गरेर दिएका हौ तर मेरा दुइ पाउभित्र नै सम्पूर्ण ब्रह्माण्ड अटाएकोले तेस्रो पाउ मैले कहाँ राख्ने–

"पदानि त्रीणि दत्तानि भूमेर्मह्यं त्वयासुर ।
द्वाभ्यां क्रान्ता मही सर्वा तृतीयमुपकल्पय ॥२९॥"[3]

वरुण-पाशमा आबद्ध भए तापनि आफ्ना वचनमा अटल रहेका राजा बलि किंचित्मात्र पनि विचलित नभइकन तेस्रो पाउ मेरो शिरमा राख्नुहोस् भन्दछन्–

"यद्युत्तमश्लोक भवान् ममेरितं वचो व्यलीकं सुरवर्य मन्यते ।
करोम्यृतं तन्न भवेत् प्रलम्भनं पदं तृतीयं कुरु शीर्ष्णि मे निजम् ॥"[4]

अन्तमा राजा बलिका पितामह प्रह्लाद र रानी विन्ध्यावलिको स्तुतिबाट प्रसन्न भएका वामन रूपधारी विष्णु प्रह्लादलाई आफ्ना पौत्र र दैत्य-दानवका सम्पूर्ण परिवार तथा असुरहरूलाई समेत लिएर सुतलमा गएर बस्ने आज्ञा दिन्छन् र साथै आफू स्वयम् पनि त्यहीं अवस्थित रहेर नित्य दर्शन दिने वचन पनि दिन्छन् ।

"वत्स प्रह्लाद भद्रं ते प्रयाहि सुतलालयम् ।
मोदमानः स्वपौत्रेण ज्ञातीनां सुखमावह ॥९॥

---

१. तीन लोक– (१) स्वर्ग (२) मर्त्य र (३) पाताल ।

२. चौबह भुवन– पृथ्वी र पृथ्वीभन्दा माथिका सात ऊर्ध्वलोक–
(१) भूलोक (२) भुवर्लोक (३) स्वर्लोक (४) महर्लोक (५) जनलोक (६) तपोलोक र (७) सत्यलोक ।
पृथ्वीभन्दा तलका सात अधोलोक–
(१) अतल (२) वितल (३) सुतल (४) रसातल (५) तलातल (६) महातल र (७) पाताल ।

३. श्रीमद्भागवत ८।२१

४. श्रीमद्भागवत – ८। २२ । २

नित्यं द्रष्टासि मां तत्र गदापाणिमवस्थितम् ।
मद्दर्शनमहाह्लादध्वस्तकर्म निबन्धनः" ॥१०॥[१]

पौराणिक आख्यानअनुसार 'वामनावतार' कथाको सारांश यै रूपमा देखा पर्दछ ।

ऐतिहासिक इतिवृत्त

पुराण, बाइबिल, अबेस्ता आदि धार्मिक ग्रन्थहरूमा प्रलयंकारी जल-प्लावनको वर्णन उल्लिखित छ। पर्सियाका इतिहासज्ञ जैनेसिसका विचारमा यो प्रलय संभवतः मेसोपोटामिया[२] (आधुनिक इराक) र पर्सियाको उत्तर-पश्चिम भू-भागमा भएको थियो। पर्सियाको उत्तर-पश्चिम दक्षिणमा फारसको खाडी र उत्तरमा काश्यप सागर (कैस्पीयन सी) तर्फका भू-भागहरू होचो हुनाको कारण यै प्रलय हो भन्ने जैनेसिसको विचार छ। यो प्रलयंकारी जल-प्लावन ईसापूर्व १५,००० देखि १०,००० वर्षको आसपास मेडिटेरियन सागरले आफ्नो मर्यादा असीलित रूपमा उल्लंघन गर्दा भएको सम्भावनाको उल्लेख एच. जी. वेल्स लिखित 'ऐतिहासिक रूपरेखा' मा भएको छ।[३]

प्रलयंकारी जल-प्लावनभन्दा पहिले आर्यावर्त (भारत) र भारतको दक्षिण-पूर्व आन्ध्रालय (आस्ट्रेलिया), बाली, यवद्वीप (जावा), शंखद्वीप, (बोर्नियो), मलयद्वीप (मलाया), अंगद्वीप[४] (सुमात्रा), स्वर्णद्वीप (लंका) र भारतको पश्चिम कुशद्वीप (अफ्रिका) र भारतको उत्तर-पश्चिम वाराहद्वीप (नौरवे द्वीप) सम्मको विशाल-भूभाग एक दोस्रासँग संश्लिष्ट थिए।[५]

यी भू-भागहरूमा दैत्य, आदित्य, दानव, नाग, गरुड आदि निवास

---

१. श्रीमद्भागवत – ८ । २३

2. "Mesopotamia (a Greek word for Land between the Rivers") is the valley between the Tigris (Turkey-Iraq) and Euphrates (Iraq) rivers. Mesopotamia has been known by a variety of names in history, including "Sumer" "Babylonia" and "Chaldea." 'Our world through the Aages' by Nathanile Platt and Muriel Jean Drummond. Page 31.

3. The Outline of History by H. G. Wells Page 115.

४. डा. श्री सुनीति कुमार चटर्जीले 'बृहत्तर भारत में शिव' नामक लेखमा 'सुवर्ण द्वीप' या 'श्री विजय' लाई सुमात्राद्वीप मनेर उल्लेख गरेका छन् । 'कल्याण' श्री शिवाङ्क पृ. ५८३

5. (क) "These great valleys about the lakes of the Mediterrianean bed and in the Red Sea triangle probably afforded admirabe conditions for human development. The main stage of human history 20,000 years ago." 'The Outline of History ' by H. G. Wells. Page 96.

(ख) 'श्री मद्भागवत' जो पञ्चम स्कन्धको सोह्रौं अध्यायमा वर्णित भौगोलिक चित्रणबाट पनि विशाल भू-भागको अनुमान हुन्छ ।

गर्दथे। यिनीहरू एउटै पिता तर भिन्न-भिन्न आमाका गर्भबाट जन्मेका दायाद वान्धव (सौतेनी दाजु-भाइहरू) थिए। यी दायाद वान्धवहरू यिनै द्वीपहरूमा खण्ड-राज्यका निवासीका रूपमा फैलिएका थिए।

प्रचेताका छोरा दक्षप्रजापतिकी छोरीहरू साठी थिए। दक्षप्रजापतिले आफ्नी तेह्र[1] कन्याहरूको विवाह मरीचि कश्यपसँग सुसम्पन्न गरेका थिए। कश्यपका यी पत्नीहरू एउटै बाबु-आमाबाट जन्मेकाले दिदी-बहिनीहरू थिए भने एउटै पतिका पत्नीहरू भएकाले एक दोस्राका सौताहरू पनि थिए। त्यस समयमा मातृ-कुलको प्रधानता थियो। फलतः सन्तानहरूको पहिचान आमाको आधारमा हुन्थ्यो र साथै वंश-विस्तार पनि आमाकै नामका आधारमा हुन्थ्यो। यसै कारण कश्यपद्वारा दितिबाट जन्मेका दैत्य, अदितिबाट जन्मेका आदित्य, दनुबाट जन्मेका दानव कहलाए।

(क) दैत्यवंश

कश्यप र दितिबाट हिरण्यकश्यप, हिरण्याक्ष, बज्रांग र अन्धक नाम गरेका चार छोरा र सिंहिका नाम गरेकी छोरी पैदा भए।[2] हिरण्यकश्यप र कयाधुबाट संह्लाद, अनुह्लाद, ह्लाद र प्रह्लाद पैदा भए। सिंहिकाबाट एक सय छोराहरू पैदा भए। जसमा राहु जेठो र केतु कान्छो थियो। यस प्रकार सिंहिकाबाट सैंहिकेय वंश चल्यो। संह्लादबाट पाँच छोरा, ल्हादबाट बातापि र इल्विल नाम गरेका दुइ छोरा, अनुल्हाद-बाट बास्कल र महिष नाम गरेका दुई छोराहरू, प्रह्लादबाट विरोचन, विरोचन-बाट वलि र बलिबाट सै छोराहरू पैदा भए जसमा वाण सबभन्दा जेठो थियो। हिरण्याक्षबाट उत्कूर, शकुनि भूतसंतापन, महानाभ, महाबाहु र कालनाभ नाम गरेका छोराहरू पैदा भए। वज्रांगबाट तारक[3] पैदा भयो।

(ख) दानव-वंश

मरीचि कश्यपद्वारा दनुबाट एकसट्ठी छोराहरू पैदा भए जसमा शम्वर एकचक्र, अरिष्ट, हयग्रीव, धूम्रकेशी, विरूपाक्ष, तारक,[4] वृषपर्वा, विप्रचित्ति,[5] पुलोमा (पुलो मन्) आदि पराक्रमी थिए। पुलोमा र कालका नामका दुई छोरीहरू पनि पैदा भए। पुलोमाबाट 'पौलोम' कालकाबाट 'कालिकेय' वंश चल्यो।

---

१. (१) अदिति (२) दिति (३) दनु (४) काष्ठा (५) अरिष्ठा (६) सुरसा (७) क्रम. (८) विनता (९) ताम्रा (१०) सरमा (११) यामिनी (१२) इला (१३) पतंगो।

२. श्रीमद्भागवतमा हिरण्यकश्यप, हिरण्याक्ष र सिंहिकाको नाम मात्र उल्लिखित छ। ६।१८।११ र १३

३. विष्णुले यस तारक दैत्यलाई नपुंसकको रूप धारण गरेर मारेका थिए।

४. कार्तिकेयले यस तारक दानवलाई मारेका थिए।

५. विप्रचित्तिको विवाह हिरण्यकश्यपकी छोरी सिंहिकासँग भयो र सैंहिकेय वंश चलेको उल्लेख माथि भैसकेको छ।

(ग) आदित्य वंश

कश्यपद्वारा अदितिबाट विवश्वान्, अर्यमा, पूषा, त्वष्टा, सविता, भग, धाता, विधाता, वरुण, मित्र, शुक्र र उरुक्रम नाम गरेका बाह्र आदित्य पैदा भए।

(घ) वैनतेय वंश

कश्यपद्वारा विनताबाट अरुण र गरुड नामका दुई छोरा र अरुणबाट सम्पाति र जटायु पैदा भए।

(ङ) काद्रव वंश (नाग वंश)

मरीचि कश्यपद्वारा कद्रुबाट शेष, बासुकि, कर्कोटक, तक्षक, धृतराष्ट्र, धनंजय, पुष्पदन्त आदि छब्बीस नागवंश चल्यो।

यस्तै अरिष्टाबाट गन्धर्व, सुरसाबाट यातुधान, इलाबाट बनस्पति, ताम्राबाट श्येन-गृध्र, काष्ठाबाट दुई खुर भएका प्राणी आदि पैदा भए। यसरी दैत्य, आदित्य (देवता), दानव, यातुधान, नाग, वैनतेय आदि दायाद बान्धवहरू थिए।

कश्यप सागर (कैस्पीयन समुद्र) गजनी, हिरात, खुरासान, बुखारा, कुंजाह आदि भू-भागहरूमा दैत्यहरूको निवास थियो। यी भू-भागहरू अनेक खण्ड राज्यहरूमा विभक्त थिए र यी खण्ड-राज्यहरूका अधिपति दैत्यहरू थिए। स्वर्ण-खानी पत्तो लागेपछि हिरण्यकश्यपले 'हिरण्यपुर' नामक नयाँ राजधानी बनाएका थिए।[1] हिरण्यकश्यपको अधीन फारसको सम्पूर्ण उत्तर-पश्चिम भू-भाग र सम्पूर्ण अफगानिस्तान थियो।

हिरण्याक्षको आधिपत्य बेबिलोन (इराक) र यसको आस-पासको भू-भागमा थियो। दानवहरूको आधिपत्य मिश्र र सिरियामा थियो। यसरी दैत्य र दानवहरूका राज्यहरू एक दोस्राका नजीक आसपास थिए।

यस प्रकार एकतर्फ दैत्य र दानवहरूको आधिपत्य थियो भने अर्कोतर्फ देवताहरूको आधिपत्य कायम थियो जो आफ्नी आमा अदितिको नामका आधारमा आदित्य कहलाउँथे। वरुणको आधिपत्य इरानको दक्षिण-पूर्वी भू-भागमा थियो। वर्तमान करमान नै त्यस समय 'सुषा' नामले विख्यात थियो जो वरुणको राज्यको राजधानी थियो।[2] आदित्यहरूमा सबभन्दा कान्छा विष्णु-

---

१. हिरण्यकश्यपको पुरानो राजधानी वर्तमानको अल इस्कंदरिहामा थियो। त्यस समयमा यसको नाम 'इष्टखर' थियो।

2. 'In 1901, in a mound at Susa, Persia, was found a slab of black stone on which was inscribed the legal code of the Babylonians. This, too, was a valuable source of information.' 'Our world through the Ages'. by Nathaniel Platt and Muriel Jean Drummond, Page 31.

को आधिपत्य क्षीरसागर (पर्सियाको खाडी) मा कायम थियो। अदन (टर्की) सूर्यको राजधानी थियो जो पहिले 'आदित्यपुर' को नामले प्रसिद्ध थियो। सूर्य-पुत्र यमको आधिपत्य जमशिदावाद (इरान-तेहरान) मा कायम थियो । इरानको इतिहासमा 'यमशिद' को नाम बडो प्रख्यात छ। इरानीहरू यमशिदको उपासना पनि गर्दछन् । यसबाट इरानीहरू आजसम्म यमको स्मरण गर्दछन् भन्ने थाहा हुन्छ।

नागवंशको राज्य सीरिया, हसन अब्दाल (अफगानिस्तान) र तुर्किस्तानका भू-भागहरूमा छरिएको थियो। यिनमा सबभन्दा ठूलो नाग-राज्य तुर्किस्तानमा थियो।

इरानमा आजकाल जसलाई गरुस कुह-ए-माउण्ट (Garus kuh-e-mt.) भन्दछन् त्यस भू-भागमा विनता-पुत्र वैनतेयवंशको आधिपत्य थियो र त्यस समयमा यस भू-भागलाई 'गरुड-धाम' भनिन्थ्यो ।

वर्तमानमा जुन भू-भाग नारवे द्वीपको नामले जानिन्छ त्यस समय 'कोलावराह' वा 'केतुमाल' भनिन्थ्यो। नारवे द्वीपमा त्यस बेला कोल बराह जातिको बसोबास थियो। यहाँका निवासी वर्तमान समयमा पनि 'कोल' भनेर सम्बोधित हुन्छन्।

समुद्र-मंथनपछि देवता, दैत्य, दानव, नागहरूले मिलेर पहिलो पल्ट कश्यप सागर पार गरे। यस यात्रामा दैत्यहरूको भाग्यले गर्दा स्वर्ण खानीहरू उनीहरूको हातमा पर्न गयो। तर देवताहरूका नेता विष्णुले बुद्धि-चातुर्यद्वारा स्वर्णखानीहरू आफ्नो अधिकारमा पारे। समुद्र-मंथनबाट प्राप्त लक्ष्मी र लक्ष्मीद्वारा विष्णुको वरण वस्तुतः यसैको प्रतीक हो। प्रथम देवासुर-संग्रामको मूल कारण यै स्वर्ण-खानी आ-आफ्नो अधिकारमा पार्ने प्रयत्न अनुभूत हुन्छ। यो संग्राम करीब तीन सय वर्षसम्म चल्यो। यस अवधिमा चौध पल्ट देवासुर-संग्राम भयो जसमध्ये तीन पल्टको देवासुर-संग्राम अत्यन्त दारुण थियो। यस संग्राममा देवताहरू विजयी भए। तीन सय वर्षसम्म चलेको देवासुर-संग्रामको अवधिमा दानव, दैत्य, यातुधान पौलोम, सैंहिकेय, कालिकेय आदि एकतर्फ भए भने गरुड, नाग, बराहहरू देवताका पक्षधर हुन गए । यी दुई महाशक्ति सुर र असुर कहलाए। फलतः देवता र असुरहरूमा चिरशत्रुता कायम हुन गयो।

दैत्य र दानवहरू अत्यन्त पराक्रमी र कर्मठ थिए। उनीहरूले अत्यन्त सुसंगठित भएर नयाँ स्वर्ण-खानीहरू पत्ता लगाए र नयाँ स्वर्ण-खानीहरू पत्ता लागेपछि आफ्नो अधीनमा रहेका भू-भाग र त्यहाँका निवासीहरूलाई सम्पन्न मात्र पारेनन् अपितु आ-आफ्नो सैन्य-शक्ति पनि अत्यन्त सुसंगठित पारे। फलतः दैत्य-दानव आदि असुरहरूको स्थिति आर्थिक, सामाजिक, राजनैतिक तथा सैनिक दृष्टिबाट देवताहरूको भन्दा अधिक राम्रो हुन गयो। देवताहरूले असुरहरूको यस स्थितिलाई आफ्नो उज्ज्वल भविष्यका लागि तगारो सम्झे। देवताहरूले

कोल वराह जातिसँग मैत्री-सम्बन्ध कायम गरी यस जातिलाई हिरण्याक्षको विरुद्ध उचाले र उसमाथि आक्रमण गर्न लगाए। यस युद्धमा हिरण्याक्षको मृत्यु भयो देवताहरूले वैवश्वत मनुका दोस्रा छोरा नृगलाई बेबिलोनको सिंहासनमा सिंहासनस्थ गराए। कोल वराहको जुन शाखाले हिरण्याक्षलाई मार्न प्रमुख भूमिका खेलेको थियो उसले राज्य-शासन-संचालनमा विशेष अधिकार मात्र पाएन उ देवता पनि कहलाउन थाल्यो। यिनै सूर्यवंशी राजा नृग[1]पछि नृ-सिंह-देवको नामले विख्यात भए। यिनै नृ-सिंह देवले आफ्नो भाइ हिरण्याक्षको निधनबाट दुर्बल भएको हिरण्यकशिपुमाथि आक्रमण गरी उसलाई मारेका थिए।

इरानी इतिहासकार 'नृग' वंशीहरूको नेता तथा अधिपतिको नाम 'नरमसिन' भन्दछन्। 'नरमसिन' नामक एक स्थान 'अल इस्कन्दरिहा' को निकट छ। 'नरमसिन' वस्तुतः 'नृसिंह' को नै अपभ्रंश रूप हो। तेहरानको पूर्वोत्तर 'देमावन्द' नामक स्थान छ जसलाई इरानको स्वर्ग भनिन्छ।[2] 'देमावन्द' नाम पनि वस्तुतः 'देवस्थान' को अपभ्रंशरूप हो। पर्सियाको प्राचीन इतिहासमा नृसिंहको विजयलाई "नरमसिनको नेतृत्वमा निगृटहरूको विजय-अभियान भनिएको छ। निगृटहरूको यस विजय-अभियानको एउटा भित्ति-चित्र बगदाद र करमनशाहको मध्यवर्ती प्रदेशको जलुल नामक स्थानमा प्राप्त भएको छ। यस भित्ति-चित्रमा नृसिंहले सूर्यको झण्डा लिएर सेनाको नेतृत्व गरेको देखाइएको छ। 'नरमसिन' को अर्ध्द सिंहको मूर्ति पनि प्राप्त भएको छ। हिरण्यकशिपुको वध सुमना पर्वत (वर्तमान सेमनान) मा गरिएको थियो। तेहरानको पश्चिमोत्तर जमशिदावादमा' जमशेद तख्त' (यमराजको सिंहासन) छ। यसमा छेपारो र सिंहको आकृति उत्कीर्ण छ। नृग जातिको चिह्न छेपारो थियो। पुराणमा वर्णित छ कि राजा नृग शापवश छेपारो भएका थिए।

दोस्रो देवासुर-संग्राममा हिरण्यकशिपु मारिएपछि उनका छोरा प्रह्लादले देवता र असुरहरूको बीचमा मैत्री-सन्धि कायम गरे। विष्णुले देवता-हरूका तर्फबाट यस मैत्री-सन्धिअन्तर्गत यो वचन दिए कि मेरा भक्त दैत्य-दानवहरूको रक्त अब पृथ्वीमा खस्नेछैन। यस मैत्री-सन्धिले गर्दा हिरण्यपुरको सम्पूर्ण स्वर्ण भण्डार दैत्यहरूकै अधिकारमा रहन गयो। यसका अतिरिक्त प्रह्लाद-ले गर्दा सम्पूर्ण दैत्य-दानव-समाज देवताहरूको विरोध नगरी आफ्नो समाजको उन्नतिमा संलग्न रहन थाले। यस सन्धिले देवताहरूको आकांक्षा अपूर्ण नै रह्यो।

---

१. कैस्पीयन सागरको दक्षिण-पश्चिम फारसको खाडीदेखि पश्चिम-उत्तर तुर्किस्तानसम्म नृगका वंशजहरू 'निगूटो' जातिका रूपमा छरिएका छन्।
२. इरानीहरू 'देमावन्द' लाई पैराडाइज भन्दछन्। यै भू-भागलाई वैकुण्ठ, सत्यलोक, भिहिस्त भनिएको हो। पर्सियन इतिहासकारहरू यस भू-भागलाई अत्यन्त उपजाउ र फलहरूबाट ढकमक्क हुने स्थान भन्दछन्।

सन्धि-विग्रहका नेता विष्णुले पनि यस सन्धिको त्रुटिलाई बुझे। फलतः विष्णुले दैत्य-दानवहरूका समक्ष एक नयाँ प्रश्न खडा गरिदिए। देवता पक्षको तर्क यो थियो कि दैत्य-दानव र आदित्य मरीचि कश्यपका वंशज भएकाले सबै दायाद बान्धवहरू हुन्। यस कारण स्वर्ण-भण्डारमा उनीहरूको पनि हिस्सा हुनु पर्दछ। दैत्यहरूको तर्क यो थियो कि कश्यप सागरको तटमा प्राप्त स्वर्ण-खानीहरू पैत्रिक सम्पत्ति होइन; यो त उनीहरूको पुरुषार्थको कमाई हो। यस कारण यसमा अंशबण्डा गर्न प्रश्न नै उठ्दैन। दुवै पक्ष आ-आफ्नो तर्कमा अडिग रहेकाले विवाद र कचिंगल चर्किंदै गए। प्रह्लादसँग कायम भएको मैत्री-सन्धि पूर्णतः निष्क्रिय भयो र तेस्रो देवासुर-संग्राम प्रारम्भ भयो। यो तेस्रो देवासुर-संग्राम अत्यन्त दारुण र भयंकर थियो। यस संग्राममा अत्यन्त पराक्रमी र अजेय ठहरिएका असुर पक्षका योद्धाहरू— राजा बलिको प्रधान सेनापतित्वमा असुरगुरु उशना शुक्र, शम्बर बाण, विप्रचित्ति, कालनाभ, प्रहेति, हेति, इल्विल, शकुनि, भूतसंताप, बज्रदंष्ट्र, विरोचन, हयग्रीव, शंकुशिरा, कपिल, तारक, एकचक्र, शुम्भ, निशुम्भ, जम्भ, उत्कल, अरिष्ट, अरिष्टनेमी, मय, त्रिपुरासुर, दुंदुभि पौलोम, कालिकेय, निवात, कवच, वातापि, इल्वल, महिष, माली, सुमाली, माल्यवान, नरकासुर आदि यूथपतिहरू थिए भने देवराज इन्द्रको प्रधान सेनापतित्वमा देवताका गुरु बृहस्पति, सम्पूर्ण लोकपाल, अग्नि, वरुण, सूर्य, यम, विश्वकर्मा, त्वष्टा, सविता, अश्विनी-कुमार, मित्र, सोम, अनिल, भद्रकाली, विभावसु, शिव, विष्णु, शनिश्चर, विश्वदेवा आदि देवताहरू र वैनतेय, नाग, कोलवाराह, नृग वंशीहरूले देवताको पक्षबाट यस संग्राममा भाग लिएका थिए।

यस परम दारुण तथा रोमहर्षक देवासुरसंग्राममा प्रह्लाद-पुत्र विरोचनका साथै अनेक पराक्रमी असुरहरू मारिए तापनि असुरहरूको संयुक्त सुसंगठित सैन्य-शक्तिका समक्ष देवताहरूको केही जोर चलेन। असुर-पक्ष विजयी भयो। देवताहरू पराजित भएर आ-आफ्नो ज्यान जोगाउँदै युद्ध-भूमिबाट भागे। प्रह्लादका नाति तथा विरोचनका छोरा बलि इन्द्रासनमा अभिषिक्त भए। असुर-हरूले देवताहरूको सम्पूर्ण सम्पत्ति र भूमिमाथि आफ्नो अधिकार कायम गरी आपसमा बाँडेर लिए।

यस तेस्रो देवासुर संग्रामले देव-शक्तिलाई छिन्न-भिन्न र विशृंखलित मात्र पारेन अपितु उनीहरूलाई बसोवासविहीन विपन्न स्थितिमा पनि पुऱ्यायो। देव-वर्गमा बडो खलबल मच्चियो। विष्णुको अध्यक्षतामा देवताहरूले अनेक गोप्य बैठकहरू गरे। अन्तमा देवताहरू यो निश्चयमा पुगे कि असुरहरूको संयुक्त सुसंगठित सैन्य-शक्तिलाई युद्धद्वारा पराजित गर्न सकिन्न। विष्णुले सम्पूर्ण वस्तु-स्थितिको समीक्षा भइसकेपछि छल-प्रपंच अर्थात् राजनीतिको भाषामा कूटनीति-द्वारा असुर-शक्तिलाई छिन्न-भिन्न पारी राज्याधिकार प्राप्त गर्ने प्रस्ताव बैठक-समक्ष उपस्थित गरे। देवसभाले सर्वसम्मतिबाट सो प्रस्ताव सहर्ष स्वीकार गरे।

दैत्यराज बलि महान् दानी हुनुका साथै प्रतिज्ञामा प्रतिबद्ध रहने दृढ चरित्रका थिए। जो याचक उनका सामु उपस्थित भएर जुन कुराको याचना गर्दथ्यो उसले त्यो कुरा पाउँदथ्यो। दैत्यराज बलिको ढोकाबाट कसैले पनि निराश भएर खालि हात फर्कनु पर्दैनथ्यो। यसै कारण राजा बलिका ढोकामा दिनहुँ असंख्य याचकहरू आउँदथे र आफ्नो मनोकांक्षा पूरा गरेर जान्थे। दैत्यराज बलिको यस प्रतिज्ञा-दुर्वल-चरित्रलाई देवताहरूले आफ्नो मनोकामना सिद्ध गर्ने सर्वाधिक सशक्त साधन बनाउने निश्चय गरे।

एक दिन दैत्यराज बलिको समक्ष एउटा बाउन्ने याचकको रूपमा उपस्थित भयो। उसले राजा बलिको प्रशंसा गर्दै भन्यो– "दैत्यराज ! आज तपाईं त्रिलोक-पति हुनुहुन्छ। तपाईंभन्दा श्रेष्ठ पुरुष त्रिलोकमा नै अर्को कोही छैन। तपाईंको दानशीलता र प्रतिज्ञा-बद्धताको चर्चा आज सर्वत्र व्याप्त छ। तपाईंको समक्ष आएपछि आजसम्म एक व्यक्ति पनि निराश फर्केको थाहा छैन। सर्वत्र यो चर्चा छ कि तपाईं याचकहरूका लागि कल्पवृक्ष हुनुहुन्छ। आजसम्म त्रिलोकमा तपाईंको समान दाता अर्को भएको कसैलाई पनि थाहा छैन। म एक याज्ञिक हुँ; यज्ञ गर्न चाहन्छु। तर मसँग "अग्नि–रक्षायाम्" अग्निको रक्षाका लागि यज्ञ-वेदी निर्माण गर्न तीन पाउ भूमिसम्म छैन।[1] यस कारण म यहाँ तपाईंका समक्ष तीन पाउ भूमिको लागि याचना गर्न उपस्थित भएको हुँ।" वटु वामनबाट आफ्नो र आफ्ना पूर्वजहरूको गुण-गान सुनेर अत्यन्त प्रशन्न भएका दैत्यराज बलिले भने– "बाउन नानि ! मेरो राज्य, मेरा पत्नी-छोराहरूका साथै मेरो जीवन मागे पनि म याचकलाई निराश फर्काउन्न; मेरो यो प्रतिज्ञा छ। त्रिलोक-पति दैत्यराजसँग यज्ञ-वेदीका लागि तीन पाउ भूमिको याचना कुन ठूलो कुरा भयो र ? तीन पाउ भूमिका अतिरिक्त अरू पनि केही चाहिन्छ भने निःसंकोच भन्नुहोस्।" दैत्यराज बलिका कुरा सुनेर वटु वामनले भने– "मलाई तीन पाउ भूमि भए मनग्गे पुग्छ; अनावश्यक वस्तु धेरै संग्रह गरेर के गर्ने ?"

यस वार्तालाप पछि वटु वामनका रूप र कुराबाट अत्यन्त प्रभावित भएका दैत्यराज बलिले आफ्ना कुलगुरु शुक्राचार्यद्वारा विरोध गर्दागर्दै पनि तीन पाउ भूमि वटु वामनलाई दान गरेर दिए। यसपछि वटु वामनका भेषमा आएका विष्णुले छद्मरूपमा आफ्ना साथ आएका देवताहरूको नेतृत्व गर्दै नगर, जनपथ, वन– उप-वन आदिमा आगो लगाउँदै भन्न थाले कि यो नै हाम्रो यज्ञ-वेदी हो।

---

१. विष्णुले एक नयाँ यज्ञ-विधिको निर्माण गरेका थिए। फलतः उनी 'यज्ञेश', 'यज्ञपुरुष' नामबाट पनि सम्बोधित हुन थालेका थिए। अदितिले उनलाई 'यज्ञेश', 'यज्ञपुरुष' भनेर उनको स्तुति गरेकी थिइन्–

"यज्ञेश यज्ञपुरुषाच्युत तीर्थपाद तीर्थश्रवः श्रवणमंगलनामधेय
आपन्नलोक वृजिनोपशमोदयाद्य शं नः कृधीश भगवन्नसि दीननाथ"

–श्रीमद्भागवत– ८।१७।८

विष्णुले प्रचलनमा ल्याएको नवीन यज्ञ-विधि ऐलेसम्म देवताहरूमा राम्ररी प्रचलित भइसकेको थियो तर असुरहरू यस नवीन यज्ञ-विधिबाट अपरिचित थिए। देवताहरू उद्घोष गर्न थाले। "विष्णुत्वा वसतामिति यज्ञो वै विष्णुः, स देवेभ्य इमां विक्रान्ति विचक्रमे। येषामियं विक्रान्तिरिदमेव, प्रथमेन पदेन यस्याघस्तादिमन्तरिक्ष द्वितीयेन दिवमुत्तमेनेंतां वैवैष एतस्मै विष्णुर्यज्ञो विक्रान्तिं विक्रमते।"

यसरी चारैतिर आगो लागेपछि असुरहरू छिन्न-भिन्न भएर भाग्न थाले। दैत्यराज बलि बाँधिए र सुतल गएर बस्न बाध्य गराइए। देवताहरू आगो लगाएर नष्ट पारेको भू-भाग पर्शियाको इतिहासमा 'खास डेजर्ट काला हिसम' भनिन्छ।[1] पर्शियाको प्राचीन इतिहासमा लेखिएको छ कि त्यहाँ पहिले ठूलठूला नगरहरू थिए जसलाई देवताहरूले आगो लगाएर ध्वस्त पारिदिए। यस भूभागमा बसोबास गर्ने 'दाह' कहलाउँछन् र यस भू-खण्डलाई 'दाहिस्तान' भनिन्छ।

सूर्यले नवीन यज्ञ-विधि प्रचलित गरेर विष्णुको उपाधि प्राप्त गरेका थिए र दैत्यराज बलिको पराजयपछि वेविलोन, सीरिया र मिश्रलाई आफ्नो अधिकारमा पारेर 'त्रिविक्रम' को उपाधि पनि धारण गरे।

मनोवैज्ञानिक तथ्य तथा वैदिक अध्यात्म-दर्शन

श्रीकृष्णले अर्जुनसंग आफ्ना विभूतिहरूको वर्णन गर्दै इन्द्रियहरूमा "मन नै म हुँ भनेर एउटा ठूलो गूढ रहस्यतिर संकेत गरेका छन्।[2]" इन्द्रियहरू सामान्यतः पाँच कर्मेन्द्रिय[3] र पाँच ज्ञानेन्द्रिय[4] जम्मा दश मानिएका

---

१. 'Khas Desert Kala Hisam' अन्तर्गत निम्न चार स्थानहरू पर्छन्–
   (क) Namak– e Miqihan Kavir– Salt lake
   (ख) Namak– Darya cheh– ye Salt Marsh
   (ग) Namak– Kavir– i– Salt Waste
   (घ) Namak zar– e– Shahdad Salt Marsh

२. वेदानां सामवेदोऽस्मि देवानामस्मि वासवः।
   इन्द्रियाणां मनश्चास्मि भूतानामस्मि चेतना ॥२२।१०॥ 'श्रीमद्भगवद्गीता'

३. १. पायु (गुदा–मलत्याग), २. उपस्थ (लिंग या भग–भोग), ३. हात (ग्रहण), ४. पाउ (गति) र वाक् (बाणी)
   "पायूपस्थे पाणिपादौ वाक्चेतीन्द्रिय संग्रहः।
   उत्सर्गं आनन्दादानगत्यालापाश्च तत्क्रिया ॥"– कामन्दक

४. १. आंखा (रूप), २. कान (शब्द), ३. नाक (गन्ध) ४. जिब्रो (स्वाद) र त्वचा (स्पर्श)

छन् । केही शास्त्रकारहरूले 'मन' लाई पनि इन्द्रिय मानेका छन् ।[1] केहीले 'मन' लाई दश इन्द्रियअन्तर्गत समाविष्ट नगर्नु, केहीले 'मन' लाई पनि इन्द्रियहरूमा गणना गरी यसको संख्या एघार स्वीकार गर्नु र श्रीमद्भगवद्गीतामा श्रीकृष्णले इन्द्रियहरूमध्ये " 'मन' म स्वयम् हुँ" भन्नु बडो विचारणीय विषय छ । श्रीमद्भगवद्गीताको दशौं अध्यायमा भगवान्का विभूतिहरूको वर्णन गरिएको छ र 'मन' लाई भगवानको विभूतिको रूपमा प्रतिष्ठित गरिएको छ । सम्पूर्ण इन्द्रियहरूको संचालक एक मात्र 'मन' भएकोले दश इन्द्रियहरूमा उसको गणना नहुनुमा जति औचित्य छ दश इन्द्रियहरूको स्वामीका नाताले उसलाई एघारौं इन्द्रियका रूपमा प्रतिष्ठित गर्नुमा पनि उत्तिकै औचित्य छ । श्रीमद्भगवद्गीतामा "इन्द्रियाणां मनश्चास्मि" उल्लिखित गरेर एक तर्फ इन्द्रियहरूको संख्या एघार स्वीकार गरिएको छ भने अर्कोतर्फ 'मन' लाई भगवान्को विभूतिका रूपमा प्रतिष्ठित गरेर यसको श्रेष्ठता सर्वोपरि मानिएको छ । हुन पनि दशै इन्द्रियहरूले संयुक्त रूपमा जति सुकै अथक प्रयास गरे पनि मनले लगाम खुकुलो नपारुन्जेलसम्म केही गर्न सक्दैनन् । तर मन एक्लै नै इच्छा मात्र गर्ना साथ एक निमेषमा त्रिलोक चहार्न सक्छ; त्रिलोक नाप्न सक्छ र त्रिलोकमा व्याप्त भएर पुनः परमाणुका रूपमा खुम्चिन सक्दछ । मनमा 'वा' उपसर्ग लगाएका खण्डमा 'वामन' हुन्छ र यै वामन आफ्नो विराट् रूपमा 'विष्णु' हुन्छ, उरुक्रम हुन्छ । वामनले तीन त्रिलोक ढाकेर पनि दैत्यराज बलिको द्वारपाल भएर बस्ने प्रसंग पनि बडो विचारणीय छ । मनमाथि लगाम नलगाएमा बुद्धि विभ्रममा पर्न जान्छ र आफ्नै असीमित तृष्णाको बन्धनमा जकडिन जान्छ । पुराण तथा इतिहासमा महान् पराक्रमी सम्राट्हरूको पतन र अत्यन्त विकसित सभ्यताको विनाश मनको यै असीमिति आकांक्षा रहेको तथ्य पौराणिक आख्यान र ऐतिहासिक घटनाहरूबाट ज्ञात हुन्छ । यसै कारण श्रीमद्भगवद्गीतामा 'मन' लाई भगवान्को विभूतिका रूपमा प्रतिष्ठित गरेर पनि 'योग'सँग संश्लिष्ट गरिएको हो । 'विभूतियोगो' भन्नाको कारण यै तथ्य अनुभूत हुन्छ ।[2] वामन र बलिको कथाको माध्यमबाट स्पष्ट पार्न खोजिएको मनोवैज्ञानिक तथ्य मेरा दृष्टिमा यै रूपमा देखा परेको छ ।

वैदिक अध्यात्म विद्याको मूलमा 'यथा पिण्डे तथा ब्रह्माण्डे तथा 'अणोरणीयान् महतो महीयान्' को सूत्र पाइन्छ । 'ब्राह्मण' र 'उपनिषद्' ग्रन्थहरूमा अनेक प्रकारले यस सामंजस्यका सम्बन्धमा संकेत गरिएको छ र भनिएको

---

१. (क) "गोचरा इन्द्रियार्थाश्च हृषीकं विषयीन्द्रियम् ।
कर्मेन्द्रियं तु पाय्यादि मनोनेत्रादि धीन्द्रियम् ॥" अमर कोष १।५।८

(ख) "मनः कर्णस्तथा नेत्रं रसना च त्वचा सह ।
नासिका चेति षट् तानि धीन्द्रियाणि प्रचक्षते ॥– कामन्दक

२. "ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुन संवादे विभूतियोगो नाम दशमोध्यायः ।"

छ– जो वामन (Microcosm) हो वस्तुतः त्यो नै विष्णु (Macrocosm) हो । यसैलाई "वामनो ह विष्णुरास" भनिएको छ।[1] अर्थात् जो वामनको रूपमा दृष्टिगोचर भयो, वास्तवमा त्यो आफ्नो विराट् स्वरूपमा विष्णु थियो । यसै भावलाई अर्को वाक्यद्वारा यस प्रकार भनिएको छ– 'स हि वैष्णवो यद्वामनः ।"[2] वामन अथवा पिण्ड र विष्णु अथवा ब्रह्माण्ड लीलाको कारणले दुइ भिन्न जस्ता देखिन्छन् तर वास्तवमा दुवै अभिन्न हुन् र एउटै हुन् । यजुर्वेदमा उद्घोष गरिएको छ–

"एतावानस्य महिमाऽतो ज्यायांश्च पूरुषः ।
पादोस्य विश्वा भूतानि त्रिपादस्यामृतं दिवि ।।३१।१

अर्थात् कोटिकोटि ब्रह्माण्ड उही ब्रह्मको महिमा हो, सम्पूर्ण विश्व उसको एक पाउमा छ। ऊ समस्त ब्रह्माण्डभन्दा ठूलो छ । उसको त्रिपाद भाग अमृत हो । उ द्युलोक भन्दा पनि माथि छ ।

वैज्ञानिक उपकरणको सहायताविना परमाणु (Atom) देख्न सकिन्न; यसको आकार कल्पनाभन्दा पनि सानो हुन्छ; तर परमाणुको यो वामन रूप दिखावटी हो, वास्तविक होइन । वस्तुतः परमाणुले आफूमा अनन्त विराट् रूप समेटेको हुन्छ र साथै आफूमा अपरिमित शक्ति पनि संचित गरेको हुन्छ। आधुनिक युगका वैज्ञानिकहरू दुइ शताब्दीभन्दा अधिक समयदेखि क्षुद्रातिक्षुद्र परमाणुको स्वरूपलाई अन्तिम रूपमा बुझ्न प्रयत्नशील छन् तर आजसम्म पनि उनीहरू ठीक–ठीक बुझ्न आफूलाई अशक्त नै पाइरहेछन् । वामनको वास्तविक रूप विराट् भएको र विराट् नै वामन भएकोले नै यसलाई बुझ्न नसकिएको हो । ब्रह्माण्डको संरचनामा शक्तिको जो नियमित गति छ त्यै नियमित गति नै परमाणुको कुक्षि (गर्भस्थ केन्द्र) मा पनि छ । दुवैमा पूर्ण सामञ्जस्य छ। यसैलाई वैदिक ऋषिहरूले "यो ऽसावसौ पुरुषः सोऽहमस्मि" भनेर संकेत गरेका छन् ।[3] ऐतरेय आरण्यकको एक भाग ऐतरेय उपनिषद्मा यसलाई राम्ररी बुझाउने प्रयत्न गरिएको छ ।[4]

मानव-शरीर देवताहरूको सभा-भवन हो । यहाँ देवताहरूका प्रतिनिधिहरू एकत्र हुन्छन् । सबै लोकपालहरू आ-आफ्नो लोकको कल्पना गरेर यस मानव-शरीरमा निवास गर्छन् । यो दैवी-सभा इन्द्रको सत्ताविना कुनै कार्य गर्न सक्दैन । इन्द्रको महिमाद्वारा समन्वित भएर नै इन्द्रिय स्थानीय देवताहरू तेजले सम्पन्न हुन्छन् । इन्द्र जब विदृतिद्वारबाट मानव-शरीरमा प्रवेश गर्छ तब ऊ आफ्नो चारैतर्फ ब्रह्मपुरुषलाई नै व्याप्त देख्छ । यै यथार्थ दर्शन गर्नाको कारणले

---

१. शतपथ : १।२।५।५
२. शतपथ : ५।२।५।४
३. काण्व यजुर्वेद : ४०।१६
४. अ० १. खण्ड १–३

नै ऊ इन्द्र कहलाउँछ। 'इदन्द्र' लाई नै परोक्ष संकेतद्वारा 'इन्द्र' भनिएको हो। अध्यात्म-विद्यामा परोक्ष निर्वचन, परोक्ष ज्ञान, परोक्ष दर्शन आदिको महिमा प्रत्यक्षको तुलनामा अत्यधिक महिमावान् मानिएको छ। प्रत्यक्ष सीमित र सानो हुन्छ तर परोक्ष असीम र अनन्त हुन्छ। यस प्रसंगमा कार्लाइलको एक वाक्य स्मरण हुन्छ-- मौन शाश्वत जस्तै गहन र दुर्बोध हुन्छ र वाणी अथवा व्याख्यान समय जस्तो क्षणिक र फितलो हुन्छ।[1] यस प्रकार वैदिक रहस्य-ज्ञानको मूल सूत्र पत्तो लगाउन वामन र विराट्को एकता बुझ्नु बडो जरूरी छ।

सृष्टि, स्थिति र संहार र यस्तै प्रातः काल, मध्याह्न काल र सायंकाल अथवा बाल्य, यौवन र जरा अवस्था नै विष्णुका तीन चरण हुन् --

"इदं विष्णुर्विचक्रमे त्रेधा निदधे पदं।"[2]

आफ्नो विराट् रूपमा जो पुरुष सहस्रशीर्षा र सहस्त्र पाद छ उही पुरुष मानव शरीरमा दशांगुल र एक शीर्षा छ– "आत्मा वा इदमेक एवाग्र आसीत् नान्यत्किञ्चिनभिषित। स ईक्षत लोकन्नु सृजा इति।"[3] वैदिक ऋषि-हरूले "वामनो ह विष्णुरास" उद्घोष गर्नाको कारण पनि यही हो।

अध्यात्म विष्णुका तीन चरण- वाक्, मन र प्राण हुन्। वाक्-विज्ञात हुन्छ।[4] मन-विजिज्ञास्य हुन्छ।[5] प्राण अविज्ञात हुन्छ।[6] यस्तै भूत विज्ञात हुन्छ, वर्तमान विजिज्ञास्य हुन्छ र भविष्य अविज्ञात हुन्छ। भूत, वर्तमान र भविष्य पनि विष्णुका तीन चरण हुन्। जसरी बाहिरी कर्मकाण्डमा वैध-यज्ञको आवश्यकता पर्दछ उसै गरी मानव-शरीरमा अध्यात्म यज्ञ सम्पन्न गर्न गार्हपत्य (अपान-उदर स्थानीय), दक्षिणाग्नि (व्यान- हृदय स्थानीय) र आहवनीय (प्राणमुख स्थानीय) अग्नित्रयको आवश्यकता पर्दछ। यसैलाई वैदिक अध्यात्म विद्यामा-- "पुरुषो वाव यज्ञः"[7] भनिएको हो। वैदिक अध्यात्म विद्यामा ऋग्वेदलाई 'वाक्', सामवेदलाई 'मन' र प्राणलाई यजुर्वेदको सार मानिएको छ।

पुराणमा वर्णित वामन र बलिको कथा वस्तुतः सर्वसाधारणलाई बुझाउन प्रस्तुत गरिएको प्रतीकात्मक रूप हो। अस्तु

---

1. "Silence is as deep as eternity, speech is shallow as time."
२. ऋग्वेद : १।२२।१७
३. ऐत्तरेय उपनिषद- १।१
4. Known
5. To be known
6. Unknown
७. "पुरुषो वै यज्ञ :" छां. १७।७ र शत० १।३।२।१

गतिविधि

गाइजात्रा-महोत्सव २०४१

२०४१ साउन २८ गते । श्री ५ महाराजाधिराज सरकार तथा श्री ५ बडामहारानी सरकार आज साँझ गाइजात्रा-महोत्सव २०४१ को उपलक्ष्यमा आयोजित 'हास्य-व्यंग्य प्रदर्शन' नजर गरिबक्सन प्रज्ञा-भवन सवारी होइबक्सियो । मौसूफ सरकारहरूबाट कविता, प्रहसन, प्यारोडी र नृत्य नजर गरिबक्सियो । यसअघि सरकारबाट प्रतिमा हलमा प्रदर्शित व्यंग्य-चित्रहरू नजर गरिबक्सियो ।

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले गाइजात्रा-महोत्सव २०४१ मनाउन प्रज्ञा-प्रतिष्ठानका उप-कुलपति श्री माधवप्रसाद घिमिरेको अध्यक्षतामा एक समिति गठन गरेको थियो । समिति यस प्रकार छ ।

उप-कुलपति श्री माधवप्रसाद घिमिरे–	अध्यक्ष
सदस्य श्री अमर चित्रकार–	सदस्य
" श्री भूपी शेरचन–	"
" डा० श्री तीर्थबहादुर श्रेष्ठ–	"
" डा० श्री चूडामणि बन्धु–	"
श्री सत्यमोहन जोशी–	"
डा० श्री धनञ्जय रिमाल–	"
श्री शशी शाह–	"
श्री वैकुण्ठ श्रेष्ठ–	"
श्री रामचन्द्र गौतम–	"
श्री कृष्णप्रसाद पराजुली–	"
सदस्य-सचिव श्री विजयबहादुर मल्ल–	सदस्य-सचिव
सह-प्रशासन प्रमुख श्री केशवमान प्रधान–	सहायक सदस्य-सचिव

गाइजात्रा-महोत्सव-२०४१ को हास्य-व्यंग्य कार्यक्रममा पुरस्कार पाउनेहरू:-

हास्य-व्यंग्य कार्यक्रम तर्फ:—

उत्कृष्ट पुरस्कार:-

१– कोचाकोच (प्रहसन)– श्री सन्तोष पन्त रू. १००१।– र प्रमाण-पत्र
२– असनबाट (")– श्री उज्ज्वल घिमिरे रू. १००१।– र प्रमाण-पत्र
३– सनराइजमा (प्यारोडी)–श्री शम्भुजीत बाँस्कोटा रू. १००१।– र प्रमाण-पत्र
४– केही मुक्तक (कविता)– श्री सरूभक्त रू. १००१।– र प्रमाण-पत्र

प्रशंसा पुरस्कार:—

१– हाजिर जवाफ प्रतियोगिता (प्रहसन)– श्री शिव थापा, शङ्कर थापा
श्री भोला थापा— रू. ५०१।–
र प्रमाण-पत्र

२– कस्तो घाँडो जागीर खाइएछ– श्री सुशील दीक्षित
श्री वसन्त सापकोटा
श्री केशव अर्याल रू. ५०१।–
र प्रमाण-पत्र

३– मितहरू र गाइजात्रे गफ– श्री गोविन्द सिंह रावत
श्री ओममणि शर्मा रू. ५०१।–
र प्रमाण-पत्र

व्यंग्य-चित्र प्रदर्शनतर्फ:—

१– होडबाजी– श्री श्यामलाल श्रेष्ठ रू. १००१।– र प्रमाण-पत्र

सान्त्वना पुरस्कार

१– युवा अवस्था– श्री शैलेन्द्र महर्जन– रू. ५०१।– र प्रमाण-पत्र
२– विदेशी ऋण— श्री गौतम मानन्धर रू. ५०१।– र प्रमाण-पत्र
३– विकासको बाटोमा श्री माया मानन्धर रू. ५०१।– र प्रमाण-पत्र

गाइजात्रे-विशेषांकतर्फ:—

१– भाँडभैलो (काठमाडौं) प्रथम रू. ३०००।— र प्रमाण-पत्र
२– राजमती (पाटन) द्वितीय रू. २०००।— र प्रमाण-पत्र
३– हिमालचुली (विराटनगर) तृतीय रू. १०००।— र प्रमाण-पत्र

सांस्कृतिक कार्यक्रम

१०४१, भदौ ३१ गते। आज साँझ प्रज्ञा-भवनमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले प्रथम एशियाली खेलकूद समारोहमा भाग लिन आउनुभएका

विशिष्ट अतिथि तथा खेलाडीहरूको सम्मानमा एक 'विविध सांस्कृतिक कार्यक्रम' को आयोजना गर्‍यो ।

२०४१, असोज २९ गते । चीनको स्वशासित क्षेत्र तिब्बतबाट नेपालको सद्भावना भ्रमणमा आएको बुद्धिष्ट प्रतिनिधि मण्डलको सम्मानमा आज साँझ प्रज्ञा-भवनमा एक 'सांस्कृतिक कार्यक्रम' प्रदर्शन गरियो ।

२०४१, असोज ३० गते । नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले आज साँझ प्रज्ञा-भवनमा विश्व पर्यटन संगठन दक्षिण एशिया आयोगको कार्यशाला गोष्ठीमा सम्मिलित पन्ध्रौं बैठकका सहभागीहरूको सम्मानमा एक 'सांस्कृतिक कार्यक्रम' को आयोजना गर्‍यो ।

सद्भावना भ्रमण

२०४१, असोज ८ गते । संयुक्त राज्य अमेरिकाको स्मिथ सोनियन इन्स्टिटच्यूट तथा इन्टरनेशनल भिजिटर्स प्रोग्रामको निमन्त्रणामा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका सम्माननीय कुलपति श्री लैनसिंह बाङ्देल आज त्यसतर्फ प्रस्थान गर्नुभयो । उहाँ कार्तिक २ गते आफ्नो सद्भावना भ्रमण सक्नु भई काठमाडौं फर्कनुभयो ।

भेटघाट

२०४१, असोज ४ गते । आज अपराह्न प्रज्ञा-भवनमा इटालियन लेखक तथा पत्रकार श्री यादिनसंग नेपालका लेखक तथा पत्रकारहरूको भेटघाटको कार्यक्रम सुसम्पन्न भयो । उक्त रमाइलो वातावरणमा सम्पन्न भेटघाटमा नेपाली साहित्य र इटालियन साहित्यबारे चर्चा भएको थियो ।

पुरस्कार वितरण

२०४१, असोज ९ गते । आज प्रज्ञा-भवनमा आयोजित एक समारोहमा प्रज्ञा-प्रतिष्ठानका निमित्त कुलपति, श्री माधवप्रसाद घिमिरेले यस वर्षको नाटक महोत्सव २०४१ मा पुरस्कृत कलाकार र निर्देशकलाई पुरस्कार वितरण गर्नु-भयो ।

२०४१, असोज ११ गते । नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका निमित्त कुलपति, श्री माधवप्रसाद घिमिरेले प्रज्ञा-भवनमा आयोजित एक समारोहमा गाइजात्रा-महोत्सव २०४१ को हास्यव्यंग्य कार्यक्रम, व्यंग्य-चित्र तथा गाइजात्रा विशेषांकमा पुरस्कृत कलाकार र पत्रिकाहरूलाई पुरस्कार वितरण गर्नुभयो ।

हाम्रो भनाइ

हाम्रा मनीषीहरूले राज्यको परिकल्पना गर्दा शासक र शासित बीच पिता-पुत्रको सम्बन्ध कायम रहनु पर्ने व्यवस्थालाई सर्वोपरि ठहराएका थिए जो नेपालमा अद्यावधि अचल रूपमा कायम छ । नेपाल राष्ट्रका निर्माता श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहबाट 'प्रजा मोटा भया दर्बार बलियो रहन्छ, राजाका भण्डार भन्याका रैतानहरू हुन्' जस्ता दिव्य उपदेश सहज रूपमा निःसृत हुनु र श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राज्यारोहण भएको तीन महीना पनि नपुग्दै 'जसरी मलाई मेरो देश र जनताको ममता छ, उसैगरी भोक र रोगले पीडित जनता प्रति मेरो जिम्मेवारी छ' जस्ता उदात्त वाणी दृढ सङ्कल्पका रूपमा सहज मुखरित हुनु शाहवंशीय राजाहरूको प्रजा-वात्सल्यको गौरवमय परम्पराको अटूट श्रृङ्खला हो र साथै हाम्रा मनीषीहरूले राजा र प्रजाका सम्बन्धमा निर्देशित गरेका व्यवस्थाको ज्वलन्त उदाहरण हो ।

महाकवि कालिदासले राजा दिलीपको प्रजा-वात्सल्यको वर्णन गर्दै भनेका छन्–

'प्रजानां विनयाधानाद्रक्षणाद्भरणादपि ।
स पिता पितरस्तासां केवलं जन्महेतवः ॥'

तर के गर्ने, यस्ता प्रजावत्सल राजवंशमा जन्मेका राजा अग्निवर्ण आफ्ना प्रजाको सुख-सुविधाको ख्याल राख्नु त परै जाओस् कामवासना र ऐयाश जीवनमा यसरी चुर्लुम्म डुब्न गए कि उनले आफ्ना राजाको दर्शन गर्न लालायित अधीर प्रजालाई मन्त्रीहरूले बारम्बार विनय गर्दा पनि दर्शन दिने समय निकाल्न सकेनन् । उनी कैले-काहिं केलिभवनको गवाक्षको एउटा प्वालबाट आफ्नो चरण देखाइदिन्थे–

'गौरवाद्यपि जातु मन्त्रिणां दर्शनं प्रकृतिकांक्षितं ददौ ।
तद्गवाक्षविवरावलम्बिना केवलेन चरणेन कल्पितम् ॥'

फलतः राजा अग्निवर्णले आफूलाई मात्र कामवासनामा डुबाएनन्

अपितु राजा दिलीपको गौरवमय परम्परा अर्थात् रघुकुललाई नै सदैवका लागि डुबाए।

पौराणिक आख्यानहरूमा शासक र शासितका बीच कायम रहनु पर्ने पिता-पुत्रको जस्तो शाश्वत सम्बन्ध र वैदिक अध्यात्म विद्याको तत्त्वलाई प्रतीकात्मक रूपमा अभिव्यक्त गरिएको छ। 'वामनो ह विष्णुरास' नामक लेखमा 'हिरण्यकशिपु' र 'समुद्रमन्थन' को उल्लेख भएको छ। यी दुइको प्रतीकात्मक अर्थमा मूलभूत सार तत्त्व अन्तर्निहित छ।

'हिरण्यकशिपु' (हिरण्य+कशिपु) यौगिक संस्कृत शब्द हो। संस्कृतमा 'हिरण्य' को अर्थ 'सुवर्ण' र 'कशिपु' को अर्थ 'बिछयौना' हुन्छ। यसरी 'हिरण्यकशिपु' को अर्थ 'सुनको बिछयौना' हुन्छ। 'प्रह्लाद' पनि संस्कृत शब्द हो जसको अर्थ 'अतिशय आनन्द' हुन्छ।

हाम्रा मनीषीहरूले 'राजा प्रकृति रञ्जनात्' उद्घोष गरेर आफ्ना प्रजाको रञ्जन गर्नु नै राजाको मुख्य कर्तव्य ठहराएका छन्। तर जब शासक सुनको बिछयौनामा आराम गरेर व्यक्तिगत ऐयाश जीवनका लागि सुन थुपार्न थाल्दछ तब ऊ 'हिरण्यकशिपु' को नामले सम्बोधित हुन थाल्दछ। आफ्ना सन्तान सरह रहेको प्रजाको शोषण हुन थालेपछि 'अतिशय आनन्द' (प्रह्लाद) मा बाधा पर्न जान्छ। हिरण्यकशिपुका विरुद्ध प्रह्लादको विरोध यै प्रतीकको रूपमा प्रस्तुत गरिएको हो। हिरण्यकशिपुलाई मारिसकेपछि पनि नरसिंहको क्रोध शान्त हुन्न। इन्द्रादि देवताहरू पनि आफ्नो स्तुतिद्वारा नरसिंहको क्रोध शान्त गराउन असमर्थ हुन्छन्। सर्वत्र हाहाकार मच्चिन्छ। यो अंश पनि प्रतीकात्मक रूपमा प्रयोग भएको छ। स्तुति गर्ने इन्द्रादि देवताहरूका साथ जनप्रतिनिधि अर्थात् प्रह्लाद संलग्न देखिन्नन्। यसै कारण नरसिंहको क्रोध शान्त हुन्न। तर जब प्रह्लाद स्तुति गर्दछन् तब नरसिंहको क्रोध शान्त हुन्छ। यसरी पौराणिक आख्यानहरूले ऐतिहासिक इतिवृत्तका आधारमा प्रतीकात्मक अर्थलाई पनि औंल्याएका छन्।

समुद्र-मन्थन गर्दा सर्वप्रथम हलाहल विष निस्क्यो र आफ्नो रापले सारा विश्वलाई नै दग्ध पार्न थाल्यो। सबैको प्रार्थनामा आशुतोष शिवले सो हलाहल विष पान गरेर आफ्नो कण्ठमा राखे र त्यस बेलादेखि 'नीलकण्ठ' को नामले सम्बोधित हुन थाले। अब प्रश्न उठ्छ अरू देवताहरूको त कुरा नै छाडौं ब्रह्मा र विष्णुले पनि सो हलाहल विष-पान गर्ने आँट गर्न सकेनन्। शिवले पनि उक्त हलाहल विषलाई कण्ठमा नै राखे, कण्ठभन्दा तल जान दिएनन्। यी प्रतीकहरूको आशय बुझ्न वैदिक अध्यात्म-विद्या तथा योग-विद्याको तत्त्व जान्नु परमावश्यक छ।

'निघण्टु'मा जलको पर्यायवाची नाम एक सै एक मानिएको छ— "उदक नामानि एक शतम्।" एक सै एक नाममा 'विष' र 'अमृत' पनि जलका पर्यायवाची मानिएका छन्। संस्कृतका शब्दकोषहरूमा 'विष' र 'अमृत' जलका पर्यायवाची अर्थमा नै प्रयोग भएका छन्। 'वीर्य' अथवा 'रेत' जलको नै रूप हो र रेत नै कामको अधिष्ठान हो। रेतबाट जो शक्ति बन्दछ त्यसको दुइ रूप हुन्छ—

दैवी र आसुरी अथवा अमृत र विष। कामवासनाको वशमा परेपछि रेतको शक्तिले आसुरी या विष- रूप ग्रहण गर्दछ। तर आत्मसंयमद्वारा कामवासनालाई आफ्नो अधीनमा पारेपछि रेतको शक्तिले दैवी या अमृत-रूप ग्रहण गर्दछ । विष र अमृत दुवैको जन्मदाता एउटै समुद्र हो। विषका संसर्गमा परेपछि अमृत पनि विष हुन्छ। शिवजी स्थितप्रज्ञ र योगीश्वर भएकाले उनीदेखि बाहेक अरू कसैमा पनि विषपान गर्न सक्ने सामर्थ्य नै थिएन। शक्तिको विपाक्त रूप पचाउन सक्ने सामर्थ्य शिवमा मात्र थियो। कारण, शिवले मात्र पाँचै चक्र भेदन गरेर क्रमश: आठौं चक्रमा स्थिर रहेर ज्योति रूप धारण गरिसकेका थिए। पार्वतीले वटुरूप शिवजीलाई ब्रह्मचर्यको प्रज्वलित तेजको रूपमा नै देखेकी थिइन्–

"अथाजिनाषाढधरः प्रगल्भवाग्ज्वलन्निव ब्रह्ममयेन तेजसा ।
विवेश कश्चिज्जटिलस्तपोवनं शरीरबद्धः प्रथमाश्रमो यथा ॥"

मेरुदण्ड अथवा रीढको हड्डी तेत्तीस अस्थिपर्व (हड्डीको जोड) ले बनेको छ। प्रत्येक पर्व (जोड)मा एक–एक देवताको निवास मानिएको छ। यै तेत्तीस पर्वका आधारमा तेत्तीस कोटि देवताहरूको गणना गरिएको हो । मेरुदण्डको विस्तार मूलाधार चक्रदेखि मस्तिष्कको अधोभागसम्म मानिन्छ। यस मेरुदण्डको पाँच भाग पंचभूतको स्थूल शरीरसित सम्बन्धित भएकोले दृष्टिगोचर हुन्छन् जो यस प्रकार छन्–

१– मूलाधार चक्रमा चार पर्व हुन्छन्। यस प्रदेशमा पृथ्वीतत्त्व प्रधान छ र यसबाट गुदा-भागको नियंत्रण हुन्छ।

२– स्वाधिष्ठान चक्रमा पाँच पर्व हुन्छन्। यस चक्रमा जलतत्त्वको प्रधानता छ। यसबाट उपस्थ-भाग (लिंग या योनि) को नियंत्रण हुन्छ । काम–वासनाको सर्वाधिक सम्बन्ध यै चक्र-प्रदेशसंग हुन्छ। यसबाट जन्म लिने विलासका वृत्तिहरू-लाई जलतत्त्वबाट प्रसूत हुनाको कारणले नै 'अप्सरा' भनेको हो– "अद्भ्यः सरन्तीति अप्सरसः।"

३– मणिपूर चक्रमा पाँच पर्व हुन्छन्। यसमा तेजतत्त्वको प्राधान्य हुन्छ । यसबाट जठराग्निको नियंत्रण हुन्छ।

४– अनाहत चक्रमा बाह्र पर्व हुन्छन्। यसमा वायुतत्त्वको प्रधानता हुन्छ । यसबाट हृत्प्रदेशको नियमन हुन्छ।

५– विशुद्धि चक्रमा सात पर्व हुन्छन्। यसमा आकाशतत्त्वको प्रधानता हुन्छ र यसबाट कण्ठ प्रदेशको नियंत्रण हुन्छ।

यसरी पाँच चक्रसम्म तेत्तीस पर्व पूरा हुन्छन् र यहाँ पुगेपछि पंचभूत (पृथ्वी, जल, तेज, वायु र आकाश) को भौतिक शक्ति समाप्त हुन्छ । यीभन्दा माथि छैठौं, सातौं र आठौं चक्र अभौतिक शक्तिद्वारा संचालित हुन्छन् । छैठौं 'आज्ञाचक्र' कहलाउँछ जो भ्रूमध्यमा हुन्छ। योभन्दा माथि 'सहस्रार चक्र' हुन्छ। 'आज्ञाचक्र' र 'सहस्रार चक्र' का बीच अथर्ववेदमा आठौं चक्रको गणना गरिएको छ–

"अष्टचक्रा नव द्वारा देवानां पुर ऽ योध्या ।
अस्यां हिरण्मय: कोष: स्वर्गो ज्योतिषावृत: "

जसले योग-साधनाद्वारा मूलाधार चक्रदेखि विशुद्धि चक्रसम्म आफ्नो अधिकार कायम गरेको हुन्छ कामवासनाले त्यस योगीलाई बाधा दिन सक्दैन। भौतिक देहधारी कामको पहुँच पाँच चक्रसम्म मात्र हुन्छ; त्यसभन्दा माथि पंचभूतहरूको पर्यवसानका साथै काम पनि 'अनंग' हुन जान्छ । देवताहरूमा शिवजी मात्र 'योगीश्वर'को नामबाट सम्बोधित भएका छन्। उनले मात्र पाँच चक्रहरू भेदन गरी सहस्रार चक्र अर्थात् कैलाशमा आफ्नो स्थायी निवासस्थान बनाएका छन्। यसै कारण शिव मात्र हलाहल विष-पान गर्न समर्थ भएका हुन्।

शिवजीले विषलाई कण्ठ अथवा पाँचौं चक्रमा राख्नाको आशय यो हो कि योगी पाँचौं चक्रमा पुग्न समर्थ भएपछि मात्र पंचभूतको शक्तिबाट निर्भय र निरामय हुन्छ। यदि विष कण्ठभन्दा तल झर्न गएमा अर्थात् योग-साधना 'विशुद्धि चक्र' भन्दा तल झर्न गएमा विषले आफ्नो प्रभाव पार्न हुनाले शिवले विषलाई कण्ठप्रदेशमा नै राखेका हुन्। यसरी पौराणिक आख्यानहरूले प्रतीकात्मक शैलीमा वैदिक अध्यात्म विद्या तथा योग-शास्त्रका गूढ रहस्यहरू पनि उद्घाटित गरेका छन्। अस्तु।

'प्रज्ञा'का नियम

१. 'प्रज्ञा' प्रज्ञा-प्रतिष्ठानको मुखपत्रको रूपमा प्रत्येक तेस्रो महीनामा निस्कन्छ ।

२. यस पत्रिकामा निम्नलिखित विषय र प्रकारका रचनाहरू रहनेछन्—

(क) नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका गतिविधि र तिनका उपलब्धि-सम्बन्धी लेख ।

(ख) नेपाली भाषा, साहित्य, कला, संस्कृति र ज्ञान-विज्ञानसम्बन्धी अनुसन्धानात्मक तथा सृजनात्मक लेख ।

३. 'प्रज्ञा'मा प्रकाशनार्थ पठाइने रचना कागतको एकातिर मात्र लेखिएको वा टाइप गरिएको हुनुपर्छ ।

४. अस्वीकृत रचना फिर्ता पठाइनेछैन ।

५. अन्यत्र कतै प्रकाशित वा प्रकाशनार्थ पठाइएका रचना 'प्रज्ञा'को निम्ति स्वीकार्य हुनेछैन ।

६. 'प्रज्ञा'मा प्रकाशित हुने रचनाको निमित्त पारिश्रमिकको व्यवस्था पनि छ ।

७. पहिलो पटक रचनाका साथ आफ्नो संक्षिप्त परिचय पठाउनुपर्छ ।

८. अनूदित रचना पठाउँदा मूल-लेखकको संक्षिप्त परिचय पनि पठाउनु वाञ्छनीय छ ।

मुद्रक–प्रज्ञा-मुद्रण, ने. रा. प्र. प्र. कमलादी, काठमाडौं । फोन नं. ११२८३